CC-0. Digitized by eGangotri and MIDF- Delhi

# परमानन्दचरितामृतम्



नवराज पाण्डेय 'चातक'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# परमानन्दचरितामृतम्

लेखक
नवराज पाण्डेय 'चातक'

प्रकाशक
**हरिहर सन्न्यास आश्रम**
देवघाटधाम, तनहूँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**परमानन्दचरितामृतम्**

विधा : काव्य

लेखक : नवराज पाण्डेय 'चातक'

प्रकाशक : हरिहर सन्न्यास आश्रम
देवघाटधाम, तनहूँ

सर्वाधिकार : लेखकमा

प्रकाशनतिथि : २०६८ मार्गशुक्ल अष्टमी

ISBN : 978-9937-2-4089-5

आवरण/सेटिङ् : भिभिड क्रिएसन, ९८५११३६६८६
अद्वैतमार्ग, बागबजार-३१, काठमाडौं

मुद्रण : सोपान प्रेस प्रा.लि.
डिल्लीबजार, काठमाडौं

सहयोग रु. : २००।-

**PARAMANANDACHARITAMRITAM**
A short epic by
NAVARAJ PANDEY 'CHATAK'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**सिद्धिनाथ पाण्डेय**

वि.सं. १९९०–२०६४

जन्मना विद्यया येन वंशयोरधिकारता ।
प्रदत्ता निर्व्यलीकेन तत्पदं नौम्यहर्निशम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# सम्मतिका शब्दहरू

तीर्थीकुर्वन्ति तीर्थानि स्वान्तःस्थेन गदाभृता ।
सन्त महापुरुषहरूले मलिन संस्कार भएका व्यक्तिहरूलाई पवित्र गर्नु स्वाभाविकै हो परन्तु जसले आफ्नो अन्तःकरणमा परमात्मालाई अनुभूतिको विषय बनाएको छ ती विमलात्मा पुण्यात्मा महापुरुषहरूले तीर्थलाई पनि तीर्थ बनाएका हुन्छन् । त्यस्ता अमलकीर्ति विमलात्माको चरित्रले लेखक, प्रकाशक एवं पाठकको अन्तःकरण शुद्ध हुन्छ ।

ती महापुरुषमध्ये परमश्रद्धेय ब्रह्मलीन गुरु स्वामी परमानन्द सरस्वती महाराज हुनुहुन्थ्यो ।

त्यस्ता तपोधन यतिवर श्रीपरमानन्दगुरुका जीवनचरित्रलाई विषय बनाएर धेरै विद्वान् कविहरूबाट जीवनी, कविता, काव्यहरू प्रकाशित गरिएका छन् । सबैमा आआफ्ना विशेषता छन् ।

सम्प्रति नेपाल संस्कृत विश्वविद्यालय रुरु संस्कृत विद्यापीठका प्राचार्य सहप्राध्यापक श्री नवराज पाण्डेय 'चातक' बाट परमानन्द गुरुका जीवनका महत्त्वपूर्ण चरित्रलाई हृदयङ्गम गरी विद्वत्समाजमा प्रचारार्थ संस्कृतमा काव्यात्मकरूपमा रचिएको **परमानन्दचरितामृतम्** हेर्दा मलाई अत्यन्तै गौरवानुभूति भयो । विभिन्न विद्वान्हरूद्वारा अवलोकन गरी यस काव्यको सम्बन्धमा प्रकट गरिएका भावनाहरू सराहनीय छन् ।

यस काव्यले एकजना महान् सन्तका चरित्रलाई प्रकाशमा ल्याउने प्रयास गरेको छ । यस काव्यले पूर्ण सफलता पाओस् र कविको लेखनी अझ प्रौढ ग्रन्थरचना गर्न निरन्तररूपमा लागिरहोस् यही शुभकामनाका साथ यस ग्रन्थलाई हरिहर आश्रम देवघाटको तर्फबाट प्रकाशन गर्नका लागि सहर्ष सम्मति प्रदान गर्दछु ।

श्री १००८ स्वामी ज्ञानानन्द सरस्वती
पीठाधीश
हरिहर सन्न्यास आश्रम
देवघाटधाम, तनहूँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# योग्य शिष्यको अमर गुरुदक्षिणा

जीवको परमध्येय परमात्मप्राप्ति हो, यो संसार सङ्कल्पको नै विस्तार हो । प्रत्येक प्राणीको इच्छारूपमा यो सङ्कल्प विद्यमान छ । यही इच्छाले आफ्नो आधार मनलाई कर्ममा प्रेरणा गर्दछ । शुभ इच्छाले शुभ कर्ममा, अशुभ इच्छाले अशुभ कर्ममा मनलाई पुऱ्याउँछ ।

इच्छाले नै मनलाई चञ्चल बनाउँछ । प्रत्येक मनुष्य सुख चाहन्छ, दुःखको सम्झना पनि उसलाई अभीष्ट छैन । यही स्वाभाविक प्रवृत्तिको आधारमा शास्त्रकारहरूले निश्चय गरे कि जीवको परम उद्देश्य सुखको प्राप्ति र दुःखको निवृत्ति हो ।

अनेकौं जन्मको पुण्यका प्रभावले ब्रह्मज्ञानीको रूपमा हाम्रा सामु गुरुदेवको अवतरण भयो । अनेकौं साधनाकेन्द्र एवं गुरुकुल स्थापना गरी पूर्वीय दर्शनको प्रचारप्रसार गर्दै जीवनलीला समाप्त गर्नुभयो । उहाँको जीवनलीला संस्कृत पद्यमा रचना गरी जनसमूहमा पुऱ्याउने प्रयास गर्नु महान् कार्य ठान्दछु किनकि महापुरुषको इतिहासले सबैलाई पवित्र गर्दछ र महान् बनाउँछ । भवरोगबाट छुटकारा पाइन्छ । महापुरुषको इतिहासले राष्ट्र, जाति, व्यक्ति, स्वरूपलाई भूली पथभ्रष्ट भएकालाई पनि मार्गदर्शन गराउँछ र खतराबाट सावधान गर्दछ । भूत र वर्तमानकाललाई एक गराई भविष्यका लागि मार्ग निश्चित गर्न सहायता गर्दछ । त्यसैले महापुरुषको जीवनवृत्तमा आधारित कृति रचना गर्नु सबैभन्दा महान् कार्य हो । अन्त्यमा यही गुरुकुलबाट उत्पादित पं. नवराज पाण्डेयले ब्रह्मलीन गुरुमहाराजको जीवनलीलामा आधारित संस्कृत पद्य र नेपाली व्याख्यासमेतको **परमानन्दचरितामृतम्** कृतिको रचना गर्नुभएकोमा उहाँ धन्यवादका पात्र हुनुहुन्छ । उहाँलाई यस्तै अन्य ग्रन्थ रचना गर्ने शक्ति मिलोस् यही शुभकामना व्यक्त गर्दछु ।

**स्वामी विवेकानन्द सरस्वती**
श्री दुर्गा वैदिक परमानन्द सन्न्यास आश्रम
शङ्करनगर-५, रुपन्देही

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# परमानन्दचरितामृतम्मा रमाउँदा

हिमवद्देश नेपालमा अवस्थित लुम्बिनी अञ्चलको विश्ववाङ्मय क्षेत्रमा नै अग्रणी भूमिका छ। विश्वको आदिभाषा संस्कृतको पहिलो काव्य रामायणको रचना गर्ने महर्षि वाल्मीकि यसै क्षेत्रका थिए। यिनले यसै अञ्चलको नवलपरासीस्थित त्रिवेणीधाममा आदिकाव्यको रचना गरे।

यसैगरी शालातुर ग्राम लाहोरबाट शास्त्रार्थका लागि पाटलिपुत्र पटनामा आएका पाणिनिले आफू त्यहाँ पराजित भएपछि यसै अञ्चलको नर्तनाचल शृङ्खलामा अवस्थित तुदीको शिखरमा तपस्या गरी भगवान् शङ्करलाई प्रसन्न गराएर संस्कृत वाङ्मयको सर्वोत्तम व्याकरणग्रन्थ अष्टाध्यायी सूत्रको रचना गरे। त्यो ठाउँ अहिले पाणिनीय हुँदै लोक बोलीमा पणेना भएको छ। कपिलवस्तुको बाणगङ्गा जसलाई वैदिक वाङ्मयमा भागीरथी पनि मानिएको छ यहीँ बसेर कपिल ऋषिले साङ्ख्य दर्शनको रचना गरे। कपिलवस्तुका राजकुमार सिद्धार्थले बुद्धत्व पद प्राप्तिपश्चात् यसै साङ्ख्य दर्शनलाई पृष्ठभूमि बनाएर बौद्ध दर्शनको उपदेश गरे। यी भए युगान्तर र शताब्दियौँ अघिका कुरा।

यसै शताब्दीमा पनि लुम्बिनी अञ्चलमा संस्कृत वाङ्मयमा गन्यमान्य विद्वान् भए। सर्वश्री महाभागवत पं. जगन्नाथ अर्याल, विद्वद्वर रश्मिराज अर्याल, उमानाथ पन्थी, महापण्डित दधिराम मरासिनी, पं. घनश्याम पौडेल, पं. धनञ्जय मरासिनी, पं. मीनप्रसाद नेपाल, पं. भीमकान्त पन्थी, पं. माधवप्रसाद देवकोटा, पं. देवराज अर्याल, पं. सिद्धिनाथ पाण्डेय, डा. टीकाराम पन्थीजस्ता राष्ट्रियस्तरका विद्वान्ले यस क्षेत्रलाई अलङ्कृत गरे।

जहाँसम्म संस्कृत साहित्यलेखनको प्रसङ्ग छ यस अञ्चलको नाम कम महत्त्वको छैन। उमानाथ पन्थगीको 'गण्डकीगौरवम्', माधवप्रसाद देवकोटाको 'भारतीवैभवम्', रामेश्वर अर्यालको 'श्रीसत्यनारायणकथामृतम्', पं. भीमनाथ पन्थीको 'जगदम्बिकावैभवम् र 'जगदीश्वरवैभवम्' (महाकाव्यद्वय),

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डा. टीकाराम पन्थीका 'रुरुवृत्तम्', 'सुधर्मा', 'नेनेपाल', डा. विष्णुराज आत्रेयको 'व्यथाविद्या', 'धन्यो हिमवद्देशः', 'हनूमदुदयम्' (महाकाव्य), डा. वेणीमाधव ढकालको 'पृथूदयम्' आदि यस अञ्चलका चर्चित संस्कृत काव्यकृति हुन् । यीबाहेक पनि अनेक फुटकर रचनाहरू संस्कृत भाषामा रचना गर्ने कविहरू छन् जसले यस क्षेत्रको वाङ्मयगौरवलाई समृद्ध पारेका छन् ।

यसै सन्दर्भमा यस अञ्चलको अर्घाखाँची जिल्लाको सुवर्णखाल निवासी नेपाल संस्कृत विश्वविद्यालयका सहप्राध्यापक नव्यव्याकरणाचार्य कवि नवराज पाण्डेयले हालै रचना गर्नुभएको **परमानन्दचरितामृतम्** आठ सोपानमा विभाजित संस्कृतकाव्य मेरो साथमा छ र म यसै काव्यबारे आफ्ना दुई शब्द लेखिरहेको छु ।

यस **परमानन्दचरितामृतम्** काव्यले अर्घाखाँचीका संस्कृत कविहरूको श्रेणीमा नवराजजीलाई उभ्याएको छ । वय र समयले उहाँको कृति कान्छो भए पनि यस कृतिको आफ्नो विशेषता छ । नेपाली व्यक्तित्व र चरित्रबारे लेखिएका संस्कृत काव्यहरूमध्ये यो काव्य लुम्बिनी अञ्चलको पहिलो हो । यस काव्यलाई नेपालमै पनि औँलामा गनिनेमध्ये पर्न आउने कृति ठानेको छु ।

ब्रह्मलीन श्री १००८ परमहंस परमानन्द स्वामीजी नेपालका प्रसिद्ध सन्तहरूका मध्येमा स्मरणीय तथा समादरणीय हुनुहुन्छ । खप्तडबाबा, वेनुबाबा, स्वर्गद्वारी महाप्रभुजस्ता तपस्वी साधक सन्तका पङ्क्तिमा उहाँको गणना हुन्छ ।

उहाँको जन्म १९९४ साल आश्विन १८ गते रविबार औँसीका दिन बाग्लुङ जिल्लाको बिहूँ पौवाडाँडामा भएको थियो । उहाँका पिताको नाम टीकाराम र माताको नाम खगीश्वरा थियो । यो कुरा स्वयं कविले आफ्नो काव्यमा यसरी वर्णन गर्नुभएको छ –

**वेदसङ्ख्यानवैकेऽब्दे रवावाश्विनदर्शके ।**
**अष्ट्यदशदिने याते पवित्रे धवलागिरौ ।१।१५**
**बाग्लुङजनपदान्तस्थे बिहूँग्रामेऽतिसुन्दरे ।**
**पौवाडाँडाभिधे स्थानेऽवततार यतीश्वरः ।१।१६**
**भारद्वाजान्वये टीकारामनाम्ना पिताऽऽगमत् ।**
**खगीश्वराऽदितेः रूपा कौ माता चाधुनाऽऽगता ।१।१३**

बालक परमानन्दको स्वभाव शिशु अवस्थादेखि नै अलौकिक थियो । हुने बिरुवाको चिल्लो पात भनेझैँ उहाँमा बालक हुँदादेखि नै लोकोत्तर लक्षण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिए। यसको विस्तृत विवरण काव्यकारले सरल र मनोज्ञ संस्कृत श्लोकमा दिनुभएको छ। त्यसको एउटा उदाहरण–

**करम्बुजैर्यश्चरणाम्बुजं मुदा**
**मुखाम्बुजेन स्वदते सुधेप्सया।**
**योगेश्वरं कृष्णमिवाम्बराद् विधि–**
**र्निरीक्षते योगपथानुगं शिशुम्। १।३०**

बालक परमानन्दका अलौकिक बाललीलाको वर्णन गर्दा कवि नवराज पाण्डेयले एकपल्ट उहाँले साक्षात् शङ्करको दर्शन पाएको पनि उल्लेख गर्नुभएको छ।

एकदिन जंगलमा उहाँको एकजना तपस्वीसँग भेट हुन्छ र उनकै सान्निध्यमा बस्न चाहनुहुन्छ तर तपस्वीले मातापितासँग आज्ञा लिएर आउन सल्लाह दिएअनुसार उहाँ मातापिताको सल्लाह लिएर आई ती तपस्वीको सान्निध्यमा सनातन वैदिक मर्यादामा रही गुरुसेवा गर्नुहुन्छ। यसको वर्णन पनि कविले बडो मनोरम ढङ्गले काव्यमा गर्नुभएको छ। युवा परमानन्द त्यहाँबाट पनि हिंड्नुभयो र स्थानीय तिञ्चुले, सोलीघोप्टे, हिले, थाप्ले नामक ठाउँमा गएर तपस्या साधनामा लीन हुनुभयो।

कविले यस काव्यमा खालि आफ्ना नायक परमानन्दको मात्र होइन उहाँका माध्यमले स्थानीय स्थलहरूको पनि नामोल्लेख गरिदिएर तिनको सर्वत्र प्रचार गरिदिनुभएको छ आफ्ना काव्यका माध्यमले। यो कविको गुन लाउने विशेषता हो, यो साह्रै स्तुत्य छ। जस्तै–

**कदाचित् तिञ्चूलेगिरिषु जलवस्त्रान्नरहित–**
**स्तथा सोलीघोप्टेशिखरकुहरे ध्याननिरतः।**
**हिलेथाप्लेशैले बहुसमयपर्यन्तमतपत्**
**न जाने तत्सर्वं सुकृतचरितं गूढतपसः। ३। ३५**

परमानन्द स्वामी हिंस्रक बाघ भालुको साथमा बसेर पनि निर्भय तपस्यामा लीन हुनुहुन्थ्यो। उहाँलाई नरभक्षी जनावरहरूले पनि केही गर्दैनथे। बाघ सिंह आदि पनि उहाँका सामु आएर चारैतिर सुँघेर मात्र जान्थे। **विशेषेण आसमन्तात्** जिघ्रतीति यस व्युत्पत्तिबाट निष्पन्न व्याघ्र शब्दको सार्थकता पनि यही नै हो। योगी तपस्वीहरूले आफ्नो तपोयोगद्वारा परोपकार र अहिंसाभावको उद्दीपन गरे भने हिंस्रक जन्तुले पनि मैत्रीभाव राख्दछन् भन्ने कुरा सार्थक भएको थियो युवा तपस्वी परमानन्दमा।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**अहिंसाप्रतिष्ठायां तत्सन्निधौ वैरत्यागः ।** (योगसूत्र) यस तथ्यलाई कविको लेखनीले यसरी व्यक्त गरिदिएको छ। जस्तै –

**सिंहव्याघ्राः समाघ्राय परिक्रम्याव्रजन् सदा ।**
**न भयं वनजन्तुभ्योऽमित्रीयत् सचराचरम् ।४ । १२**

युवा योगी परमानन्दसँग यसबीच एकजना सिद्धिनाथ नाम गरेका विद्वान् ब्राह्मणको भेट हुन्छ, उनले आफ्नो परिचय दिन्छन्। कविको गृहग्राम र ती विद्वान्को घर एउटै थियो । यस अवसरमा विद्वान् सिद्धिनाथले दिएको जन्मस्थलको परिचय कविले आफ्नै गृहग्रामको परिचय दिएको जस्तो प्रमाणित हुन्छ। कस्तो काकताली परेछ यहाँ–

**कलत्रसुतयुक्तोऽस्मि बाणगङ्गातटयन्तिके**
**श्रीमहाभारतोत्सङ्गे दक्षिणे नर्तनाचलात् ।४।५३**
**श्रीपाणिनितपःस्थल्याः पश्चिमे सोमतीर्थतः ।**
**पूर्वभागे सुपादेव्या आरादतिमनोरमे ।४।५४**
**ग्रामे सुवर्णखालाख्ये धनाढ्यपरिषेविते ।**
**मदीयं सदनं साधो ! देवीमन्दिरसन्निधौ ।४।५५**

हे साधु शिरोमणि ! म गृहस्थ हुँ । मेरो घर बाणगङ्गा नदीको तट महाभारत पर्वतशृङ्खलाको काख नर्तनाचल पर्वतको दक्षिण पाखोमा, पाणिनि मुनिको तपःस्थल पणेनाभन्दा पश्चिम, सोमतीर्थबाट पूर्वपट्टि, सुपा देउरालीको नजिक, अतिसुन्दर धनीहरूको बस्ती सुवर्णखाल नामक गाउँमा देवीको मन्दिर नजिक हो । तत्पश्चात् ती विद्वान् योगीको साथमा रही ब्रह्मविद्याको साधना र प्रचारमा
लाग्नुभयो।

यज्ञयाग विद्याप्रचार आदि गरेर लोकोपकारमा जीवनयापन गर्दै रहेका परमानन्दजीले महामण्डलेश्वर सत्यप्रकाशानन्दबाट सन्न्यास दीक्षा लिनुहुन्छ र गलेश्वर मठाधीश पदमा अभिषिक्त हुनुहुन्छ।

तपस्वी परमानन्दजीले देवघाटमा हरिहर आश्रमको निर्माण गरी त्यसलाई केन्द्रको रूपमा राखेर अन्य विविध स्थानमा धेरै मन्दिर आश्रम र गुरुकुल विद्यालय स्थापना गरी सञ्चालन गर्नुहुन्छ । अन्त्यमा पाशुपतक्षेत्रमा आएर उहाँले शिवसायुज्य प्राप्त गर्नुहुन्छ । मूलतः काव्यको कथावस्तु यही हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शैलीका दृष्टिले यस काव्यमा पौराणिक सरल शैली अँगालिएको छ। अरु काव्यमा जस्तो विभिन्न वर्णनाडम्बर यसमा छैन। स्वामीजीको जीवनीको बोध गर्न अत्यन्त सजिलो भएको छ पाठकहरूका लागि यो काव्य।

छन्दका दृष्टिले यसमा मूलतः अनुष्टुप् छन्दलाई प्राथमिकता दिए तापनि ठाउँठाउँमा शिखरिणी, शार्दूलविक्रीडित, उपजाति, इन्द्रवंशा, वसन्ततिलका, स्रग्धरा, वंशस्थ तथा कुनै स्थलमा औपनिषदिक छन्दको समेत मनोरम प्रयोग भएकाले काव्य पढ्दा पाठकलाई भरपूर मनोरञ्जन प्राप्त हुन्छ। छन्दोवैविध्यले सिँगारिएको यो काव्य यसका पाठकलाई आनन्दवैचित्र्य प्रदान गर्न समर्थ हुने मैले ठम्याएको छु। ठाउँठाउँमा सूक्तिको प्रयोगले पनि काव्यलाई अत्यन्त रमाइलो पारेको छ। जस्तै –

१. **पूर्वतः स्निग्धपत्राणि विटपस्य सुभाविनः।**
२. **परमात्मा सतामिच्छां पूरयत्येव निश्चितम्।**
३. **तृष्णाग्नौ विषयान् हुत्वा घृतेनेव न शाम्यति।**
४. **ज्ञानान्मुक्तिर्न संशयः।**
५. **वैदिकाचारहीनस्तु यात्यधोगतिमांहसीम्।**

अलङ्कारप्रयोगका दृष्टिले पनि यो काव्य रमणीय बनेको छ। ठाउँठाउँमा यसमा उपमा, रूपक आदि अलङ्कारहरूको प्रयोगले काव्यको सौष्ठव वृद्धि भएको छ।

काव्यसाहित्यको रसास्वादनमा केन्द्रित भएर मैले यस काव्यको अध्ययन गरें। त्यसैले यसको आलोचना गर्ने मेरो चेष्टा रहेन। कविको पहिलो मौलिक कृति भएकाले यसमा समालोचकीय कराँती चलाउन मैले उचित ठानिन। यस काव्यमा शान्त रस छ। अध्यात्मको लेउन लागेको छ। श्रद्धा र भक्तिले ओतप्रोत छ। एउटा महान् आध्यात्मिक परोपकारी राष्ट्रिय चरित्रको परिचय दिने उद्देश्यले रचना गरिएको यो काव्य आफैँमा एउटा महत्त्वपूर्ण कृति हुन पुगेको छ।

सुख र आनन्द तत्त्वको तुलना गर्दा सुख भौतिक हो, स्वल्प हो। यसमा दुःख मिसिएको छ। आनन्द आध्यात्मिक हो, विशाल हो निर्विकार हो। चर्मचक्षुद्वारा देखिने, ग्रहण गरिने भौतिक चर्मेन्द्रियका सुख वा आनन्द चर्मानन्द हुन्। चरमानन्द होइनन्, परमानन्द होइनन्। चरमानन्द त परमानन्द हुन्छ, ब्रह्मानन्द हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस काव्यका चरितनायक स्वामी परमानन्दको परोपकार, तपस्या, उदारता आदि गुणले भरिपूर्ण जीवन आध्यात्मिक जीवन बाँच्न चाहनेका लागि उदाहरणीय थियो । यसैका लागि उहाँ आजीवन समर्पित हुनुभयो । ब्रह्मानन्द प्राप्तिका लागि माध्यम बन्नुभयो परमानन्द स्वामी। साधना भए उहाँका उपदेश अर्थात् ज्ञानामृत । पवित्र हरिहराश्रम यसको पीठ भयो । परमानन्द वा ब्रह्मानन्दप्राप्तिको प्रमुख साधन हो ज्ञान । ज्ञानानन्द नै परमानन्दसहोदर हो, परमानन्दप्राप्तिको परम सोपान हो। **ऋते ज्ञानान्न मुक्तिः** त्यसै हुनाले परमानन्द पीठ हरिहर क्षेत्रका उत्तराधिकारी पीठाधीश्वर सौभाग्यले श्री १००८ स्वामी ज्ञानानन्दजी नै हुनुहुन्छ र यस काव्यले स्वामी परमानन्दजीदेखि स्वामी ज्ञानानन्दजीसम्मका क्रियाकलापको काव्यात्मक प्रस्तुति दिएको छ।

**प्रवर्तितो दीप इव प्रदीपात्**। पहिलो बत्तीले सल्काइएको अर्को बत्तीमा उस्तै प्रकाश र प्रभाव हुन्छ । ज्ञानानन्द स्वामीजीमा पनि परमानन्दजीकै गुणगरिमा भएको लाग्छ मलाई। वैदिक सनातन धर्म र संस्कृतमा परधर्मीको वक्रदृष्टि रहेको र संस्कृत पठनपाठन र लेखनमा अवरोध आएको यस विकराल युगमा पनि संस्कृत काव्य लेख्ने कवि नवराज पाण्डेय साधुवादका पात्र हुनुहुन्छ नै साथै उहाँको खण्डकाव्य कृति **परमानन्दचरितामृतम्** लाई प्रकाशन गरिदिन स्वामी परमानन्दका पावन जीवनचरित्रलाई विश्वव्यापी बनाउने कार्यमा योगदान गर्ने हरिहराश्रम पीठाधीश्वर श्री १००८ स्वामी ज्ञानानन्दजीप्रति पनि संस्कृत समाज कृतज्ञ रहनेछ। गर्नेभन्दा गराउने ठूलो हुन्छ।

कार्यान्तरमा व्यस्त रहँदा रहँदै पनि कवि नवराजजीको नवीनतम कृतिमा यी दुई शब्द लेखिदिने अनुमति मैले टार्न सकिनँ । परमानन्द स्वामीजीको सान्निध्यमा रहेको कारणले उहाँको चरितकाव्यमा दुई शब्द लेख्नु र लेख्न पाउनुलाई मैले आफ्नो कर्तव्य नै ठानें।

अन्त्यमा कवि नवराजको नवनवोन्मेषशालिनी प्रतिभा दिनानुदिन फक्रिँदै फैलिँदै जाओस्, आगामी दिनहरूमा अझै नवीनतम उद्भावनाका कोसेलीहरू लिएर उहाँ आफ्ना कृतिहरूमा उदाएको देख्न पाइयोस् । यिनै हार्दिक शुभकामना र साधुवादका साथ लेखनीलाई अहिले विश्राम दिन्छु। सबैको जय होस्।

सूर्यषष्ठी २०६८
१०४ अरनिको मार्ग
बत्तीसपुतली, काठमाडौँ

**डा. विष्णुराज आत्रेय**
प्राध्यापक
नेपाल संस्कृत विश्वविद्यालय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ हृषीकेशो विजयते

# परमानन्दको तृप्ति र सुवास फैलाउने कृति परमानन्दचरितामृतम्

श्री १००८ ब्रह्मलीन स्वामी परमानन्द सरस्वतीजी महाराज परमानन्दका पर्याय नै हुनुहुन्थ्यो । उहाँको बालचरित विलक्षण थियो भने गृहत्याग विलक्षणतम । शिशु परमानन्दलाई तपस्याका निमित्त वन जान आज्ञा दिने मातापिताको अनासक्ति झन् विलक्षण र स्पृहणीय लाग्दछ । आफ्नो तपोजनित शास्त्रावगम र सिद्धिबाट उहाँले राष्ट्रमा सनातन धर्म र संस्कृतिको सौरभ फैलाउने विद्यालय एवं आश्रमरूप उद्यान खडा गरी नेपाल आमाको सोह्र शृङ्गार गर्नुभयो । यस्ता ब्रह्मज्ञानी र अमानी महापुरुषको चरितामृत पान गर्दा हृदयमा आनन्द सृष्टि हुन्छ र त्यहाँ नअटाएको आनन्द नयनयुगलबाट हर्षाश्रुका रूपमा प्रवाहित हुन्छ । दिव्य चरित्रका धनी स्वामी परमानन्द सरस्वतीजी महाराज सधैं अभिनन्दनीय र वन्दनीय हुनुहुन्छ ।

काव्यनायक स्वामी परमानन्द सरस्वतीजी महाराजले त्याग, तपस्या, सिद्धि, विद्यालय एवं आश्रमपरम्पराको माध्यमबाट राष्ट्र, धर्म र संस्कृतिका निमित्त गर्नुभएको योगदान महनीय र चिरस्मरणीय छ ।

स्वामीजीको प्रेरणादायक जीवनी, सत्य उपदेश र रचनात्मक योगदानलाई विषय बनाएर रुरु संस्कृत विद्यापीठका सहप्रा. श्रीनवराज पाण्डेयले परमानन्दचरितामृतम् नामक कृतिको रचना गर्नुभएको छ । यो आमोदजनक कृत्य हो । यसमा उहाँले सूचनात्मकरूपमा वर्णनात्मक शैलीमा स्वामीजीको परिचय र योगदानको निरूपण गर्नुभएको छ । स्वामीजी जस्ता ब्रह्मज्ञानी सिद्ध महापुरुषको पावन चरित्र उजागर गरेका कारण कवि नवराज पाण्डेयजी धन्य हुनुभएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चरम र परम भौतिकवाद र छुद्र राजनीतिका कारण दूषित वर्तमान नेपालको सामाजिक पर्यावरणमा उदार महापुरुषहरूको खडेरी पर्दै जान लागेको छ । विद्या, विद्वान्, सज्जन, सतीजन, गाई, ब्रह्मवेत्ता र तिनका उत्तराधिकारी अवहेलित हुँदै गएका छन् । राष्ट्रमा युगान्तकारी योगदान गरेबापत हृदयदेखि नै श्रद्धा लागेर आउने नेता कतै देखिँदैनन् । केही नेता परिवर्तनकारीका रूपमा देखिए पनि धर्म र संस्कृतिको उपेक्षा गर्ने नीति र प्रवृत्तिका कारण भगवान् पशुपतिनाथ र भगवान् हृषीकेशको राष्ट्र नेपाल अहिले विषण्ण हुँदै गएको छ । यहाँ काव्य र महाकाव्यमा नायक बनाउन योग्य पुरुषहरूको अभाव हुँदै गएको छ ।

यस्तो भयावह अवस्थामा सनातन धर्मानुरागी र प्राच्य संस्कृतिका पक्षपाती आम नेपाली जनतालाई प्रेरणा प्रदान गर्न ईश्वरीय दिव्य लीला र महापुरुषहरूको पावन चरित्रबाहेक अरू कुनै सञ्जीवनी हुन सक्दैन । यही कुरा मनन गरी कवि पाण्डेयले यस चरितकाव्यमा श्री १००८ ब्रह्मलीन स्वामी परमानन्द सरस्वतीजी महाराजको अमृतमय सत्य चरित्र पस्केर संस्कृतका पाठक र आम नेपाली पाठकलाई समेत ठुलो गुन लगाउनुभएको छ ।

काव्यशास्त्रीहरू भन्छन् -

**नैसर्गिकी च प्रतिभा श्रुतञ्च बहुनिर्मलम् ।**

**अमन्दश्चाभियोगोऽस्याः कारणं काव्यसम्पदः ॥** अर्थात् नैसर्गिक प्रतिभा, निर्मल शास्त्रव्युत्पत्ति र अमन्द काव्यरचनाभ्यासका धनी कविहरू कालजयी र रमणीय कृतिहरूको सृजना गर्न समर्थ हुन्छन् ।

कविताका क्षेत्रमा कलम चलाएर सफलता चुम्न चाहने प्रत्येक कविले उक्त भनाइअनुसार प्रतिभापरिष्कार, शास्त्रज्ञान र अभ्यासलाई महत्त्व दिएर आफूलाई सत्पात्र तुल्याउनैपर्छ । **परमानन्दचरितामृतम्** कवि पाण्डेयको प्रथम रचना भएकाले यसमा इतिवृत्तनिर्वाहमा बढी ध्यान दिइएको पाइन्छ । यहाँ चरितनायकको सत्यं, शिवं, सुन्दरम्मा आश्रित यथार्थ आख्यानलाई कलात्मक सौन्दर्यको जलप दिएर प्रस्तुत गर्न सकेको भए सुनमा सुगन्ध हुने थियो । काव्यकलामा त्यति निखार आउन नसके पनि ब्रह्मज्ञानी र सिद्धिका स्वामी स्वामीजी महाराजको चरित्रको दिव्य सुवासका कारण भने यो काव्य अत्यन्त स्पृहणीय छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परमानन्दजी महाराजको पावन चरित्रका साथै गुरु श्रीछविलाल तपस्वी, विद्वान् श्रीसिद्धिनाथ पाण्डेय, आफ्ना सद्गुरुको उत्तराधिकारलाई सुचारुरूपमा सार्थक तुल्याउनुहुने श्री १००८ स्वामी ज्ञानानन्दजी महाराजको त्याग, तपस्या, साधना र योगदानको वर्णन गरिएकाले यो काव्य अझ मननीय र प्रशंसनीय छ ।

कविको काव्यनायक स्वामी परमानन्दजी महाराजका साथ घनिष्ठ सम्बन्ध अभिव्यक्त भएका कारण यस काव्यमा कल्पनाभन्दा अनुभूतिको प्रधानता रहेको छ । यो काव्य काल्पनिक इतिवृत्तका आधारमा लेखिने काव्यभन्दा छुट्टै सत्य-तथ्यमा आधारित भएकाले पनि सबैका लागि उपयोगी छ । धार्मिक, सांस्कृतिक, सामाजिक र भौगोलिक दृष्टिबाट पनि यो काव्य मननीय छ ।

परमानन्दचरितसुधा पान गराई सबैलाई सदाचार र सद्विचारतर्फ प्रेरित गर्ने कवि पाण्डेय धन्यवादका पात्र हुनुहुन्छ । उहाँको रचनाधर्मिता हृष्टपुष्ट र तेजस्वी हुँदै जाओस् । अहिलेलाई यत्ति ।

डा. वेणीमाधव ढकाल
प्राध्यापक
नेपाल संस्कृत विश्वविद्यालय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# लेखकको भनाइ

**तत्पदं दर्शितं येन तस्मै श्रीगुरवे नमः**
**गुरुपादसरोजधूलिकामवलम्ब्याल्पधियेदृशं कृतम्।**

बाल्यावस्थादेखि नै जसका चरणकमलको सान्निध्य प्राप्त गरेर आज आफ्नो जीवनको महत्त्व बुझ्ने मौका मिल्यो, त्यस्ता तत्वमस्यादि वाक्यको यथार्थबोध गराउने तपोमूर्ति परमानन्द गुरुका पवित्र चरित्र मेरा हृदयकमलमा सधैँ स्फुरित भइरहून्।

मानवको रूप लिएर धर्तीमा अवतरण गरेका परमानन्द गुरुको परम पवित्र मानवीय चरित्र मैले धेरै नेपाली कविताद्वारा यत्रतत्र व्यक्त गरेको थिएँ तर यो हृदय तृप्त भएको थिएन। एकाएक गुरुका चरित्रले मेरो हृदयलाई प्रेरणा गर्न थाल्यो र संस्कृतमा स्वतः स्फूर्तरूपमा प्रकट भयो।

परमानन्द गुरुसँग म बाल्यावस्थादेखि नै पूर्णतः सान्निध्यमा भएको कारण मलाई उहाँको बारेमा कसैसँग सोध्न र कुनै ग्रन्थको अध्ययन गर्न परेन, स्वतः स्फूर्तरूपमा चरित्रले गति लियो।

सनातन वैदिक धर्मले गति लिन नसकेको र धर्ममा ह्रास आएको आजको अवस्थामा यसको प्रचारप्रसार एवं संरक्षण र ब्रह्मविद्याद्वारा धेरैको उद्धार गर्ने उद्देश्यले भगवान् शङ्कराचार्य नै यस युगमा परमानन्द गुरुको रूपमा अवतरण भई आउनुभएको र अझ वास्तवमा उहाँ भगवान् हरिहरकै अंशावतार हुनुहुन्थ्यो भन्ने कुरा यस काव्यमा यत्रतत्र सङ्केत गरिएको छ।

शङ्कराचार्य भगवान् सानै उमेरमा घर छोडी हिंडेकाले उहाँका मातापिताले छोराप्रति वात्सल्यभाव (स्नेह) प्रकट गर्न नपाएकाले उहाँहरूले शङ्कर भगवान्को तपस्या गरी प्रसन्न भएका भगवान्ले अर्को जन्ममा पुत्र बनी आउने वचन दिएकाले ती पितामाता नै परमानन्द गुरुका पितामाता बनी आएको र भगवान् शङ्कराचार्य नै परमानन्द गुरुको रूपमा आविर्भाव भएको कथा काव्यको प्रारम्भमा साङ्केतिकरूपमा व्यक्त भएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उहाँको आविर्भाव भारद्वाज ऋषिका पवित्र वंशमा १९९४ साल आश्विन १८ गते भएको र तिरोभाव २०५३ माघ १८ मा भएकाले त्यसले यस्तो सङ्केत गरेको छः–

१९९४ सालमा रहेका सम्पूर्ण अङ्क जोड्दै जाँदा अन्तमा जम्मा ५ अङ्क बन्दछ। १८ गतेका अङ्क जोड्दा ९ अङ्क बन्दछ। अङ्कमा ९ पूर्ण मानिन्छ, यसको रहस्य यस्तो छ :

यस संसारमा सबै चिज अपूर्ण छ, पूर्ण एकमात्र ईश्वर छ। त्यसैले त्यो पूर्ण ईश्वरले ५ अङ्क अर्थात् पञ्चमहाभूतले बनेको देहमा अवतरित भएको सङ्केत गरेको छ । तिरोभाव २०५३ माघ १८ गते भएकाले आविर्भाव र तिरोभावमा गते एउटै परकाले यसको रहस्य यस्तो छ :

२०५३ लाई जोड्दा अन्त्यमा जम्मा १० अंक शेष रहन्छ। १० मा १ अङ्कपछि शून्य छ । **अङ्कानां वामतो गतिः** यस नियमअनुसार वर्णन गर्दा यो संसार शून्य छ अर्थात् यहाँ जति भौँतारिए पनि सारविहीन छ । शून्य लेख्दा कलमको टुप्पो जहाँदेखि सुरु भएको उहीँ पुग्नुपर्छ अर्थात् यस संसारमा जति चक्कर लगाए पनि अन्तमा यो जीवन शून्यतामा परिणत हुने हो। त्यसभन्दा पूर्वमा रहेको एक अङ्क **एकं ब्रह्म द्वितीयं नास्ति** अर्थात् एक परमात्माको प्रतीक हो र १८ अङ्क जोडेर बनेको ९ अङ्कले पूर्णताको बोध गराउँछ। यसले उहाँको पूर्ण ब्रह्मसँग एकीभूत भएको सङ्केत गर्दछ।

परमानन्द गुरुका चरित्र पनि यस्तै सङ्केतमूलक नै थिए । अर्काको उपकारका लागि सम्पूर्ण त्याग्न सक्ने परम करुणामूर्ति गुरुका महान् तपस्याका कारण प्रसन्न भएकी सरस्वती उहाँका जिब्राका टुप्पामा नाच्नुहुन्थ्यो।

वर्षौंवर्ष विद्वान् गुरुका साथमा बसी अनेक ग्रन्थ अध्ययन गरेर आचार्य वा विद्यावारिधि गरेका विद्वान् पनि उहाँको अगाडि नतमस्तक हुन्थे, यो **दैवी विचित्रा गतिः** बाहेक अरू के हुन सक्थ्यो र ... ?

म व्याकरणगत शुद्धाशुद्धिका डरले संस्कृतमा कविता लेख्न सङ्कोच मान्दथेँ तर गुरुको चरित्र लेख्ने प्रण गरेर कलम समातेपछि अविरलरूपमा गति अगाडि बढ्यो यो गुरुकृपा नै हो भन्ने मानेको छु।

गुरुज्यूका जीवनचरित्र सबै उतारी विशद् वर्णन गर्न विभिन्न कठिनाइले गर्दा सकेको छैन । मुख्यमुख्य र मलाई अवगत भएका चरित्रको सङ्केत मात्र यहाँ गरेको छु। यसलाई पूर्ण मानी भविष्यप्रति आशावादी छु तर त्यो मेरो हातमा छैन, त्यसैले यस सम्बन्धमा अहिल्यै केही भन्न सक्तिनँ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतका अनभिज्ञ साधारण पाठकलाई पनि बुझ्न सजिलो होओस् भनी यो कृति नेपालीमा समेत अर्थ गरी तपाईंहरूका अगाडि प्रस्तुत गरेको छु। यस ग्रन्थलाई हरिहर सन्न्यास आश्रम देवघाटबाट प्रकाशन गर्न सम्मति प्रदान गर्नुभई सदाशय प्रकट गर्नुहुने श्री १००८ स्वामी ज्ञानानन्द सरस्वतीज्यू तथा श्री १००८ स्वामी विवेकानन्द सरस्वतीज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

आफ्नो अमूल्य समय दिई यस ग्रन्थलाई सम्यक् अवलोकन गरेर सुझावसहित आफ्ना महत्त्वपूर्ण भनाइ व्यक्त गरिदिनुहुने प्रा.डा. विष्णुराज आत्रेय एवं प्रा.डा. वेणीमाधव ढकालप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। ग्रन्थ प्रकाशनार्थ दत्तचित्त भई अनवरत खटिने भाइ हरि पाण्डेय 'पथिक' धन्यवादका पात्र छन्।

अन्तमा यस ग्रन्थलाई प्रकाशनार्थ बौद्धिक, आर्थिक तथा प्राविधिक सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

विनीत

**नवराज पाण्डेय 'चातक'**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# अथ प्रथमं सोपानम्

योऽन्तः स्थितो देहभृतां परात्मा
यतो जगत्स्थाननिरोधभावाः ।
यो जन्मजन्मान्तरसाक्षिभूतो
विराजतां मद्धृदयारविन्दे ॥१॥

जसबाट चराचर जगत्को उत्पत्ति स्थिति र संहार हुन्छ, जो सम्पूर्ण प्राणीभित्र रहेका छन्, जो जन्मजन्मान्तरका साक्षी रूप हुन्, त्यस्ता परमात्मा मेरो हृदय कमलमा सधैं विराजमान होऊन् ।

अर्धनारीश्वरं वन्दे शिवं हरिहरात्मकम् ।
गण्डकीं श्रीहृषीकेशं पराशरसुतं शुकम् ॥२॥

अर्धनारीश्वर भगवान् शिव जो हरिहरस्वरूप हुनुहुन्छ, उहाँलाई, श्रीकृष्णगण्डकीलाई, श्रीहृषीकेश भगवान्लाई, पराशरमुनिका पुत्र व्यासलाई र उहाँका पुत्र शुकदेवलाई वन्दना गर्दछु ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



श्रीगुरुं परमानन्दं तपःपूतकलेवरम् ।
शिष्यभाग्यविधातारं तं वन्दे करुणालयम् ॥३॥

तपस्याद्वारा जसले आफ्नो शरीर पवित्र गर्नुभयो, शिष्यहरूका भाग्यनिर्माता, दयाका खानी श्रीपरमानन्द गुरुलाई वन्दना गर्दछु ।

पितरं सिद्धिनाथाख्यं शुकदेवांशसम्भवम् ।
येनास्मदज्ञानचक्षूंषि विद्ययोद्घाटितानि च ॥४॥
जन्मना विद्यया येन वंशयोरधिकारता ।
प्रदत्ता निर्व्यलीकेन तत्पदं नौम्यहर्निशम् ॥५॥

जसले विद्या प्रदान गरेर हाम्रो ज्ञानचक्षु खोलिदिनुभयो त्यस्ता श्रीशुकदेवका अंशावतार, अनि जसले जन्मद्वारा र विद्या प्रदान गरेर जन्म र विद्या दुवै वंशको अधिकार दिनुभयो त्यस्ता सबैका प्रिय पात्र पिता श्रीसिद्धिनाथका चरणमा निरन्तर प्रणाम गर्दछु ।

जननीं जानकीं नौमि यद्गर्भान्मत्समुद्भवः ।
मदर्थे बहवः क्लेशा यया भुक्ता शमीहया ॥६॥

जसका गर्भबाट मेरो जन्म भयो, जसले मेरो कल्याणको लागि धेरै दुःख कष्ट भोग्नुभयो त्यस्ती मेरी माता जानकीलाई प्रणाम गर्दछु ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भवदवानलतापनिपीडिता !
गुरुकृपामकरन्दरसाप्लुताः !
पिबत काव्यसुधां भवभेषजं
जनिलयाब्धितरीं श्रयतात्मनः ॥७॥

हे भवसागररूपी दावानलबाट अत्यन्त पीडित जन हो ! हे गुरुकृपारूपी मकरन्द रसमा चुर्लुम्म डुबेका जन हो ! भवसागरको औषधि भएको यो काव्यरूपी अमृत पिओ र आफ्नो जन्ममरणरूपी समुद्रबाट पार गरिदिने डुँगाजस्तो यस काव्यको आश्रय लेओ ।

अगाधसंसारसमुद्रसेतुं
दयार्णवं ज्ञाननिधिं वरेण्यम् ।
मनुष्यरूपेण धृतावतारं
नमामि दिव्यं गुरुपादपद्मम् ॥८॥

पार पाउन नसकिने संसारसागरको पुल भएका, दयाका समुद्र, ज्ञानका खानी, जसको आश्रय लिनाले भवसागरबाट पार पाउन सकिन्छ यस्ता मनुष्यको रूप लिएर पृथ्वीमा आउनुभएका श्रीगुरुका चरणकमलमा प्रणाम गर्दछु ।

श्रीशङ्कराचार्यपरस्वरूपं
श्रीसिद्धिनाथेन बुधाऽऽश्रितं तम् ।
प्रशान्तमूर्तिं हरिहृत्सरोजं
तं नौमि शश्वद् यतिवृन्दवन्द्यम् ॥९॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भगवान् शङ्कराचार्यको अर्को अवतार, विद्वान् श्रीसिद्धिनाथले जसको आश्रय लिनुभयो, प्रतिक्षण भगवान्लाई हृदयले सम्झने अतिशान्तस्वरूप यति वृन्दद्वारा वन्दनीय श्रीपरमानन्द गुरुलाई म निरन्तर प्रणाम गर्दछु ।

यत्पदाम्भोजरजसा मुच्यन्ते पापिनोंऽहसः ।
तं गुरुं परमानन्दं वन्दे संसारतारकम् ॥१०॥

जसका चरणकमलको धुलो शिरमा लगाउनाले पापी जनहरू पनि पापबाट मुक्त हुन्छन् त्यस्ता संसारतारक श्रीपरमानन्दगुरुलाई प्रणाम गर्दछु ।

पूर्वं श्रीशङ्कराचार्यरूपेण भवबन्धनात् ।
जीवमुक्तेरुपायं यः प्रोवाच पुनरागमत् ॥११॥

जसले पहिले श्रीशङ्कराचार्यको अवतार लिएर भवबन्धनमा बाँधिएको जीवको वेदान्तदर्शनको प्रतिपादनद्वारा मुक्तिको उपाय बताउनुभयो, उहाँ फेरि उसै पन्थालाई विस्तार गर्न परमानन्द गुरुको रूप लिएर आउनुभयो ।

पितृभ्यां पुनरागन्तुं पुत्रत्वेनाग्रजन्मनि ।
विहितं तप आयातो वरबद्धो दयापरः ॥१२॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भगवान् शङ्कराचार्यका पितामाताले पुत्रवात्सल्यको लागि पुनः पुत्र बनेर आउनुहुन भनी कठोर तपस्या गर्नुभयो । पितामाताको तपस्याबाट हृदय द्रवीभूत भएर अर्को जन्ममा पुनः पुत्ररूपमा आउनेछु भनी वरदान दिनुभएकाले अहिले पुत्ररूपमा आउनुभयो ।

भारद्वाजान्वये टीकाराममनाम्ना पिताऽऽगमत् ।
खगीश्वराऽदितेः रूपा कौ माता चाधुनाऽऽगता ॥१३॥

भगवान् शङ्कराचार्यका पिता भारद्वाज वंशमा टीकाराम नाम लिएर र अदितिस्वरूप आमा खगीश्वरा बनेर अहिले पृथ्वीमा आउनुभयो ।

तयोः पुत्रत्वमापद्य धर्मसंस्कृतिरक्षकः ।
परब्रह्मात्मबोधाय देवो मानवतां गतः ॥१४॥

धर्म र संस्कृतिको रक्षा गरी सबैलाई परब्रह्मको बोध गराउनको लागि उहाँहरूका पुत्रको रूपमा देवताले मानव स्वरूप धारण गर्नुभयो ।

वेदसङ्ख्यानवैकेऽब्दे (१९९४) रवावाश्विनदर्शके ।
अष्टादशदिने याते पवित्रे धवलागिरौ ॥१५॥
बाग्लुङ्जनपदान्तःस्थे बिहुँग्रामेऽतिसुन्दरे ।
पौवाडाँडाभिधे स्थानेऽवततार यतीश्वरः ॥१६॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वि.सं. १९९४ साल आश्विन १८ गते रविवार अमावास्याको दिन पवित्र धवलागिरि अञ्चलअन्तर्गत बाग्लुङ जिल्लाको अत्यन्त रमणीय बिहूँ गाविसको पौवाडाँडा भन्ने स्थानमा यतीश्वरले अवतार लिनुभयो ।

गोत्रामलञ्चकारेमामसत्पुत्रप्रपीडिताम् ।
धर्मः सनातनो हृष्टो वैदिकः पूर्वरक्षितः ॥१७॥

दुष्ट र दुराचारी पुत्रहरूद्वारा पीडित भएकी यी पृथ्वीलाई अवतार लिएर शोभायमान गराउनुभयो जसले गर्दा आफूले पहिले शङ्कराचार्यरूपमा सुरक्षित गरेर हुर्काएको सनातन वैदिक धर्म हर्षले गदगद भयो ।

तज्जन्मना न को हृष्टः स्वागतं के न चक्रिरे ?
के न चक्रुः स्वसामर्थ्याज्जातकर्ममहोत्सवम् ॥१८॥

उहाँको जन्मले को हर्षित भएन र ? उहाँ पृथ्वीमा आउनुभएकोमा कसले स्वागत गरेन र ? उहाँको जन्मकालमा आफ्नो सामर्थ्यअनुसार कसले जातकर्म महोत्सव गरेन र ? अर्थात् सबैले गरे ।

पूर्वजा ननृतुः स्वस्थास्त्रिदिवस्थाश्च देवताः ।
मोदमाना जनाः सर्वे लोके येऽविदुरागतम् ॥१९॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हाम्रो वंशमा भगवान्को अवतार हुँदै छ भनेर आकाशबाट हेरिरहेका पूर्वज एवं देवताहरू खुसीले नाच्न थाले । ब्राह्मण आदि जसले उहाँको जन्मको खबर पाए ती सबै खुसीले नाच्न थाले ।

जहृषुः पर्वता नद्यो हिमवन्तो लता द्रुमाः ।
ब्रह्माण्डमखिलं हृष्टं चराचरसमन्वितम् ॥२०॥

पर्वत, नदी, हिमालय, लहरा, रुख एवं चर अचर प्राणीले युक्त भएको सम्पूर्ण संसार नै हर्षले गद्गद् भयो ।

समुद्राश्चोत्सवायोच्चैर्जलेचरसमन्विताः ।
उद्वेलिताः स्वागतार्थं पूर्णचन्द्रोदये यथा ॥२१॥

जलचर प्राणीले युक्त समुद्र पनि उहाँको जन्मकालिक स्वागत गर्न उच्च छालद्वारा पूर्ण चन्द्रको उदय हुँदा जस्तै उम्लियो ।

कोकिला मधुरालापैः परमानन्दसंप्लुताः ।
समकूजन् वसन्ते वा शारदेऽपि कुहूः कुहूः ॥२२॥

कोइलीहरू परम आनन्दमा डुबेर शरद् ऋतुमा पनि वसन्त ऋतुमा जस्तै कुहूकुहूको मधुर ध्वनि निकालेर गीत गाउन थाले ।

स्वागतार्थं खगाश्चान्ये मिथो मधुरभाषिणः ।
वृक्षाद् वृक्षान्तरं प्राप्ता लोलपुच्छाः समुत्सुकाः ॥२३॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उहाँको स्वागतको लागि अरू चराहरू पनि परस्परमा मधुर ध्वनि उच्चारण गर्दै उत्सुकतापूर्वक पुच्छर हल्लाउँदै एउटा रुखबाट अर्को, अर्कोबाट अर्कोमा भुर्रभुर्र उड्न थाले ।

नद्यः स्वच्छतराः कूपा सूर्येन्दुतारकाः स्फुटाः ।
विकसत्पद्मशोभाढ्याः खनीलाश्च सरोवराः ।
अदृश्यन्त नवोढाया मुखमण्डलसन्निभाः ॥२४॥

नदी तथा कुवाहरू स्वच्छ भएर तारा, चन्द्रमा र सूर्य देखिने भए । कमलका फूल फुलेर शोभायमान तलाउहरू आकाशजस्ता नीला र नौली दुलहीको मुखको चिन्ह देखाउनेजस्ता देखिए ।

लोलोर्ध्वलूमका गावः स्वागच्छन्नक्रमद्रुताः ।
त्रिलोकवासिनः सर्वे विनम्रीकृतमस्तकाः ॥२५॥

उहाँको जन्मको खुसियालीमा पुच्छर ठाडो गराएर हल्लाउँदै गाईहरू यता र उता क्रमहीन भै दगुर्न थाले । तीनै लोकवासी सबैले उहाँको स्वागत गर्दै माथ झुकाए ।

शारदं प्राकृतं वस्तु यत्सौन्दर्यसमन्वितम् ।
तत्सर्वमर्पयामास प्रकृतिः स्वागतैषिणी ॥२६॥

उहाँको आगमनको स्वागत गर्न इच्छुक प्रकृतिले शरद् ऋतुमा भएका सम्पूर्ण मनोरम प्राकृतिक वस्तु अर्पण गरी स्वागत गरिन् ।

यत्पादस्पर्शनाह्लादा मेदिनी पुलकान्विता ।
धर्मो जर्जरदेहोऽपि तद्दिनान्निर्जरोऽभवत् ॥२७॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उहाँका पाउले स्पर्श गर्दा पृथ्वी आनन्दले रोमाञ्चित भइन्, बूढो भएको धर्म पनि त्यसै दिनदेखि तन्नेरी भएर देवताको स्थान प्राप्त गर्न पुग्यो ।

यद्दिनाच्छङ्कराचार्यचरणैरुज्झिता मही ।
तद्दिनाद् वृद्धतां प्राप्तो धर्मोऽप्यतरुणायत ॥२८॥

जुन दिन भगवान् शङ्कराचार्यले यो पृथ्वी त्यागेर जानुभएको थियो त्यसै दिनदेखि बुढो भएर लडेको धर्म (उहाँको जन्मले) युवावस्थाको भयो ।

नौमि तच्चरणौ शुभ्रौ मातुरङ्के परस्परम् ।
कराभ्यां सह खेलन्तौ स्पर्धमानौ सुकोमलौ ॥२९॥

आमाको काखमा हातसँग परस्परमा प्रतिस्पर्धा गर्दै खेलिरहेको अवस्थाका अत्यन्त सुकोमल ती चरणकमलमा प्रणाम गर्दछु ।

कराम्बुजैर्यश्चरणाम्वुजं मुदा
मुखाम्बुजेन स्वदतेसुधेप्सया ।
योगेश्वरं कृष्णमिवाऽम्बराद्विधि-
र्निरीक्षते योगपथानुगं शिशुम् ॥३०॥

मानौं अमृतको चाहना गर्ने ती शिशुले सुकोमल करकमलद्वारा कमलपल्लवसमान पाउको बुढिऔंलो मुखारविन्दमा राखेर रसास्वादन गर्नुहुन्छ । योगेश्वरकृष्णको बाललीलाबाट प्रभावित भएका ब्रह्माजीले योगपथानुयायी शिशुको बाललीला हेरिरहेका छन् ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कलया शर्वरीनाथः शुक्लपक्षे यथैधते ।
तथा मानवरूपस्य शैशवं पूर्णतामगात् ॥३१॥

जसरी शुक्लपक्षका चन्द्रमा कलाले दिनदिनै बढ्दै ठूला हुन्छन् त्यसै गरी मानवरूप धारण गरेका शिशु (परमानन्द) को शैशवकाल पूर्ण हुँदैगयो ।

बालकाः सखिभिः सार्द्धमक्रीडन्नपराश्रिताः ।
परमानन्दनामा स परमानन्दमाश्रितः ॥३२॥

अन्य बालकहरू सांसारिक वस्तु लिएर साथीहरूको साथमा खेल्थे तर बालक परमानन्द भने आनन्दस्वरूप परमात्मासँग मात्र खेल्नुहुन्थ्यो । अर्थात् आत्माराम भई अन्तररमण गर्नुहुन्थ्यो ।

सांसारिकस्वभावेन रेमे नैव भवाश्रितः ।
नाटकं मन्यमानोऽसौ संसारं परमेशितुः ॥३३॥

बालक परमानन्द संसारलाई परमेश्वरको नाटक मान्दै आफू संसारमा भए तापनि भगवान् शिवलाई हृदयमा धारण गरी संसारिक स्वभावले रमण गर्नुभएन ।

नरस्वभावतश्चान्येऽरमन्त भवसागरे ।
नैष बालकमध्येऽपि ध्रुवकायाधवाविव ॥३४॥

अरू बालकहरू मानवीय स्वभावले भवसागरमा रुमलिएर रमण गरे तर उहाँ भने ध्रुव र प्रल्हादजस्तै अलग्गै स्वभावका हुनुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नेत्रे निमील्य रहसि दृढध्यानपरायणम् ।
दृष्ट्वाऽवदन्नमुं वृद्धा नायं साधारणो जनः ॥३५॥

बालकहरूको साथमा खेल्न जाँदा पनि एकान्तमा गएर आँखा चिम्लेर ध्यानमा मग्न भएको देखेर वृद्ध पुरुषहरू यो बालक साधारण मानव होइन भन्थे ।

गोचारणाय यातं तं तरुमूलाश्रितं जनाः ।
भगवद्ध्यानसंलग्नं दृष्ट्वाश्चर्यमवाप्नुयुः ॥३६॥

गाई चराउन गएका बेला पनि रुखमुनि बसेर भगवान्को ध्यान गर्न लागेको देखेर अन्य सबै मानिसहरू आश्चर्यचकित हुन्थे ।

गृहमागत्य पितराववदन् स मुनीयते ।
पूर्वतः स्निग्धपत्राणि विटपस्य सुभाविनः ॥३७॥

ती मानिसहरूले घरमा आएर बुवाआमासँग भन्थे- यी तपाईंका छोरा त ऋषिमुनिजस्ता छन् किनभने यिनमा हुने बिरुवाको चिल्लो पात भनेझैं सानैदेखि मुनिको आचरण देखिन्छ ।

क्रोधमात्सर्यलोभानामभावो दृश्यते शिशौ ।
रागद्वेषमदोत्पत्तिर्न कदाप्यनुभूयते ॥३८॥

यी बालकमा कहिल्यै रिस, डाह, लोभ देखिँदैन । राग, द्वेष, अभिमानको अनुभव पनि भएन ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आबालं करुणामूर्तिः ज्ञानशीलगुणालयः ।
भक्तिवैराग्यसम्पन्नो न समेषामिमे गुणाः ॥३९॥

यी बालक पनि सानै अवस्थादेखि नै अति दयालु, ज्ञान, शील आदि गुणहरूका खानी छन् । भक्ति, वैराग्य आदिले सम्पन्न यी बालकमा भएका गुण अरू सबैमा हुँदैनन् ।

संरक्षणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥४०॥
वचनं परिपाल्यैतद् नररूपेण चागतः ।
हरेरंशावतारोऽयमिति नो निश्चिता मतिः ॥४१॥

गीतामा भगवान्ले साधुहरूको संरक्षण गर्न र पापीहरूको विनाश गरी धर्मको स्थापना गर्न प्रत्येक युगमा मैले अवतार लिनेछु भन्नुभएको छ । त्यही गीताको वचन पालन गरी भगवान् नै मानिसको रूपमा अवतार लिई आउनुभएको हो, हाम्रा बुद्धिले यही निश्चित गरेको छ ।

अतोऽयमागतः कश्चिद्देवो मानवरूपतः
प्रशशंसुर्महात्मान इत्थं तद्गुणकीर्तनैः ॥४२॥

त्यसैले यी कुनै देवता तपाईंका पुत्रको रूप लिएका मानवअवतार देवता नै हुन् भनी उहाँका विभिन्न गुणहरूको वर्णन गर्दै महात्माहरूले प्रशंसा गरे ।

जातकर्मादिसंस्कारान् समाप्य विधिवत्ततः ।
काले शास्त्रविनिर्दिष्टे व्रतबन्धोऽभवच्छिशोः ॥४३॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जन्मपछि गरिने जातकर्म आदि सम्पूर्ण संस्कार यथासमयमा विधिपूर्वक सम्पन्न भएपछि शास्त्रले निर्देश गरिएको समयमा अत्यन्त उल्लासपूर्ण वातावरणमा व्रतबन्ध संस्कार सम्पन्न भयो ।

दर्शनं शिवपार्वत्योः स्वप्नेऽभूदतिदुर्लभम् ।
सौन्दर्यं वर्णनातीतमर्धनारीश्वरस्य च ॥४४॥

एक दिन सपनामा उहाँले भगवान् शिव र पार्वतीको अत्यन्त दुर्लभ वर्णन गर्न नसकिने अतिसुन्दर अर्धनारीश्वर स्वरूपको दर्शन पाउनुभयो ।

प्रदीप्तमणिमत्सर्पैर्वेष्टितोऽर्धेन्दुमस्तकः ।
भूषितो बह्वलङ्कारैरसङ्ख्यातार्कनिर्मितैः ॥४५॥

जाज्वल्यमान मणिले विभूषित सर्पले बेरिएका अर्धचन्द्रशिरमा भूषित भएका, असङ्ख्य सूर्यहरूद्वारा निर्मित धेरै अलङ्कारले सुशोभित भएका भगवान्‌को दर्शन पाउनुभयो ।

यतो वाचो निवर्तन्ते स कथं वर्ण्यते ध्रुवम् ।
रूपाणां निःसृतिर्यस्मात् विश्वोत्पत्त्यादिकारणात् ॥४६॥

जहाँ वाणी पुग्न सक्तैनन् त्यस्ताको वर्णन गर्न कहाँ सकिन्छ र ? जुन विश्वको उत्पत्ति, स्थिति र प्रलयका कारण भगवान्‌बाट रूप निस्कन्छ भने उहाँका रूपको वर्णन गर्न कहाँ सकिन्छ र ?

पश्यतः सकलाश्चेष्टास्तत्रैकत्वं समाहिताः ।
अदिव्यदृष्टिभिर्नैव शक्यते तद् विलोकितुम् ॥४७॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हेर्दा हेर्दै उहाँका सम्पूर्ण चेष्टा भगवान्मा समाहित भए । दिव्यदृष्टि नभएकाले त्यस्तो देख्न सक्तैन ।

त्यक्त्वा भवाब्धिजं मोहं तप धर्मसमृद्धये ।
इत्थमादिश्य विश्वात्मा तत्रैवान्तरधीयत ॥४८॥

भवसागरको मोहलाई त्याग गरेर धर्मको समृद्धिका लागि तपस्या गर भन्ने आदेश दिएर सर्वान्तर्यामी भगवान् त्यहीँ अदृश्य हुनुभयो ।

दिदृक्षाऽपूरिता द्रष्टुस्तस्मात् स्वप्नान्निवर्तितः ।
ततः सद्गुरुसान्निध्यमियेष भवभेषजम् ।
परमात्मा सतामिच्छां पूरयत्येव निश्चितम् ॥४९॥

भगवान्को त्यो दिव्यस्वरूप देखिरहन इच्छा हुँदाहुँदै स्वप्नबाट जाग्नुभयो । त्यसपछि भवसागरको औषधिरूप गुरुको सान्निध्य चाहनुभयो । परमात्माले सन्तहरूको इच्छा अवश्य पूरा गर्नुहुन्छ ।

कदाचित् साधुरूपेण सह नीत्वा वनान्तरम् ।
अन्तर्दधे शिवः साक्षात् दर्शयन् रूपमात्मनः ॥५०॥

एक दिन घरमा साधुको भेष लिएर भगवान् शिव आउनुभयो र उहाँलाई सँगै लगेर वनतिर जानुभयो । धेरै पर वनमा गएपछि आफ्नो साक्षात् शिवरूपको दर्शन दिएर अन्तर्ध्यान हुनुभयो ।

तपसीच्छा दृढोत्पन्ना हृदि बालतनोस्ततः ।
प्रविविक्षुर्वनं सद्यो दृढवैराग्यपूरितः ॥५१॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उहाँलाई बाल्यावस्थादेखि नै तपस्या गर्ने दृढ इच्छा मनमा उत्पन्न भएको थियो । दृढ वैराग्यले पूर्ण भएर वनमा प्रवेश गर्न चाहनुभयो ।

पितरौ स्वाशयं व्यज्य प्राप्यादेशं तयोरथ ।
गृहं त्यक्त्वाऽव्रजत् पृच्छन्नाप्तान् ग्रामाश्रमादिषु ॥५२॥

आफ्नो मनको कुरा बुवाआमालाई बताएपछि बुवाआमाबाट आदेश पाएर केही दिनपछि आउने बाचा बाँधी घर त्यागी विभिन्न गाउँ आश्रममा रहेका वृद्धजनलाई सोध्दै सद्गुरुको खोजी गर्दै हिँड्नुभयो ।

वनाद् वनान्तरं गच्छन् लतागुल्मसमन्वितम् ।
म्याग्दीमुसुङ्नामशृङ्गं प्राप्तवान् शुभवासरे ॥५३॥

उहाँ कुनै शुभ दिनमा लहरा र झाडीले भरिएका अनेकौं वनहरू पार गरी घनघोर जंगलको बीच म्याग्दी जिल्लाको मुसुङ शिखरमा पुग्नुभयो ।

व्याघ्राः केसरिणो यत्र दिवैव स्वैरचारिणः ।
गर्जन्ति रममाणास्तद्वनकम्पनपूर्वकम् ॥५४॥

जुन वनमा दिउँसै स्वच्छन्द बाघ, सिंह निश्चिन्तरूपमा रमण गर्दै बनै थर्काउने गरी कराउँदै घुम्दछन् ।

कुटीरं दृष्टवान् पूर्वं धूमवत् तन्निशामुखे ।
हृदि प्रसन्नतोत्पन्ना भाविसङ्केतदायिनी ॥५५॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हिँड्दा हिँड्दै साँझपख पहिले धुवाँ पुत्ताएको कुटी देख्नुभयो । त्यो देखेर हृदयमा प्रसन्नता छायो जो भावी शुभसूचक थियो ।

वसत्यत्र जनो नूनं शरण्योऽद्य वनेऽस्तु मे ।
तपस्विजनसम्पर्कात् शक्यते लब्धुमीप्सितम् ॥५६॥

यहाँ कोही मानिस अवश्य बस्दछ । आज त्यसैको आश्रय लिनुपर्‍यो । हुन सक्छ कुनै तपस्वी भए मनले चाहेको वस्तु प्राप्त गर्न सजिलो होला ।

कश्चित् तपस्यति जनो विपिनान्तराले
स्थातुं निशीह यदि दास्यति यापयिष्ये ।
इत्थं विचिन्त्य कुशकाशकुटीरमाप
भाग्येन तापसवरं जटिनं ददर्श ॥५७॥

यस्तो वनको बीचमा कुनै तपस्वी बसेका होलान् यदि उनले बस्न दिए भने आजको रात यहीँ बिताउँला यस्तो विचार गरेर कुश र कासले बनेको कुटीको नजिकै जानुभयो । भाग्यवशात् त्यहाँ लामा जटाधारी तपस्वीलाई देख्नुभयो ।

*इति श्रीमत्परमानन्दचरितामृते प्रथमं सोपानम् ।*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# अथ द्वितीयं सोपानम्

दृष्टं कदाचिदिह पूर्वजनाविवाभूत्
नेत्रञ्च दक्षिणमथोऽस्फुरदिष्टदर्शि ।
तत्राप्यभूदुषितवत् किल पूर्वकल्पे
सर्वं सतां स्मरति पूर्वभवं हि चेतः ॥१॥

ती तपस्वीलाई यस जन्म वा पूर्व जन्ममा कहीँ देखेजस्तो लाग्यो, शुभसूचक दाहिने आँखो फर्फरायो । त्यस ठाउँमा पनि कुनै पूर्वकल्पमा बसेजस्तो लाग्यो । सज्जनहरूको हृदयले पहिलेका अनुभवहरू स्मरण गर्दछन् ।

ध्यानासन्नं पुरोऽग्निं तं निमीलितसुलोचनम् ।
दृष्ट्वोवास कियद्दूरं मौनेनाजीर्णपीठके ॥२॥

अगाडि धुनि जगाएका आँखा चिम्म गरेर ध्यानमा बसेका त्यस्ता तपस्वीलाई देखेर नबोलीकन अलिकति फाटेको आसनमा केही पर बस्नुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ध्यानं समाप्य गम्भीरं मुनिरुन्मीलितेक्षणः ।
बालकं पुरतो दृष्ट्वा प्रश्नानित्थमचीकरत् ॥३॥

गम्भीर ध्यान सकेर जब मुनिले आँखा खोल्नुभयो, तब बालकलाई अगाडि देखेर यस्ता प्रश्न गर्नुभयो ।

कोऽसि त्वं कुत आयातः किमर्थमटवीपथे ।
क्व गृहं कस्य पुत्रोऽसि केच्छा ते वद बालक ॥४॥

तिमी को हौ ? कहाँबाट आयौ ? (केका लागि वा) किन यो जंगलमा आयौ ? तिम्रो घर कहाँ हो ? कसका छोरा हौ ? हे बालक ! तिम्रो इच्छा के छ ? भन ।

मुनेस्तद्वचनं श्रुत्वा प्रत्युत्तरमदात् क्रमात् ।
तदित्थं बालवचसा पूर्वसंस्कारसंस्कृतः ॥५॥

मुनिका ती वचन सुनेर (बालक परमानन्दले) पूर्वसंस्कारले संस्कृत भएका बालबोलीद्वारा क्रमशः यी उत्तर दिनुभयो ।

देहदृष्टया मनुष्योऽहं परमानन्दनामकः ।
आत्मना त्वीश्वरस्यांशो लोकाचारेण बालकः ॥६॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तिमी को हौ ? को उत्तर

देहको दृष्टिले म परमानन्द नाम गरेको मानिस हुँ । आत्माको दृष्टिले म ईश्वरको अंश जीव हुँ र लौकिक व्यवहारमा म बालक हुँ ।

पूर्वकर्मप्रभावेण धरण्यां नरताङ्गतः ।
इदानीन्तु बिहूँग्रामादागतोऽस्मि महामुने ! ॥७॥

कहाँबाट आयौ ? को उत्तर

यस पृथ्वीलोकमा पूर्वकर्मको प्रभावले मानिस बनेर आएँ । हे महामुनि ! अहिले त म बिहूँ नामक गाउँबाट आएँ ।

सद्गुरोश्चरणं प्राप्य कर्त्स्यामि जनिकारणम् ।
भवाटवीपथे व्यर्थं तदभावे हि जीवनम् ॥८॥

किन यो जङ्गलमा आयौ ? को उत्तर

सद्गुरुको चरण प्राप्त गरेर जन्ममृत्युको बीज काट्नका लागि म यस भवाटवीपथमा आएँ, त्यति गर्न नसके यो मानव जीवन व्यर्थ हुन्छ ।

न जाने सद्गृहं क्वास्ति बिहूँग्रामे ह्यसद्गृहम् ।
अमृतस्येश्वरस्यांशष्टीकारामात्मजोऽधुना ॥९॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तिम्रो घर कहाँ हो ? को उत्तर

असली घर कहाँ हो त्यो थाहा छैन, नाशवान् घरचाहिँ बिहुँ गाउँमा हो ।

कसका छोरा हौ ? को उत्तर

वास्तवमा अजरामर ईश्वरको म अंश पुत्र हुँ, अहिले त टीकारामको छोरो हुँ ।

कामये गुरुशुश्रूषां कौमुदीं ब्रह्मबोधिनीम् ।
असत्सांसारिकीं प्रीतिं हित्वा वैराग्यवर्धिनीम् ॥१०॥

तिम्रो इच्छा के छ ? को उत्तर

गुरुको सेवा र उहाँबाट ब्रह्मबोध गर्ने ज्ञानको ज्योति प्राप्त गर्ने इच्छा छ । नाशवान् संसारप्रतिको प्रेम त्यागेर त्यसबाट वैराग्य बढाउने चाहना छ ।

इति बालवचः श्रुत्वा विस्मितो ब्रह्मविन्मुनिः ।
तं प्रत्युवाच गम्भीरं सस्मितः शास्त्रसम्मितम् ॥११॥

यस्ता ती बालक परमानन्दका वचन सुनेर ती ब्रह्मवेत्ता मुनि आश्चर्यचकित हुनुभयो र मुसुक्क हाँसेर गम्भीर मुद्रामा उहाँसँग भन्नुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वयसा बालकं मन्ये वचसा तु न बालकः ।
वसात्र यदि वाञ्छा ते कुर्वन्नन्वेषणं गुरोः ॥१२॥

उमेरले त बालक मान्न सकिन्छ तर यी गम्भीर वचनले त बालक भन्न सकिन्न । तिम्रो यहाँ बस्ने इच्छा होउञ्जेल बसेर गुरुको खोजी गर ।

यात्रया गलितोऽसि त्वं भोजनं कुरु तापसम् ।
बाधते यदि निद्रा त्वां शय्या तेऽत्र विनिर्मिता ॥१३॥

हिँडेर थाकेका छौ त्यसैले तपस्वीहरूले खाने यो भोजन गर । तिमीलाई निद्रा लागेपछि यहाँ सुत तिम्रा लागि यहाँ विस्तरा बनाइदिएँ ।

इत्थं सद्वार्तया याता क्षणवच्चार्धशर्वरी ।
गतः शय्यां स्मरन्नीशं तत्स्वप्ने विधिरब्रवीत् ॥१४॥

यस्तै मीठा मीठा कुरा गर्दै उत्तिखेरै आधा रात बितेछ । त्यसपछि भगवान्को स्मरण गर्दै विस्तारामा गएर सुत्नुभएको त सपनामा दैवले यस्तो भने ।

एष ते सेवनीयोऽस्ति सद्गुरुत्वेन बालक !
ब्रह्मज्ञो वीतरागश्च तपस्वी सद्गुणाकरः ॥१५॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हे बालक ! यी वैरागी, तपस्वी, ब्रह्मज्ञानी र सद्गुणका खानी छन्, त्यसैले तिमीले यिनीलाई सद्गुरु मानेर सेवा गर ।

गताशङ्केन चोत्थाय कृतं पादाभिवन्दनम् ।
छविलालाभिधेयस्य तत्त्वज्ञस्य विरागिणः ॥१६॥

बिहान भएपछि उठेर स्वप्नाका वाक्यद्वारा सम्पूर्ण आशङ्काले रहित भएर वैराग्ययुक्त तत्त्वज्ञानी छविलाल नामक तपस्वीका चरणमा वन्दना गर्नुभयो ।

बद्धाञ्जलिः प्रसन्नात्मा विनयानतमस्तकः ।
गृहीत्वा चरणौ तस्य प्रार्थयामास निर्भयः ॥१७॥

प्रसन्नतापूर्वक नम्रताले शिर झुकाइ हात जोडेर निर्भय भई उहाँका चरण समाई प्रार्थना गर्नुभयो ।

अद्यप्रभृतिः शिष्यत्वं तवैष प्राप्तुमिच्छति ।
श्रुत्वा विकैतवीर्वाचः प्रसन्नोऽभवदात्मवित् ॥१८॥

आजबाट यसले हजुरको शिष्यत्व पद चाहन्छ । यस्तो निष्कपट वचन सुनी आत्मतत्त्वज्ञाता छविलाल तपस्वी प्रसन्न हुनुभयो ।

वार्तालापोऽभवत्तत्र निर्जने गुरुशिष्ययोः ।
दिव्यदृष्टिविहीनेन यज्ज्ञातं तदिहोच्यते ॥१९॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्यसपछि त्यस एकान्त स्थलमा गुरु र शिष्यबीच धेरै कुराकानी भए। मेरो व्यासादिको जस्तो दिव्य दृष्टि नभएकाले जो जानें त्यो यहाँ लेख्छु।

विद्वांसोऽपि विमुह्यन्ति दुस्तरे भवसागरे।
अजेया भगवन्माया शुष्कपर्णाशनैरपि ॥२०॥

गुरुले भन्न लाग्नुभयो- ठूलाठूला विद्वान् पनि यस भवसागरमा मोहित हुन्छन्। सुकेका पात खाएर तपस्या गरेका ऋषिहरूले पनि भगवान्को माया जित्न सक्दैनन्।

चञ्चलं मानसं विद्धि वैराग्यमतिदुर्लभम्।
पित्रोरनुज्ञामादाय तिष्ठ कुर्वन् सुसाधनाः ॥२१॥

मन अत्यन्त चञ्चल छ, वैराग्य अति दुर्लभ छ। यो कुरा जान। त्यसैले आवेशमा आएर कुनै काम गर्नुहुँदैन। पितामाताको आज्ञा लिएर मात्र यहाँ असल साधना गर्दै बस्न सक्छौ।

सत्कर्मसाधनाभिश्च चित्तशुद्धिर्भविष्यति।
शुद्धेन चेतसा लब्धुं शक्यते दुर्लभं पदम् ॥२२॥

सत्कर्म र विधिपूर्वक साधनाद्वारा चित्तशुद्धि हुनेछ। चित्त शुद्ध भयो भने दुर्लभ पद पनि पाउन सकिन्छ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जननी प्रथमं वन्द्या सर्वदेवगरीयसी ।
पितृदेवैस्ततो भाव्यमात्मनः शुभमिच्छुभिः ॥२३॥

सबै देवताभन्दा ठूली आमा हुन् त्यसैले आफ्नो कल्याण चाहनेले पहिले आमालाई प्रणाम गर्नुपर्दछ । त्यसपछि पितालाई ।

गुरुदेवस्ततो वन्द्यः परिपाल्य वचस्तयोः ।
लब्धानुज्ञः समागच्छेरुपदेक्ष्यामि ते हितम् ॥२४॥

त्यसपछि गुरुलाई प्रणाम गर्नुपर्छ । त्यसैले पहिले आमाबाबुको वचन पालन गरी आऊ अर्थात् आज्ञा लिएर आऊ, अनि मात्र म तिम्रो कल्याण हुने कुराको उपदेश गर्ने छु ।

इति तद्वचनं प्राप्य पित्रन्तिकमुपाययौ ।
सर्वं निवेदयामास गुर्वनुज्ञामनुस्मरन् ॥२५॥

गुरुका यस्ता वचन सुनेर पितामाता भएको ठाउँमा जानुभयो र गुरुले भनेका सम्पूर्ण वचन स्मरण गर्दै निवेदन गर्नुभयो ।

तपस्तप्तुमहं तात ! वाञ्छामि गुरुसेवया ।
देह्यनुज्ञां विरक्तोऽस्मि संसाराद् दुःखसागरात् ॥२६॥

हे पिताजी ! म यस दुःखरूपी संसार सागरबाट विरक्त भएको छु । मलाई संसारको कुनै वस्तु चाहिँदैन । म गुरुसेवा गर्दै तपस्या गर्न चाहन्छु, त्यसैले मलाई आज्ञा दिनुहोस् ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तितप्सोर्गुरुशुश्रूषोरात्मजस्य विरागिणः ।
निशम्यामुष्मिकीमिच्छामुवाचाकुटिलः पिता ॥२७॥

संसारबाट विरक्त भएका आफ्ना छोराको गुरुसेवा गर्दै तपस्या गर्ने र परलोक सुधार्ने कुरा सुनी सरल हृदय भएका पिताले भन्नुभयो ।

विवाहार्थं वयं सर्वे सोद्यताः स्मस्तवात्मज !
भ्रातरोऽनुकरिष्यन्ति क्रमभङ्गो हि निन्दितः ॥२८॥

हे पुत्र ! हामी त तिम्रो विवाहको तयारीमा लागेका छौँ । अब विवाह गर्ने तिम्रो पालो आएको छ, तिम्रो विवाह नगरी अरू भाइहरूको विवाह गर्नुहुँदैन किनकि क्रमभङ्ग गर्नु शास्त्रानुसार निन्दित कर्म हो ।

पित्रोस्तद्वचनं श्रुत्वा पुत्रः स्वाशयमब्रवीत् ।
विवाहं न करिष्यामि न सुखं विषयैषिणाम् ॥२९॥

पिताका ती वचन सुनेर पुत्रले आफ्नो अभिप्राय बताउनुभयो- म विवाह कदापि गर्ने छैन किनकि संसारका विषयले सुख दिँदैनन् ।

लोहबद्धो विमुच्येत स्त्रीबद्धो न कदाचन ।
भोगेन वर्धते तृष्णा सा नित्यं दुःखवर्धिनी ॥३०॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बरु फलामका साङ्लाले बाँधिएको व्यक्ति मुक्त होला तर नारीको प्रेम बन्धनले बाँधिएको पुरुष कहिल्यै मुक्त हुँदैन । भोगले तृष्णा मेटिँदैन, झन् बढिरहन्छ र त्यसले सुखको सट्टा दुःख दिइरहन्छ ।

तृष्णामेकां विजित्यैव जगद् विजयते नरः ।
तृष्णाग्नौ विषयान् हुत्वा घृतेनेव न शाम्यति ॥३१॥

एउटा तृष्णालाई जित्यो भने त्यो मानिस संसारलाई जित्न सक्छ । तृष्णा पूरा गर्न विषय भोग गऱ्यो भने बलेको आगोमा घिउ खन्याएर आगो ननिभेझैँ तृष्णा पूरा हुँदैन, झन् बढिरहन्छ ।

न चेन्द्रस्य सुखं तात न सुखं चक्रवर्तिनः ।
सुखमस्ति विरक्तस्य मुनेरेकान्तसेविनः ॥३२॥

हे पिताजी ! स्वर्गका राजा इन्द्रलाई सुख छैन । चक्रवर्ती राजालाई पनि सुख छैन तर एकान्तमा बसी ईश्वर चिन्तन गर्ने मुनिलाई सुख हुन्छ ।

आगताः कति संसारे निमग्ना मोहसागरे ।
शाश्वतं न सुखं प्रापुर्वराका वा पिपीलिकाः ॥३३॥

संसारमा कति आए, ती भवसागरमा लिप्त भए, बिचरा तिनले कहिल्यै सुख पाएनन् । अनि कमिलाझैँ मरेर समाप्त भए ।

शतायुर्मन्यते मर्त्यो रात्रावर्धं प्रयच्छति ।
बाल्ये पञ्चदशं याति वार्धक्ये रोगतस्तथा ॥३४॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मानिसको सय वर्षको आयु हो । रातिमा आधा आयु सुतेर जान्छ । बाल्यावस्थामा १५ वर्ष निरर्थक बित्छ । बूढो भएर रोगले ग्रस्त गरेर पनि आयु त्यसै बित्छ ।

अवशिष्टे तु किं भोग्यं नश्वरं दुःखदायकम् ।
मानुषं जन्म संप्राप्य चिन्तनीयं हरेः पदम् ॥३५॥

बाँकी रहेको आयु पनि क्षणभङ्गुर र दुःखदायी छ । यस्तो मानवको जन्म प्राप्त गरेर भगवान् हरिको चरणको चिन्तन गर्नुपर्छ जीवन खेर फाल्नु हुन्न ।

सिङ्घाणकफलालार्द्रे पुरीषभरिते घटे ।
यथा न रमते विद्वान् वेष्टितेऽपि सुवाससा ॥३६॥

सिगान, कफ, र्‍यालले लतपतिएको, दिसाले भरिएको घडालाई राम्रा कपडाले बेरिएको भए तापनि त्यो यथार्थ जान्ने व्यक्ति त्यसमा आसक्त हुँदैन ।

बहुरोगसमाक्रान्ते नश्वरे पाञ्चभौतिके ।
न रमे नरकद्वारे मारागारेऽतिगर्हिते ॥३७॥

धेरै रोगले आक्रमण गरेको नाश हुने पञ्चभूतबाट बनेको शरीर त्यसमा पनि अति निन्दनीय र नरकको द्वार भएको इन्द्रियमा मेरो मन रमाउन्न ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ब्रह्मचर्येण तपसा देवत्वमगमन्नराः ।
अतोऽहमपि तन्मार्गात् पदमिच्छामि शाश्वतम् ॥३८॥

ब्रह्मचर्य धारणरूपी तपस्याद्वारा मानिसले देवत्वपद प्राप्त गरे । त्यसैले म पनि त्यही मार्गबाट अविनाशी पद प्राप्त गर्न चाहन्छु ।

विहाय शाश्वतं वस्तु नश्वरं योऽभिवाञ्छति ।
पीयूषकलशं हित्वा गरलं सोऽनुसेवते ॥३९॥

मानवको जन्म पाएर जसले अविनाशी ईश्वरलाई छोडेर नाशवान् सांसारिक विषयवस्तुको चाहना गर्दछ, त्यसले अमृतको कलशलाई लत्याएर विष सेवन गर्दछ ।

देहि मे वचनं तात तपस्तप्तुं शुभार्थिने ।
भ्रातरः परिणह्यन्तु दूषयामि न काँश्चन ॥४०॥

हे पिताजी ! म आफ्नो कल्याणको लागि तपस्या गर्न चाहन्छु, त्यसैले आज्ञा दिनुहोस् । भाइहरूले विवाह गरुन् म कसैलाई दोष दिने छैन ।

कामये गुरुशुश्रूषां चिन्तये शाश्वतं पदम् ।
ध्यायामि हरिपादाब्जं तप्तुमिच्छामि कानने ॥४१॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हे पिताजी ! म गुरुसेवा र अविनाशी ईश्वरको चिन्तन गर्न चाहन्छु । हरि भगवान्को चरणको ध्यान गर्छु त्यसैले वनमा गएर तपस्या गर्न चाहन्छु ।

भक्तिज्ञानविरागाप्तं सर्वशास्त्रार्थसंयुतम् ।
सुतस्य वचनं श्रुत्वा पिता भावान्वितोऽब्रवीत् ॥४२॥

सम्पूर्ण शास्त्रको सारले भरिएका, भक्ति, ज्ञान र वैराग्यले परिपूर्ण भएका आफ्ना पुत्रका वचन सुनेर भावविह्वल भएका पिताले भन्नुभयो ।

गच्छ तर्हि गुरोः पार्श्वे गुरुशुश्रूषणोत्सुकः ।
ज्ञात्वा तत्त्वमथागच्छेः तारयेर्नो भवार्णवात् ॥४३॥

गुरु सेवामा अत्यन्त उत्कट चाहना भएको भए जाऊ तर गुरुसेवाद्वारा ज्ञान प्राप्त गरेपछि हामीलाई यस भवसागरबाट पार लगाए ।

पित्रोरिति वचःश्रुत्वा प्रणम्य चरणौ तयोः ।
प्राप्तवान् गुरुसान्निध्यं पितुराप्तमनोरथः ॥४४॥

पितामाताका यस्ता वचन सुनेपछि आफ्नो इच्छा पूरा हुने जानेर उहाँहरूका चरणमा प्रणाम गरी गुरुका समीपमा जानुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



निवेद्य वचनं पित्रोस्तस्थौ गुरुरुवाच तम् ।
पितरौ ते दयावन्तौ पुत्रकल्याणकारिणौ ॥४५॥

पितामाताको आज्ञा पाएको कुरा गुरुलाई निवेदन गरेर गुरुको समीपमा बस्नुभयो । अनि गुरुले भन्नुभयो- तिम्रा पितामाता अत्यन्त दयालु र पुत्रको कल्याण चाहनेवाला रहेछन् ।

ईदृशं वचनं सर्वे न प्रयच्छन्ति बालक !
तव भाग्योदयो जातो लब्धमित्थं पितुर्वचः ॥४६॥

हे बालक ! यस्तो कल्याणकारी वचन सबैका मातापिताले दिन सक्दैनन् । तिम्रा पिताबाट असल कार्यका लागि आज्ञा प्राप्त भयो त्यसैले अब तिम्रो भाग्योदय भयो ।

अथात्र वस चेदिच्छा चरन् वैदिकपद्धतिम् ।
सत्कर्मणा चित्तशुद्धिर्भक्तिर्ज्ञानं च जायते ॥४७॥

यदि तिम्रो यहाँ बस्ने इच्छा हुन्छ भने ब्रह्मचारीले गर्नुपर्ने वैदिक सदाचारको पालना गर्दै बस । सत्कर्मद्वारा चित्त शुद्ध हुन्छ, त्यसपछि भक्ति र ज्ञान उत्पन्न हुन्छन् ।

भक्तिप्रियो हरिश्चित्ते यस्य तिष्ठति सर्वदा ।
राजते ज्ञानरूपेण ज्ञानान्मुक्तिर्न संशयः ॥४८॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भक्तिका प्यारा हरि भगवान् जसका हृदयमा सदा रहनुहुन्छ, त्यो ज्ञानको रूपमा प्रकाशित हुन्छ, ज्ञान भएपछि अवश्य भवसागरबाट मुक्ति मिल्दछ ।

प्रथमं त्वत्र यत्नेन कर्तव्यं कर्म वैदिकम् ।
विप्रस्य प्रथमो वेदस्तस्माच्छास्त्राणि निर्बभुः ॥४९॥

यस ब्रह्मचर्य आश्रममा पहिले वेदले निर्देश गरिएका कर्म गर्नुपर्दछ । ब्राह्मणका लागि सबैभन्दा मुख्य वेद हुन् ती वेदबाट सम्पूर्ण शास्त्र उत्पन्न भएका हुन् ।

प्रथमं दैनिकं कर्म वच्मि ते ध्यानतः श्रृणु ।
ब्राह्मे मुहूर्ते चोत्थाय कर्तव्यं ब्रह्मचिन्तनम् ॥५०॥

पहिले दैनिक कर्म केके हुन् ती बताउँछु ध्यानपूर्वक सुन । ब्रह्ममुहूर्तमा बिहानै उठेर ब्रह्मचिन्तन गर्नुपर्छ ।

इष्टदेवनमस्कारस्तदन्ते करदर्शनम् ।
गणेशप्रार्थना कार्या हरेर्नामानुकीर्तनम् ॥५१॥

त्यसपछि क्रमशः आफ्ना इष्ट देवलाई प्रणाम गर्नू, करदर्शन गर्नू, गणेशजीको प्रार्थना गर्नू अनि भगवान्को नाम स्मरण गर्नू ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



प्रातरुत्थाय कौ पादस्थापनात्पूर्वमेव हि ।
तत्प्रार्थना विधातव्या मातैव धरणी स्मृता ॥५२॥

बिहान उठिसकेपछि पृथ्वीमा पाउ राख्नुभन्दा पहिले पृथ्वीको प्रार्थना गर्नू किनभने पृथ्वी आमा नै हुन् ।

मलमूत्रपरित्यागो विधिवद् दन्तधावनम् ।
स्नानं च मन्त्रवत्कार्यमापोऽअस्मानिति श्रुतेः ॥५३॥

त्यसपछि मलमूत्रत्याग, विधिवत् दन्तधावन, "आपोऽअस्मान्" इत्यादि वैदिक मन्त्रपूर्वक स्नान गर्नुपर्दछ ।

आकृष्णेनेति सूर्यार्घ्यं देवर्षिपितृतर्पणम् ।
धौतवासांसि सन्धार्य कुशासनमथाविशेत् ॥५४॥

स्नानपछि "आकृष्णेन रजसा" यो मन्त्रले सूर्यलाई अर्घ्य दिनू, देवता, ऋषि र पितृलाई समन्त्र तर्पण दिनू अनि शुद्धवस्त्र लगाएर कुशको आसनमा बस्नू ।

त्रिपुण्ड्रधारणं कुर्यात् त्र्यम्बकत्र्यायुषादिभिः ।
ततः सन्ध्या प्रकर्तव्या विधिना स्थिरचेतसा ॥५५॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्यसपछि "त्र्यम्बकं यजामहे" र "त्र्यायुषं जमदग्नेः" यी मन्त्रद्वारा पञ्चाक्षरी मन्त्रसहित वा 'सद्योजातम्' इत्यादि ५ मन्त्रद्वारा अभिमन्त्रण गरेर त्रिपुण्ड्र लगाउनू । त्यसपछि चित्त स्थिर गराएर विधिपूर्वक गायत्री जप्नू ।

प्रातः सन्ध्यां समाप्यैव पञ्चायतनपूजनम् ।
गुरोश्चरणसंस्पर्शस्ततो वेदानुशीलनम् ॥५६॥

बिहानी सन्ध्या सकेर पाञ्चायन देवताको पूजा गर्नू । त्यसपछि गुरुको चरणवन्दना गरेर वेद पढ्न थाल्नू ।

प्रथमं मातृदेवःस्याः पितृदेवस्ततः परम् ।
भव आचार्यदेवश्च सततं विगतस्पृहः ॥५७॥

पहिले सम्पूर्ण कामना त्यागेर मातृदेवो भव, पितृदेवो भव, आचार्य देवो भव, यी श्रुतिवाक्यको अनुसरण गर्नू ।

वेदोपनिषदां मार्गैर्ब्रह्मसूत्रादिचिन्तनैः ।
गीतादिमननैश्चैव लभ्यतेऽद्वय ईश्वरः ॥५८॥

वेद र उपनिषद्ले देखाएको बाटोबाट ब्रह्मसूत्रको चिन्तन तथा गीता अध्ययन गर्ने व्यक्तिले अखण्ड अद्वय ईश्वर प्राप्त गर्न सक्छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



शमादिषट्कसम्पत्या मुमुक्षुत्वं प्रजायते ।
अतो वैदिकमार्गेण चलितव्यं द्विजातिभिः ॥५९॥

शम, दम, उपरति, तितिक्षा, श्रद्धा, समाधान, यी षट्सम्पत्तिद्वारा मुमुक्षुत्व भावना जाग्छ । यसरी ब्राह्मणादिले आआफ्नो वेदको बाटोमा चल्नुपर्दछ ।

नित्यानित्यविवेकेन ब्रह्म सत्यं प्रतीयते ।
इहामुत्र फलाकाङ्क्षात्यागेन विरतो भव ॥६०॥

ईश्वर नित्य छ र तद्भिन्न सम्पूर्ण अनित्य छ यो विवेकद्वारा ब्रह्मको सत्यता ज्ञात हुन्छ । यस लोक र परलोकको फलभोग गर्ने आकाङ्क्षा त्यागेर विरक्त हुनुपर्दछ ।

विप्रस्तु प्रथमस्तेषां भूदेव इति कीर्तितः ।
वैदिकाचाररक्षैव तस्य मुख्यं प्रयोजनम् ॥६१॥

सम्पूर्ण जातिमध्ये विप्रलाई पृथिवीको देवता मानिएको छ । वैदिक आचरणको पालना गर्नु नै त्यसको मुख्य प्रयोजन हो ।

इत्थमस्मद्गुरोः पन्थाः पारम्पर्यागतो दृढः ।
सनातनो वैदिकश्च नारायणमुखोद्भवः ॥६२॥

यो सनातन वैदिक मार्ग भगवान्का मुखबाट निस्किई ऋषिमुनि हुँदै परम्पराबाट आएको हो भन्ने कुरा मैले मेरा गुरुबाट प्राप्त गरेको हुँ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



व्यासादिभिर्वाङ्मयं यत् तपसा विपुलीकृतम् ।
चर तेन पथा नित्यं ! शाश्वतं पदमाप्नुयाः ॥६३॥

हे शिष्य ! वेदव्यास आदि महापुरुषहरूद्वारा जुन वैदिक धर्म र कर्मको बारेमा विवेचना गरी विशाल वाङ्मयको निर्माण भएको छ, त्यही बाटो अवलम्बन गरी हिँड, जसबाट ईश्वर प्राप्त गर्नेछौ ।

गुरूपदिष्टं परिपाल्य सादरं
शास्त्रानुवृत्त्या परमात्मचिन्तनैः ।
शिवार्चनाब्रह्मविचारणादिभि-
स्तपस्विनस्तत्र गतं दिवानिशम् ॥६४॥

यसरी गुरुको उपदेशलाई आदरपूर्वक परिपालन, शास्त्रानुसार परमात्माको चिन्तन, भगवान् शिवको पूजन र ब्रह्मविवेचनद्वारा तपस्वी ब्रह्मचारीका दिनरात बित्न थाले ।

*इति श्रीमत्परमानन्दचरितामृते द्वितीयं सोपानम् ।*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# अथ तृतीयं सोपानम्

निशम्य दिव्यं वचनं गुरोरिदं
वर्णी विनष्टान्तरसंशयोऽमलः ।
बद्धाञ्जलिर्वेदपथं विवित्सुः
प्रणम्य श्रद्धान्वितया गिराऽवदत् ॥१॥

गुरुका यस्ता दिव्य वचन सुनेर सम्पूर्ण भित्री सन्देह समाप्त भई निर्मल हृदय भएका ब्रह्मचारीले हात जोडेर वैदिक मार्गको जिज्ञासु बनी गुरुलाई प्रणाम गर्दै श्रद्धाले भरिएका वचन बोल्नुभयो ।

को वेदः कति तद्भेदाः कः कर्तैषां विभाजकः ?
कस्मिन्युगे समुत्पत्तिः किञ्च तेषां प्रयोजनम् ? ॥२॥

वेद भनेको के हो ? त्यसका भेद कति छन् ? तिनका निर्माता को हुन् ? विभाजनकर्ता को हुन् ? कुन युगमा तिनको उत्पत्ति भयो र ती केका लागि बनेका हुन् ?



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तत्र के विषयाः सन्ति विप्राचारः कथं स्मृतः ?
अस्माभिरथ किं ज्ञेयं संसारोऽयञ्च कीदृशः ? ॥३॥

वेदमा के के विषयको वर्णन छ ? वेदले ब्राह्मणलाई कस्तो आचरण गर्नू भनेको छ ? हामीले अब जान्नुपर्ने के हो ? यो संसार कस्तो छ ?

एते प्रश्नाः समुत्पन्ना हृदि मे करुणानिधे !
जटिनस्तद्वचः श्रुत्वा गुरुरित्थमुवाच तम् ॥४॥

हे करुणानिधि ! मेरो हृदयमा यस्ता प्रश्न उत्पन्न भएका छन् । जटाधारी ब्रह्मचारीका यस्ता वचन सुनेर गुरुले यस्तो भन्नुभयो ।

अनादिनिधनं ज्ञानं वेत्थ ब्रह्म सनातनम् ।
एकमेवाद्वितीयञ्च तस्मिन्निच्छा समुत्थिता ॥५॥

उत्पत्ति र विनाशरहित जुन ज्ञान हो त्यही सनातन ब्रह्म हो भन्ने जानिराख । त्यो एकमात्र अद्वितीय ब्रह्ममा इच्छा शक्ति उत्पन्न भइन् ।

बहुः स्यामिति संजाता प्रकृतिः परमा परा ।
अपरा च ततः सर्वमव्यक्तं व्यक्तमेव च ॥६॥

म एक छु धेरै बनूँ भन्ने यस्तो इच्छा शक्तिबाट श्रेष्ठ पराप्रकृति उत्पन्न भइन् । त्यसपछि अपराप्रकृति र सबै व्यक्त अव्यक्तात्मक जगत् उत्पन्न भयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ब्रह्माण्डे विपुलाकारे पद्मनाभो जलेऽभवत् ।
पद्मे सृष्टिविधानार्थमसृजच्चतुराननम् ॥७॥

पहिले स्थूल ब्रह्माण्ड जहाँ जलशायी भगवान् नारायणको नाभिमा कमल र कमलमा जगत्सृष्टिकर्ता चतुर्मुखी ब्रह्मा उत्पन्न हुनुभयो ।

ततस्त्वोङ्कार उद्भूतो बीजं यच्छब्दब्रह्मणः ।
नारायणमुखाद् वेदाः श्वासरूपेण निर्गताः ॥८॥

त्यसपछि शब्दब्रह्मको बीजभूत ॐकार उत्पन्न भयो अनि भगवान् नारायणका मुखबाट श्वासको रूपमा सम्पूर्ण वेद उत्पन्न भए ।

तान् सम्यक् पालयामास सृष्टचादौ चतुराननः ।
पश्चाच्चतुर्मुखाल्लोके नारदादिभिराश्रिताः ॥९॥

ती वेदलाई सृष्टिको आदिमा चर्तुमुखी ब्रह्माले सुरक्षित राख्नुभयो । अनि पछि ब्रह्माजीबाट नारद आदिले प्राप्त गर्नुभयो ।

वेदानपौरुषेयत्वात् कल्पकल्पान्तरे स्थितान् ।
एकीकृत्य जगत्स्रष्टा मुनीनुपदिदेश ह ॥१०॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कहिल्यै नाश नहुने कल्पकल्पान्तरमा रहिरहने हुनाले ती वेद अपौरुषेय मानिन्छन्, अर्थात् कुनै पुरुषद्वारा निर्मित होइनन् । ती सबैलाई एकीकरण गरेर सृष्टिकर्ता ब्रह्माजीले नारदादि मुनिहरूलाई उपदेश दिनुभयो ।

चतुर्मुखात्समायातं बिभिदे वासवीसुतः ।
चतुर्धैकं ज्ञानपुञ्जमज्ञानान्धविनाशकम् ॥११॥

अज्ञानरूपी अन्धकार नाश गर्ने ज्ञानको पुञ्जलाई चतुर्मुखी ब्रह्माजीका मुखबाट प्राप्त गरे अनुसार व्यासले चार भागमा विभाजन गर्नुभयो ।

ऋग्यजुः सामाथर्वाख्या वेदाश्चत्वार उद्धृताः ।
वेदं विव्यास यस्मात्तु तस्माद् व्यासः प्रकीर्तितः ॥१२॥

ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद यसरी चार भागमा वेदलाई विभाजन गरेको हुनाले व्यासको वेदव्यास भन्ने नाम प्रसिद्ध भयो ।

ऋग्यजुः सामाथर्वानां ग्रहीतारः सशिष्यकाः ।
चत्वारो व्यासशिष्याश्च तेषां संरक्षणोत्सुकाः ॥१३॥

ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदलाई शिष्य गणले युक्त भएका व्यासका चार शिष्यले संरक्षण गरे ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पैलो वैशम्पायनश्च जैमिनिश्च सुमन्तुकः ।
क्रमादेकैकवेदस्य ग्राहकाश्चोर्ध्वरेतसः ॥१४॥

व्यासका शिष्य पैल, वैशम्पायन, जैमिनि र सुमन्तु यी आबाल ब्रह्मचारीले क्रमशः ऋक्, यजु, साम, अथर्व वेदको जिम्मा लिए ।

वेदं निर्मथ्य लोकानां हिताय भारतं महत् ।
पुराणोपपुराणानि व्यासः शास्त्राण्यरीरचत् ॥१५॥

वेदको अर्थ बुझ्न नसक्ने सर्वसाधारणको कल्याण गर्ने भावनाले व्यासले वेदलाई मन्थन गरेर महाभारत, अठार पुराण र उपपुराण आदि ग्रन्थहरू रचना गर्नुभयो ।

ज्ञानकर्मोपासनानि मुख्यत्वेनाश्रितानि च ।
यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत् क्वचित् ॥१६॥

वेदमा कर्म, उपासना र ज्ञान मुख्य तीन विषयहरू प्रतिपादन गरिएका छन् । जुन कुरा वेदमा छ त्यो नै सम्पूर्ण शास्त्रमा छ, जुन कुरा वेदमा छैन त्यो अन्यत्र कहीँ छैन ।

अप्रतर्क्य षडङ्गोऽयमध्येतव्यो द्विजोत्तमैः ।
बोद्धव्यः स्वत्वरक्षार्थं ज्ञानराशिः शुभेप्सुभिः ॥१७॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आफ्नो कल्याण चाहने विप्रले स्वत्व रक्षाका लागि कुनै शङ्का नगरी षडङ्गसहित ज्ञानको राशि वेदको अध्ययन र तदनुकूल आचरण गर्नुपर्दछ ।

ब्राह्मणस्यादिकर्तव्ये वेदाध्ययनचिन्तने ।
वैदिकाचारतो नित्यं वर्तितव्यं शमिच्छुभिः ॥१८॥

ब्राह्मणको मुख्य कर्तव्य वेदको अध्ययन र तदनुकूल चिन्तन गर्नु हो । आफ्नो कल्याण चाहनेले नित्य वेदले निर्देशन गरे अनुसारको आचरण गर्नुपर्दछ ।

श्रुतिस्मृतिपुराणेषु विप्राचारः प्रकीर्तितः ।
तत्र सम्यग्वर्तमानः सदाचारी सुधीः स्मृतः ॥१९॥

श्रृति, स्मृति र पुराणहरूमा ब्राह्मणको आचरण बताइएको छ । त्यसअनुसार चल्ने मानिस सदाचारी र विद्वान् मानिन्छ ।

स यात्युच्चैर्गतिं शिष्य ! योगमार्गपरायणः ।
वैदिकाचारहीनस्तु यात्यधो गतिमांहसीम् ॥२०॥

हे शिष्य ! वेदले बताएअनुसार आचरण गर्ने व्यक्ति योग मार्गद्वारा उच्च गतिमा जान्छ । वैदिक आचारले हीन भएको व्यक्ति अधो गति अर्थात् नारकी योनिमा जान्छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अतः सत्कर्म कर्तव्यं वैदिकाचारसंयुतम् ।
सत्कर्मणा चित्तशुद्धिस्तत्रोत्पन्ना सुभावना ॥२१॥

त्यसैले वैदिक आचारयुक्त सत्कर्म गर्नुपर्दछ । सत्कर्मद्वारा चित्तशुद्धि हुन्छ र शुद्ध चित्तमा सद्भावना उत्पन्न हुन्छ ।

यच्चित्ते हरिभक्तिः स्यात् श्रद्धायुक्ता सुनिर्मला ।
सदसद्बोधिनी प्रज्ञा ततोऽसति विरागता ॥२२॥

जुन चित्तमा श्रद्धाले युक्त निर्मल भक्ति हुन्छ त्यहाँ सत् र असत् वस्तु छुट्ट्याउने प्रज्ञा उत्पन्न हुन्छ र असत्य वस्तुप्रति विरक्ति उब्जन्छ ।

विरागभक्तिसंयुक्ते साधनाशुद्धचेतसि ।
भगवद्धारणापन्ने सद्बोधः कृपया गुरोः ॥२३॥

वैराग्य र भक्तिले युक्त साधनाद्वारा खारिएको शुद्ध चित्तमा भगवच्चिन्तन भयो भने गुरुको कृपाद्वारा त्यसलाई सत्पदार्थको बोध हुन्छ ।

मुक्तिः करतले भक्त्या भगवत्कृपया कलौ ।
ज्ञानेन च भवेन्मुक्तिर्मार्गोऽयं कलिदुर्गमः ॥२४॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भगवान्‌को भक्तिद्वारा कलियुगमा मुक्ति सरल तरिकाले हुन्छ । ज्ञानद्वारा पनि मुक्ति हुन्छ तर कलियुगमा त्यो मार्ग अति दुर्गम छ ।

संसारः सारहीनोऽस्ति मृगतृष्णेव धन्वनि ।
तस्मादसारसंसारे मोहं त्यक्त्वा सुखी भव ॥२५॥

यो संसार मरुभूमिको बालुवामा सूर्यको किरण परी टल्किँदा पानीको रूपमा प्रतीत हुने मृगतृष्णाझैँ हो अर्थात् सारहीन असत्य र नश्वर हो । त्यसैले यो असार संसारमा मोह त्यागेर सुखी बन ।

तपसा कायशुद्धिः स्याच्छब्दशास्त्रेण वाक्छुचिः ।
यमेनेन्द्रियशुद्धिश्च मनःशुद्धिर्निरिच्छया ॥२६॥

तपस्याद्वारा शरीर शुद्ध हुन्छ । व्याकरणशास्त्रको अध्ययनद्वारा वाणी शुद्ध हुन्छ । निरोधद्वारा इन्द्रिय शुद्ध हुन्छन् । इच्छा त्यागेपछि मन शुद्ध हुन्छ ।

शुद्ध्यति ध्यानतो बुद्धिः ब्रह्मणः परमात्मनः ।
तपसा ब्रह्मचर्येण देवो भवति मानवः ॥२७॥

परमात्माको ध्यानद्वारा बुद्धि पवित्र हुन्छ । ब्रह्मचर्यधारणरूपी तपस्याद्वारा मानव पनि देवता बन्न सक्छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तपसाग्रे विधिः प्राप्य शक्तिं सदसदात्मिकाम् ।
सृष्टिं चकार मुनयस्तपस्तेपुः स्वशक्तये ॥२८॥

सृष्टिको आदिमा जगत्कर्ता ब्रह्माले तपस्याबाट सदसदात्मिका शक्ति प्राप्त गरेर चराचर जगत्को सृष्टि गर्नुभयो । ऋषिमुनिहरूले पनि आफ्नो शक्ति तपस्याबाट नै प्राप्त गरे ।

तस्मात् त्वमपि विप्रेन्द्र ! तपसा शक्तिमर्जय ।
निःस्वार्थतो वेदधर्मं विस्तारय सनातनम् ॥२९॥

हे ब्राह्मणश्रेष्ठ ! त्यसैले तिमीले पनि तपस्याद्वारा शक्ति प्राप्त गर र निःस्वार्थरूपमा सनातन वैदिक धर्मको विस्तार गर ।

मानवस्य जनिं प्राप्य यो न धर्मं करोति सः ।
नारकीं योनिमाप्नोति मृत्वा जीवन् महीभरः ॥३०॥

मानवको जन्म प्राप्त गरेर जसले धर्म गर्दैन त्यो मरेपछि नरकमा जान्छ, बाँचुन्जेल पृथिवीको भार भएर रहन्छ ।

इत्थं निशम्य गुरुवक्त्रजमर्थपूर्णं
तापत्रयाघहरणं वचनं पवित्रम् ।
सञ्चिन्तयन् हरिपदं जनिकारणघ्नं
तप्तुं तपो दृढतरं स इयेष गन्तुम् ॥३१॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गुरुका मुखारविन्दबाट यस्ता अर्थपूर्ण एवं सम्पूर्ण दुःख नाश गर्ने पवित्र वचन सुनेर जन्ममृत्युको बीजलाई नाश गर्ने भगवान् हरिका चरणकमलको चिन्तन गर्दै दृढ तपस्या गर्नका लागि अन्यत्र जाने इच्छा गर्नुभयो ।

गुरोर्वाचमुपाश्रित्य तत्सेवानिरतः सदा ।
सुशास्त्राभ्याससंलग्नस्तत्रैव तपसि स्थितः ॥३२॥

तर गुरुले यहीँ बसी तपस्या गर भन्नुभएकाले सो आज्ञा पालन गर्दै गुरुको सेवा र शास्त्रको चिन्तन गर्दै त्यहीँ तपस्यामा बस्नुभयो ।

कियत्कालं स्थित्वा मुसुडिति सुनाम्न्याश्रमपदे
झुलेनीतिख्यातं गहनतुहिनाच्छन्नशिखरम् ।
सहैवोभौ यातौ कतिचिदिह याताः सुशरदः ।
ततस्त्वैच्छत्तप्तुं रहसि परमानन्दहृदयम् ॥३३॥

केही समय गुरुको साथमा मुसुङको आश्रममा बसेर गुरुशिष्य दुवै हिउँले ढाकिएको अति उच्च झुलेनीको शिखरमा जानुभयो । त्यहाँ केही बर्ष बसी तपस्या गरेपछि उहाँलाई एक्लै अन्तै तपस्या गर्न जान मन लाग्यो ।

ज्ञात्वा हृदिस्थमभिलाषमथो गुरुश्च
दत्वाशिषं च तपसे वनमादिदेश ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



लब्ध्वा गुरोः सुवचनं प्रविवेश धन्यं
तं नौमि तापसवरं वनमाविशन्तम् ॥३४॥

शिष्यको हृदयको भावना बुझेर गुरुले आशीर्वादपूर्वक तपस्या गर्न वनमा जान आदेश दिनुभयो । गुरुको आदेश पाएर उहाँ तपस्याका लागि वनमा जानुभयो । यस्ता तपस्या गर्न वनमा जाँदै गरेका ती परमानन्द गुरुलाई म प्रणाम गर्छु ।

कदाचित् तिञ्चूलेगिरिषु जलवस्त्रान्नरहित-
स्तथा सोलीघोप्टेशिखरकुहरे ध्याननिरतः ।
हिलेथाप्लेशैले बहुसमयपर्यन्तमतपत्
न जाने तत्सर्वं सुकृतचरितं गूढतपसः ॥३५॥

कहिले तिन्चुलेको लेकमा जल, अन्न, वस्त्र त्यागेर तपस्यामा बस्नुभयो । कहिले सोलीघोप्टेमा समाधि लगाएर भगवान्‌को चिन्तनमा मग्न हुनुभयो । कुनै समय हिलेमा कहिले थाप्लेको लेकमा तपस्या गरी बस्नुभयो । उहाँले आफूले गरेको तपस्या कहाँ कति गर्नुभयो त्यो बताउनुभएन त्यसैले त्यो सबै जान्न कठिन छ ।

*इति श्रीमत्परमानन्दचरितामृते तृतीयं सोपानम् ।*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# अथ चतुर्थ सोपानम्

दिब्रुङ

भ्रमन् ततोऽरण्यपथं भयङ्करं
वनाद् वनं व्याघ्रमृगेन्द्रसेवितम् ।
न कोऽपि यातुं कुरुतेऽत्र साहसं
जगाम तत्राभयमानसोऽमलः ॥१॥

झुलेनीको लेकबाट डरलाग्दा बाघ सिंह आदिले भरिएका वनको बाटो पार गर्दै कोही मानिस जान साहस गर्न नसक्ने घनघोर वनमा जानुभयो । किनभने उहाँमा डर केही थिएन ।

श्रृङ्गाण्यनेकान्यवलोक्य नूतनेऽ-
विज्ञाततत्त्वे विपिने कदाचन ।
निशामुखे प्राकृतिकी गुहाऽऽश्मनी
प्राप्ताऽवसत् यापयितुं निशीथिनीम् ॥२॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अनेक पहाडका टाकुरा चहार्दै, केही पत्तो पाउन नसकिने जंगलमा कुनै दिन साँझ पर्ने बेलामा एउटा ओडार फेला पार्नुभयो र त्यो रात त्यही ओडारमा बिताउनुभयो ।

पाषाणकशिपुङ्कृत्वा सुष्वाप परुषावनौ ।
बुभुक्षातिशयाज्जाड्यात् तस्य देहोऽतिकम्पितः ॥३॥

ढुङ्गाको सिरानी बनाएर साह्रो भुइँमा सुत्नुभयो । तर भोक लागेको कारणले र जाडाले गर्दा शरीर काँप्न थाल्यो ।

यात्राश्रमादर्धरात्रे निद्राऽऽयाता सुखप्रदा ।
स्वप्नोऽभूदतिसन्तोषवर्धको मोददायकः ॥४॥

दिनभरि हिँडेर थाकेको कारणले गर्दा आधारात बितेपछि सुखप्रद निद्रा आयो । त्यसैबेला अति शुभ सपना देख्नुभयो ।

स्वप्ने तेजस्विनौ हृष्टौ पार्वतीपरमेश्वरौ ।
स्ववाहनसमारूढौ ददर्शातिमनोरमौ ॥५॥

सपनामा अतितेजस्वी तथा प्रसन्न अवस्थामा आफ्ना वाहनमा चढेका शिव र पार्वतीले दर्शन दिनुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गणेशं मूषकारुढं प्रसन्नवदनाम्बुजम् ।
दृष्टवान् परमानन्दश्चार्धनारीश्वरं पुनः ॥६॥

प्रसन्न र हँसिला एवं मुसामा चढेका गणेशजी र पुनः अर्धनारीश्वर भगवान् शिवलाई देख्नुभयो ।

अथो भगवताऽऽदिष्टं त्वमत्र विमलस्थले ।
निर्भयं तप शान्तात्मन्नाशिषः सन्तु सर्वदा ॥७॥

त्यसपछि भगवान्ले उहाँलाई भन्नुभयो- हे शान्तात्मन् ! तिमीले यस पवित्र स्थलमा तपस्या गर, मेरो आशीर्वाद सदा रहनेछ ।

रूपं भगवतो दिव्यं दृष्ट्वा स्वप्नान्निवर्तितः ।
समुत्थाय शुचिर्भूत्वा दृढसङ्कल्पमानसः ॥८॥

सपनामा भगवान्को दिव्य रूप देखेर जाग्नुभयो । उठेर स्नानादि गरी त्यहीँ बसेर तपस्या गर्ने अठोट गर्नुभयो ।

खस्रुनाम्ना प्रसिद्धेऽत्र तरुमूले जितेन्द्रियः ।
तपस्तेपे प्रशान्तात्मा ध्यायन् हरिहरं मुदा ॥९॥

त्यहाँ प्रसिद्ध खस्रु नाम भएको ठूलो रुख थियो, त्यसको फेदमा बसी मन र इन्द्रियलाई जितेर प्रसन्न मुद्रामा हरिहर भगवान्को ध्यान गर्दै तपस्या गर्न थाल्नुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कलावन्नगताः प्राणा नैव तादृग् युगान्तरे ।
नान्नं बहुदिनं लेभेऽस्मद् भाग्यान्नासवो गताः ॥१०॥

अरू युगमा जल वायु पान गरेर पनि मानिस बाँच्थे तर कलियुगमा बाँच्नका लागि अन्न चाहिन्छ । यस्तो अवस्थामा उहाँले धेरै दिनसम्म अन्न नखाई तपस्या गर्दा पनि हाम्रा भाग्यले गर्दा प्राण रहिरहे ।

खस्रुपर्णाशनो योगी तपस्तेपे निरीहया ।
कियद्दूरस्थकूपापां पीत्वा देहमधारयत् ॥११॥

शरीर धारणका लागि खस्रुका पात चपाएर केही पर कुवामा गई पानी पिउनुभयो र सम्पूर्ण कामना त्याग गरी योगासन कसी तपस्या गर्नुभयो ।

सिंहव्याघ्राः समाघ्राय परिक्रम्याव्रजन् सदा ।
न भयं वनजन्तुभ्योऽमित्रीयत् स चराचरम् ॥१२॥

कति पटक दिउँसै सिंह, बाघ आएर उहाँलाई सुँघी परिक्रमा गरेर गए । उहाँलाई कुनै जन्तुबाट भय थिएन किनभने उहाँले सम्पूर्ण चराचर जगत्लाई मित्रको भावनाले हेर्नुहुन्थ्यो ।

कदाचिदथ गोपाला मृगयन्तो गवां गणम् ।
जटिनं वीक्ष्य सम्भीता वन्यो ना इति तेऽविदुः ॥१३॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



धेरै समयपछि कुनै दिन त्यस वनको तल गाउँका गोठाला आफ्ना हराएका गाई खोज्दै त्यहाँ पुगे । जटा पालेका योगीलाई देखी बनमान्छे हो कि भनेर ती डराए ।

पलाय्य स्वालयान् गत्वाऽवदन् पुलकितेन्द्रियाः ।
तपस्वी वनमध्येऽस्ति वनमानुषवत् स्थितः ॥१४॥

जटाधारी योगीलाई देखेर शरीरका रौँ ठाडा भई डराएर भाग्दै आ-आफ्ना घरमा गए र यो गाउँका माथि वनको बीचमा एउटा दाह्री कपाल पालेका योगी वनमान्छेजस्तै एक्लै बसेका छन् भने ।

तेजस्वी भयहीनश्च किशोरो विजितेन्द्रियः
दृष्टोऽस्माभिरसम्प्रज्ञैरज्ञानेन भयाकुलैः ॥१५॥

सत् असत् छुट्याउने बुद्धि नभएका अज्ञानको कारण डरले काँपेका हामीले सम्पूर्ण इन्द्रिय जितेका कुनै भय नभएका किशोर अवस्थाका तेजस्वी पुरुषलाई देख्यौं ।

तदौत्सुक्येन संश्रुत्य वचनं प्रौढमानुषाः ।
तद्दर्शनाहृतात्मानो गन्तुं निश्चितमानसाः ॥१६॥

यो कुरा सुनेर त्यहाँका बृद्ध, प्रौढ मानिसहरूका मनमा तिनलाई हेर्न जाने उत्सुकता जाग्यो र उनीहरूले हेर्न जाने निश्चय गरे ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अन्येद्युस्ते समाजग्मुस्तपस्यति वनान्तरे ।
दृष्ट्वा किशोरं जटिनं तपस्यन्तमथावदन् ॥१७॥

गाउँका बुढाहरूले सल्लाह गरेर अर्को दिन ती योगीले तपस्या गरिरहेका वनको बीचमा गए । त्यहाँ खसुको रूखमुनि बसेर तपस्या गरिरहेका जटाधारी किशोरलाई देखेर भन्न थाले ।

बाल ! त्वं कुत आयातः ? कस्मायेकान्तनिर्जने ।
क्व गृहं कथमेकाकी वसस्यत्र वदाधुना ॥१८॥

हे बालक ! तपाईं कहाँबाट यहाँ आउनुभयो ? किन यो निर्जन वनमा एक्लै बसिरहनुभएको छ ? हजुरको घर कहाँ हो ?

प्रौढानां गिरमाकर्ण्य तानुवाच स्मिताननः ।
नमोऽग्रे वचसा कृत्वा पीयूषभरितेन सः ॥१९॥

वृद्धहरूका कुरा सुनेर मुसुक्क हाँसी पहिले तिनीहरूलाई नमस्कार गर्नुभयो र अमृतजस्ता मधुर वचन बोल्नुभयो ।

तपस्तप्तुं ममेच्छाऽऽसीद् बाल्याद् गुर्वाज्ञयैधिता ।
तपसेऽत्र समायातो बिहूँग्रामाद्धिमान्तिकात् ॥२०॥

मलाई बाल्यावस्थादेखि नै तपस्या गर्ने इच्छा थियो, त्यो इच्छा गुरुको आज्ञाले अझ बढ्यो । त्यसैले धवलागिरि हिमालयको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



निकटस्थित बिहूँ गाउँबाट म यहाँ तपस्या गर्नको लागि आएको हुँ ।

धर्मसंरक्षणार्थं मे तपो नान्यदुपार्जने ।
नश्वरेण शरीरेण शाश्वतं पदमाप्यते ॥२१॥

म कुनै विषय वस्तु प्राप्त गर्नका लागि नभएर सनातन वैदिक धर्मको संरक्षणका लागि तपस्या गर्छु । किनभने असल काम गरियो भने यही नाशवान् शरीरबाट अविनाशी ईश्वर प्राप्त गर्न सकिन्छ ।

शाश्वतं नात्र संसारे विहाय परमेश्वरम् ।
तं ज्ञात्वा मानुषं जन्म सफलं मन्यते बुधैः ॥२२॥

यस संसारमा ईश्वरबाहेक अरू अविनाशी चीज छँदै छैन । त्यो ईश्वरलाई जान्यो भने मात्र मनुष्यको जन्म सफल हुन्छ भनेर महापुरुषहरूले मानेका छन् ।

श्रुत्वा किशोरवचनं मोहजालसमावृताः ।
प्रौढाः निःशब्दतस्तस्थुर्हृदि बाणहता इव ॥२३॥

संसारका माया मोहका जालमा फसेका ती वृद्धहरू तपस्यारत किशोरका वचन सुनेर हृदयमा बाणले लागे जस्ता भएर बोल्न सकेनन् ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



किं भुक्तं शयितं कुत्र ? निर्जनेऽत्रोत्तरं ददौ ।
भुक्तानि खस्रुपर्णानि शयितं गिरिगह्वरे ॥२४॥

यो निर्जन वनमा के खानुभयो ? कहाँ सुत्नुभयो ? भनी बृद्धहरूले प्रश्न गर्दा भन्नुभयो- खस्रुका पात खाएँ, ओडारमा सुतेँ ।

चल ग्रामेऽन्नपानादिर्मन्दिरञ्च विधास्यते ।
पूजां भगवतः कुर्वन् तप निश्चिन्तमानसः ॥२५॥

गाउँमा हिड्नुहोस् हामीले खानेबस्ने व्यवस्था मिलाउँछौं मन्दिर बनाइदिन्छौं, त्यही मन्दिरमा बसेर भगवान्‌को पूजा गर्दै निश्चिन्त भई तपस्या गर्नुहोला ।

नेतः क्वचिदहं यामि तपोविघ्नभियाऽग्रियाः ?
लिखितं यल्ललाटेऽस्ति तद्भविष्यति निश्चितम् ॥२६॥

हे अग्रजहरू हो ! यहाँबाट अन्यत्र गएँ भने मेरो तपस्यामा विघ्न आइपर्न सक्छ । त्यसैले म यहाँबाट कतै जान्नँ । ललाटमा जे लेखिएको छ त्यो अवश्य भइछाड्छ ।

अवश्यमेव भोक्तव्यं कृतं कर्म शुभाशुभम् ।
नाभुक्तं क्षीयते कर्म कल्पकोटिशतैरपि ॥२७॥

शास्त्रमा भनिएको छ- आफूले गरेका शुभाशुभ कर्मको फल अवश्य पनि भोग्नुपर्छ । सयौं करोडौं कल्प बिताए पनि कर्मको फल नभोगी नाश हुँदैन ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पूर्वजन्मार्जितं कर्मफलमत्रोपभुज्यते ।
इदानीं क्रियते यत् तदागामिन्युपभोक्ष्यते ॥२८॥

पूर्वजन्ममा गरेको कर्मको फल यस जन्ममा भोग्नुपर्छ र यस जन्ममा जुन कर्म गरिन्छ त्यसको फल आउने जन्ममा भोग्नुपर्दछ ।

इत्थं परस्परालापादायातञ्च निशामुखम् ।
गच्छन्तु स्वालयानार्या ! ध्यायामि परमेश्वरम् ॥२९॥

यसरी कुरा गर्दा गर्दै साँझ पर्न थाल्यो । त्यसपछि तपस्वीले भन्नुभयो । तपाईंहरू आफ्नो घरमा जानुहोस् म परमेश्वरको ध्यान गर्छु ।

इत्युक्तं ग्रामवासिभ्यो नवनीतनिभात्मना ।
स्वयं दुःखमुपादाय परेषां सुखमिच्छता ॥३०॥

अरूले दुःख नपाउन् भन्ने नौनीजस्तो कोमल हृदय भएका आफूले कष्ट सहेर अरूको सुख चाहने तपस्वीले गाउँलेहरूलाई घर जान भन्नुभयो ।

परस्परं प्रशंसन्तो जटिनं तं तपस्विनम् ।
त्रियामामागतां दृष्ट्वा सर्वे स्वालयमाययुः ॥३१॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



रात पर्न लागेपछि गाउँले बृद्धहरू ती जटाधारी तपस्वीको प्रशंसा गर्दै आ-आफ्ना घरमा गए ।

अन्यदा तेऽन्नमादाय वस्त्रभाण्डानि केचन ।
प्रययुश्चारयन्तो गाःस्तस्मै वस्तून्यदुर्मुदा ॥३२॥

अर्को दिन ती बृद्धहरू कपडा, भाँडा र अन्न साथमा लिएर गाई चराउँदै त्यहाँ गएर खुसीसाथ आफूले लगेका वस्तुहरू टक्र्याए ।

सर्वं त्यक्त्वाऽऽगतोऽरण्ये नानेतव्यमिति ब्रुवन् ।
न जग्राह महात्यागी त्यक्तसर्वपरिग्रहः ॥३३॥

सम्पूर्ण इच्छा र सांसारिक वस्तु त्यागेर म यहाँ वनमा आएको छु त्यसैले म यो केही पनि लिन्न भनेर तपस्वीले केही पनि लिनुभएन ।

सर्वे निराशाः संजाताः प्रार्थयामासुरादरात् ।
श्रद्धयाऽऽनीतमेतन्नो गृहाणोपहृतं मुने ॥३४॥

सबै बृद्धहरू निराश भएर आदरपूर्वक प्रार्थना गर्न थाले- हे मुनि ! हामीले श्रद्धापूर्वक हजुरको लागि उपहार चढाउन ल्याएका हौँ लिनुहोस् ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सम्बद्धाञ्जलयो गोपाः प्रौढा ऊचुरनाथिताः ।
गृहिणामुपहारं नो गृहीत्वा सफलीकुरु ॥३५॥

अनाथजस्ता बृद्ध र गोपालहरूले हात जोडेर भने- हामी गृहस्थीहरूको जीवन सफल पारिदिनका लागि यो हामीले ल्याएको उपहार ग्रहण गरिदिनुहोस् ।

तेषां सरलचित्तानां वीक्ष्य निःस्वार्थभावनाम् ।
निर्लोभो गतमोहोऽपि भक्तसन्तुष्टयेऽग्रहीत् ॥३६॥

ती सरल चित्त र निःस्वार्थ भावनायुक्त मानिसहरूको मन दुख्ला भनेर उनीहरूको सन्तुष्टिको लागि निर्लोभी महात्माले ती वस्तु लिइदिनुभयो ।

सर्वे प्रमुदिताः सद्यः स्वार्पितानामथ ग्रहात् ।
अद्य नः सफलं जन्म साधुसेवां चिकीर्षताम् ॥३७॥

तपस्वीले ती वस्तु लिइदिएपछि सबै भक्त खुसीले गद्गद् हुँदै भने- सन्तको सेवा गर्न इच्छुक हामीहरूको जन्म आज सफल भयो ।

इत्युक्त्वा मुदितात्मानो गृहिणः स्वालयान् ययुः ।
येन केनाप्युपायेन विधाताऽवति देहिनम् ॥३८॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यति भन्दै अत्यन्त खुसी भएर सबै गाउँले आ-आफ्ना घर गए। कुनै न कुनै उपाय रचेर दैवले देहधारीको पालन गर्छ।

प्रसादं भगवद्दत्तं समर्प्य परमात्मनि।
यथालब्धग्रहाद् दोषो जायते न कदाचन ॥३९॥

स्वतः प्राप्त भएको वस्तु भगवान्ले दिएको प्रसाद ठानी भगवान्मा समर्पण गरी ग्रहण गरेमा कहिल्यै दोष लाग्दैन।

इत्थं प्रतिदिनं गोपाः सत्सङ्गामृतकर्षिताः।
श्रद्धोपहारमानीय वनमध्ये समाययुः ॥४०॥

यसरी उहाँका वचनबाट आकर्षित भएका ग्रामीण मानिसहरू दिनदिनै श्रध्दापूर्वक केही न केही उपहार लिएर वनमा आउन थाले।

तत्र खस्रुतरोर्मूले न्यवसत् तापसो महान्।
योगासनसमारूढोऽविगणय्यान्तरायकान् ॥४१॥

त्यो खस्रुको रूखमुनि ती महातपस्वी विभिन्न प्राकृतिक विघ्नहरूको वास्ता न गरी योगासन बाँधेर धेरै कालसम्म तपस्या गरी बस्नुभयो।

दैवोऽपि तत्परीक्षार्थं ववर्ष करकाहिमम्।
विसह्य तत् तपश्चक्रे दृढसङ्कल्पमानसः ॥४२॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



विधाताले पनि उहाँको परीक्षणको लागि असिना र हिउँ बर्सायो । मनमा दृढसङ्कल्प लिएका ती तपस्वीले सबै दुःख कष्ट सहेर तपस्या गर्नुभयो ।

व्यतीता बहवो वर्षाः प्रायशो ग्रामवासिनः ।
आगत्याध्यात्मिकीं चर्चां श्रुत्वा सद्भावभाविताः ॥४३॥

धेरै वर्ष बिते उहाँका वचनद्वारा आकर्षित भएका गाउँवासी अध्यात्मचर्चा सुन्न प्रायः आउने गर्थे जसबाट ती भक्त बनिसकेका थिए ।

तत्प्रभावात्समायाता अपरे बहवो जनाः ।
विद्वांसः साधवो भक्ता धनिनो दानतत्पराः ॥४४॥

उहाँका वचनबाट प्रभावित भएर भगवान्का अनन्य भक्त, विद्वान्, साधु, धनी, दाताहरू आउन थाले ।

मन्दिरं यज्ञशालाञ्च जना निर्ममिरे मुदा ।
सत्सङ्गालयमावासमतिथीनां विशेषतः ॥४५॥

त्यहाँ मन्दिर र यज्ञशाला बने त्यसपछि सत्सङ्गभवन र अतिथिनिवास समेत बने ।

व्यातेने विविधान् यज्ञान् धर्मरक्षणहेतवे ।
तच्छेषाद् वेदरक्षायै पाठशाला प्रकल्पिता ॥४६॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



धर्मको संरक्षण गर्नको लागि गुरुले अनेक प्रकारका यज्ञ विस्तार गर्नुभयो । यज्ञशेष सम्पत्तिबाट वैदिक गुरुकुल स्थापना गर्ने सङ्कल्प गर्नुभयो ।

ब्रह्मविद्याप्रचाराय शिष्याणां पाठनाय च ।
तदाऽऽवश्यकता जाता धार्मिकस्य मनीषिणः ॥४७॥

ब्रह्मविद्या प्रचारको लागि र विद्यार्थीहरूलाई पढाउन त्यतिखेर एक असल धार्मिक विद्वान्को आवश्यकता पर्‍यो ।

इत्युत्पन्नान्तःसङ्कल्पोऽचिन्तयद्धरिमात्मना ।
सकलान्तःस्थितस्तस्य वाञ्छितार्थमपूरयत् ॥४८॥

यसरी मनमा सत्सङ्कल्प आएपछि भगवान् हरिको चिन्तन गर्नुभयो । सर्वान्तर्यामी भगवान्ले उहाँको सङ्कल्प पूरा गरिदिनुभयो ।

मुक्तिक्षेत्रं महातीर्थं यियासुस्तीर्थसेवकः ।
सत्सङ्गार्थी वीतरागः साक्षाच्छुक इवापरः ॥४९॥
तत्र सम्प्राप्तवान् दैवात् तदिच्छापरिपूरकः ।
वसुद्विखकरेऽब्दे श्रीसिद्धिनाथाभिधो बुधः ॥५०॥

तीर्थयात्राको क्रममा महान् तीर्थ मुक्तिनाथ जाने इच्छाले सत्सङ्ग गर्न चाहने, संसारका विषयबाट विरक्त, साक्षात् शुकदेवजस्ता (



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भागवत ज्ञाता), गुरुको इच्छालाई पूर्ण गर्न सक्ने सिद्धिनाथ नाम गरेका विद्वान् गुरु दैवसंयोगले त्यसै समय २०२८ सालमा त्यहाँ आइपुग्नुभयो ।

तत्राश्रमेऽवसत् सायं लब्धपूर्वसखो नु किम् ।
उभयोर्वार्तयोत्पन्नो निष्कर्षो ब्रह्मसाधने ॥५१॥

ती विद्वान् गुरु साँझ त्यही आश्रममा बस्नुभयो । कताकता पूर्व परिचित मित्रसँग भेट भए जस्तो भयो । दुवैको परस्पर वार्ताबाट सँगै बसी ब्रह्मविद्याको साधना गर्ने निस्कर्ष निस्कियो ।

सोद्वाहो ब्रह्मचारी वा क्व गृहं विशदीकुरु ।
इति संप्रश्नसंहृष्टो बुधो वृत्तं स्वमूचिवान् ॥५२॥

तपस्वीले सोध्नुभयो- तपाईं ब्रह्मचारी हुनुहुन्छ कि गृहस्थ ? तपाईंको घर कहाँ हो ? यी प्रश्न सुनी विद्वान् गुरुले आफ्नो वृत्तान्त बताउनुभयो ।

कलत्रसुतयुक्तोऽस्मि बाणगङ्गातटान्तिके ।
श्रीमहाभारतोत्सङ्गे दक्षिणे नर्तनाचलात् ॥५३॥
श्रीपाणिनितपःस्थल्याः पश्चिमे सोमतीर्थतः ।
पूर्वभागे सुपादेव्या आरादतिमनोरमे ॥५४॥
ग्रामे सुवर्णखालाख्ये धनाढ्यपरिषेविते ।
मदीयं सदनं साधो ! देवीमन्दिरसन्निधौ ! ॥५५॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हे साधुशिरोमणि ! म गृहस्थ हूँ । मेरो घर बाणगङ्गा नदीको निकट, महाभारत पर्वत श्रृङ्खलाको काख, नर्तनाचल पर्वतको दक्षिण पाखोमा, पाणिनि मुनिको तपःस्थल पणेनाभन्दा पश्चिम, सोमतीर्थबाट पूर्वपट्टि, सुपा देउरालीको नजीक, अति सुन्दर, धनीहरूको वस्ती सुवर्णखाल नामक गाउँमा, देवीको मन्दिरनजिक हो ।

संस्कृतस्य भवान् विद्वान् मदिच्छा तत्सुरक्षणे ।
न धनं नास्ति मिष्टान्नं किं भवान् पाठयिष्यति ? ॥५६॥

तपस्वीले भन्नुभयो- तपाईं संस्कृत वाङ्मयका ठूला विद्वान् हुनुहुँदो रहेछ । म त्यही संस्कृतको संरक्षण गर्न चाहन्छु । यहाँ धन छैन, मीठो खानेकुरा पनि छैन । तपाईं निःस्वार्थरूपमा यहाँ बसेर पढाउन सक्नुहुन्छ ?

न काङ्क्षे धनमत्स्यामि खस्रुपर्णानि वारिभिः ।
पाठयिष्यामि निःस्वार्थो भवतो वचने स्थितः ॥५७॥

म संसारको धन चाहन्न, खस्रुका पात र जल पिएर हजुरको वचन पालन गरी निःस्वार्थ भावले विद्यार्थीहरूलाई पढाउने छु ।

धनं कस्य सुताः कस्य कलत्रं नश्वरं गृहम् ।
उत्सृजाम्यथ धर्मार्थमन्ते धर्मः सहायकः ॥५८॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यस संसारमा धन कसको हो ? पुत्र, स्त्री र नाशवान् घर कसका हुन् र ? त्यसैले धर्मका लागि म ती सबै त्याग्न तयार छु किनभने अन्तमा धर्ममात्र सँगै जान्छ ।

तयोः परस्परालापादेकीभूतो मनोरथः ।
निःस्वार्थतो गुरुकुलं स्थापितं परहेतवे ॥५९॥

तपस्वी र विद्वान् गुरुको परस्पर वार्ताद्वारा दुवैका भावना एक भए । त्यसपछि अरूको कल्याणको लागि निःस्वार्थ रूपमा गुरुकुलको स्थापना भयो ।

सिद्धिनाथाभिधो धीमान् परोपकरणे रतः ।
उवासाश्रमरक्षार्थं विद्याध्यापनतत्परः ॥६०॥

अत्यन्त परोपकारी पण्डित सिद्धिनाथगुरु आश्रमको संरक्षण गर्दै विद्यार्थीहरूलाई पढाउँदै त्यहाँ बस्नुभयो ।

सञ्चालिता पाठशाला पाठयामास कोविदः ।
गृहापत्यकलत्रादीन् विस्मृत्य विगतस्पृहः ॥६१॥

पण्डित सिद्धिनाथ गुरुले घर, छोराछोरी, श्रीमतीप्रतिको माया मोह त्यागेर पढाउन थाल्नुभयो जसको कारण गुरुकुल राम्रोसँग चल्यो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बहवो विप्रवटवः पठनार्थं समागताः ।
पेठुराध्यात्मिकीं विद्यां ब्रह्मास्वादसहोदराम् ॥६२॥

त्यहाँ पढ्नका लागि धेरै ब्राह्मणका वटुहरू आए ब्रह्मानन्दको सहोदर भएको आध्यात्मिक विद्या राम्रोसँग पढे ।

लब्ध्वैकरात्रसत्सङ्गश्छित्वा गेहादिबन्धनम् ।
निश्चक्राम गृहात्तूर्णं दुर्गानन्दाभिधो द्विजः ॥६३॥

परमानन्द गुरुको एक रातको सत्सङ्ग पाएर दुर्गानन्द नाम गरेका ब्राह्मण घर स्त्री पुत्रको बन्धन चुँडालेर तुरुन्तै घरबाट निस्कनुभयो ।

दृढसङ्कल्पसम्बद्धो जटाश्मश्रुकलेवरः ।
संसाराद् विरतः सद्यः स्वप्नादुत्थितवन्ननु ॥६४॥
मनश्चाञ्चल्यमायत्य वैराग्यासिकरीकृतः ।
कर्तितुं तत्परः सद्य आसक्तिं भवमोहिनीम् ॥६५॥
परमानन्दहृदयो गृहतो विरतो दृढः ।
समागतस्तपस्यार्थं तदैवाश्रममण्डले ॥६६॥

तपस्याका लागि दृढ सङ्कल्प लिएर दाह्रीकपाल पाली स्वप्नरूपी संसारबाट ब्यूँझेर विरक्त बनी चञ्चल मनलाई आफ्नो अधीनमा लिएर वैराग्यस्वरूप तरबार हातमा लिई भवसागरको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मोहलाई तुरुन्तै काट्न तयार भएर दृढ वैराग्यका साथ परमानन्द गुरुलाई हृदयले सम्झँदै तपस्या गर्नका लागि त्यही आश्रममा आइपुग्नुभयो ।

त्रयाणां मेलनाज्जातो देवत्रयसमागमः ।
भक्तिज्ञानविरागाणामिवामरविमोहकः ॥६७॥

उहाँहरू तीन जना (परमानन्द गुरु, पण्डित सिद्धिनाथ गुरु र दुर्गानन्द गुरु) को भेटले ब्रम्हा, विष्णु र महेश्वर तीन देवताको जस्तो मेल भयो । अथवा मानौँ देवतालाई समेत लोभ लाग्ने भक्ति, ज्ञान र वैराग्यको सङ्गम भयो ।

पीयूषाधरसन्न्यस्ता अप्यमुह्यन् तदामराः ।
त्रयाणां सङ्गमं दृष्ट्वा किं न लुब्धा महीचराः ॥६८॥

यी तीन जनाको संयोग देखेर अमृत पिइरहेका देवताहरू पनि त्यहीँ जान पाए हुन्थ्यो भनी लोभिन्थे भने पृथ्वीका प्राणी त किन न लोभिनु र !

दिब्रुङाश्रमसंज्ञां तां परिवर्त्य नवाभिधा ।
प्रदत्ता धर्मद्वारीति बभौ तत् स्वर्गवद् भुवि ॥६९॥

त्यो दिब्रुङ नामले प्रसिद्ध आश्रमको नाम धर्मद्वारी राखियो । मन्दिरको पूजा, आरती, भजन, कीर्तन, गुरुकुलमा एक स्वरले



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पठनपाठन, आध्यात्मिक सत्सङ्ग चर्चा, वरिपरि फलफूलको बगैंचा, चराचुरुङ्गीको मधुर धुन इत्यादिले गर्दा स्वर्गलोक नै यहाँ आएको हो कि जस्तो अनुभव हुन्थ्यो ।

प्रथमं शब्दतन्मात्रा मात्राबद्धा यतो मया ।
तं गुरोराश्रमं वन्दे परमानन्ददायकम् ॥७०॥

म जुन आश्रमबाट शब्दविन्यास र ह्रस्वदीर्घादि मात्रा पहिलोपटक बोल्न र लेख्न सक्ने भएँ त्यो अति आनन्ददायक परमानन्दगुरुको प्रथम आश्रमलाई वन्दना गर्दछु ।

यत्राद्य आश्रमपदे गुरुणा मदीये
विद्याम्बुना हृदयधन्वनि बीजमुप्तम् ।
तद्बीजमद्य फलपुष्पसुगन्धयुक्तं
श्रीमद्गुरोश्चरितमूर्तिमवापदेताम् ॥७१॥

जुन प्रथम आश्रममा मरुभूमिजस्तो सुक्खा मेरो हृदयमा गुरुले विद्यारूपी जलले सेचन गरेर ज्ञानको बिउ रोप्नुभयो त्यही बिउ हुर्केर बढेर आज फल, फूल र सुगन्धले पूर्ण भई यो श्रीगुरुदेवको चरित्ररूपी काव्य मूर्ति बन्न पुग्यो ।

*इति श्रीमत्परमानन्दचरितामृते चतुर्थं सोपानम् ।*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# अथ पञ्चमं सोपानम्

तप्तुं तपोऽन्यत्र गतः स्वशिष्यो
विज्ञाय रेमे न मनो गुरोश्च ।
त्यक्त्वा झुलेनीं छविरप्ययासीद्
गवेषयन् स्थानमनन्यलब्धम् ॥१॥

शिष्य तपस्या गर्न अन्यत्र गएको कुरा बुझेर गुरुको मनमा नरमाइलो लाग्यो । त्यसपछि गुरु छविलाल पनि झुलेनी छोडेर कुनै मानिसले नदेख्ने ठाउँ खोज्दै हिँड्नुभयो ।

क्व तपस्यति मे शिष्यो मां विहायेति चिन्तयन् ।
दुर्गमं शालिमेनामशिखरं छविराप्तवान् ॥२॥

मेरा शिष्य मलाई छोडेर एक्लै तपस्या गर्न कहाँ गए होलान् भन्ने मनमा सोच्दै दुर्गम शालिमे नाम गरेको शिखरमा गुरु छविलाल ( पछि छविप्रकाशनन्द) पुग्नुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तपस्तप्त्वा बहून्वर्षानाश्रमं तत्र निर्ममे ।
संसारी यत्र सम्प्राप्तो भवबन्धाद्विमुच्यते ॥३॥

धेरै वर्ष त्यहाँ बसी तपस्या गरेर आश्रम निर्माण गर्नुभयो जहाँ पुगेपछि संसारमा आसक्त पुरुष पनि संसारका बन्धन तोडेर विरक्त हुन्छ ।

तस्यैवारात् स्वशिष्यस्याऽऽश्रमोऽस्तीत्यशृणोज्जनात् ।
त्यक्तराज्येऽप्यथोद्भूता दिदृक्षा भरते यथा ॥४॥

त्यहाँबाट केही टाढा दिब्रुङ भन्ने ठाउँमा आफ्ना शिष्यको आश्रम छ भन्ने कुरा कुनै मानिसबाट सुनेपछि सम्पूर्ण त्यागेका भरत राजालाई हराएको मृगको बच्चा देख्ने इच्छा भएझैं उहाँलाई पनि शिष्यलाई देख्ने इच्छा जाग्यो ।

यत्राटन्ति दिवा स्वैरं क्रीडन्तो वनमानुषाः ।
निर्जने शालिमेशृङ्गे छविलालोऽवसद् दृढः ॥५॥

जहाँ दिउँसै स्वच्छन्द रूपमा क्रीडा गर्दै बनमान्छे घुम्ने गर्दछन् त्यस डर लाग्दो सालिमे नामक शिखरमा छविलाल गुरु दृढतापूर्वक बस्नुभयो ।

बहुकालं तपस्तेपे दुश्चरं यत्र दारुणम् ।
नान्नपानादिकं तत्र विहितं वल्कलाशनम् ॥६॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जहाँ उहाँले धेरै कालसम्म अन्नपानी त्यागेर रुखका बोक्रा खाई अत्यन्त कठिन र भयङ्कर तपस्या गर्नुभयो ।

यत्र पातालगे रन्ध्रे प्रस्तराणां प्रपातनात् ।
ध्वनिराश्रूयते दीर्घस्ताम्रपात्रादिव च्युतात् ॥७॥

जहाँ पातालसम्म गएको एउटा प्वालमा ढुङ्गा खसालिदिँदा तामाको भाँडो पल्टिएको जस्तो लामो ध्वनि सुनिन्छ ।

कदाचिदथ गोपेभ्यश्छविलालाभिधो जटी ।
तत्र निर्मनुजेऽरण्ये शालिमे तपतां वरः ॥८॥
तपस्यतीति संश्रुत्य परमानन्दशिष्यकः ।
गुरुपादावनुध्यायन् गमनाय मनो दधे ॥९॥

केही समयपश्चात् गाई चराउने गोठालाहरूबाट छविलाल नाम गरेका जटाधारी तपस्वी एकान्त शालिमे जंगलमा तपस्या गर्नुहुन्छ भन्ने कुरा उहाँका शिष्य परमानन्द गुरुले सुनेर गुरुलाई झलक्क मनले सम्झी त्यहाँ भेट्न जाने विचार गर्नुभयो ।

स्वगुरोरथ दर्शनाय स
शिखरं शालिमनामकं गिरेः ।
प्रययौ बहुभीतिसङ्कुले
गुरुरासीत् तपसीह संस्थितः ॥१०॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आफ्ना गुरुको दर्शन गर्नका लागि परमानन्द गुरु पवित्र शालिमे शिखरमा जानुभयो । जहाँ अत्यन्त डरलाग्दो जंगलको बीचमा गुरु तपस्यामा बस्नुभएको थियो ।

गुरुपादमुपेत्य जगृहे
न्यपतन् नेत्रजलान्यथोभयोः ।
जननी बहुकालतः शिशुं
प्रतिलभ्येव पुनर्वियोजितम् ॥११॥

त्यहाँ गएर गुरुका पाउ समाउनुभयो । दुवैका आँखाबाट धेरै आँसु झरे । सानैमा हराएको बच्चा धेरै कालपछि भेटिँदा आमालाई जस्तो हुन्छ गुरुलाई पनि त्यस्तै भयो ।

बहुकालं तपस्तप्त्वा समायातं सुशिष्यकम् ।
समालिङ्ग्य गुरुश्चक्रे हर्षेणोत्सवमाश्रमे ॥१२॥

धेरै कालसम्म तपस्या गरेर आएका आफ्ना प्रिय शिष्यलाई अङ्कमाल गरेर आश्रममा उत्सव मनाउनुभयो ।

परस्परसमालापश्चिरकालस्य वार्तया ।
अभूत्तत्राश्रमे वासः दिनानि च कियन्त्यपि ॥१३॥

परस्परमा धेरै समयको वृत्तान्त व्यक्त गर्दै गुरुशिष्य केही सयम त्यही आश्रममा सँगै बस्नुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



दर्शनार्थं ततः पित्रोर्जन्मगेहमुपागमत् ।
तत्राप्यारेभिरे सर्वे हर्षेणोत्सवमालये ॥१४॥

त्यसपछि मातापिताको दर्शनका लागि परमानन्द गुरु आफ्नो जन्मघर जानुभयो । त्यहाँ पनि सबैले उहाँ आउनुभएकोमा हर्षोल्लास मनाए ।

ग्राम्याश्चागतमाश्रुत्य समाजग्मुस्तमीक्षितुम् ।
हर्षिताश्चकिताः प्रेक्ष्य जटाश्मश्रुकलेवरम् ॥१५॥

गाउँलेहरू उहाँ आएको थाहा पाएर हेर्नको लागि आए लामो दाह्मी कपाल पालेका उहाँलाई देखेर सबै हर्षित र आश्चर्य चकित भए ।

तपसो वनवासस्य श्रुत्वा वार्तां गृहे स्थिताः ।
साश्चर्याः कतिचिज्जाताः सवयस्काः सहोदराः ॥१६॥

उहाँले वनमा बसेर तपस्या गरेको कुरा सुनेर घरमा बसेका दाजुभाइ र साथीहरूसमेत आश्चर्यचकित भए ।

गते बन्धुजने सायं स्वापत्यपरिबृंहिते ।
गम्भीरमुद्रया वाचा पिताऽकथयदस्पृहम् ॥१७॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सबै इस्टमित्र आ-आफ्ना घर गइसकेपछि साँझ सबै छोरा छोरीको बीचमा बसेर गम्भीर मुद्रामा पिताजीले उहाँसँग भन्नुभयो ।

परिणीय गृही भूत्वा गृहाणांशमथात्मनः ।
विहितस्ते पृथग्भागो यथेच्छमथवा कुरु ॥१८॥

हे पुत्र ! अब विवाह गरेर गृहस्थाश्रम सञ्चालन गर । तिम्रो अंश छुट्याइदिएका छौं त्यो सम्हाल अथवा जे इच्छा छ त्यो गर ।

पित्रोर्वाचमिमां श्रुत्वा भ्रातृभिश्चानुमोदिताम् ।
गृहीत्वांशमदात् सर्वं गुरुपुत्राय निःस्पृहः ॥१९॥

पिताका र भाइहरूका कुरा सुनेर संसारबाट इच्छा मरेका तपस्वीले आफ्नो अंश लिएर सबै गुरुपुत्रलाई दिनुभयो ।

स्वगुरोर्दक्षिणात्वेन तद्व्यवस्थामथाऽकरोत् ।
क्रीत्वा भूमिं वरञ्जायां गृहं निर्माय चार्पयत् ॥२०॥

गुरुदक्षिणाको रूपमा 'बरन्जा' भन्ने ठाउँमा जग्गा किनेर घर बनाइदिनुभयो र त्यसको सम्पूर्ण व्यवस्था मिलाइदिएर गुरुपुत्रलाई समर्पण गर्नुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तस्योद्वाहं च शास्त्रीयं कारयित्वा सुकन्यया ।
गृहीत्वाऽऽशिषमेतेषामटवीं पुनरव्रजत् ॥२१॥

गुरुपुत्रको असल कन्याका साथमा विधिपूर्वक विवाह गरिदिएर उहाँहरूको आर्शीवाद लिई फेरि वनतर्फ जानुभयो ।

पुनश्च स्वाश्रमं प्राप्य बहुकालमथाऽतपत् ।
ननर्त शारदा सिद्धा जिह्वायां तपसोरुणा ॥२२॥

फेरि आफ्नै आश्रम धर्मद्वारी (दिब्रुङ) मा गएर धेरै कालसम्म तपस्या गर्नुभयो । उहाँको उग्र तपस्याले खुसी भएर सरस्वती उहाँको जिभ्राको टुप्पोमा आएर नाच्न थाल्नुभयो ।

बहुयज्ञविधानेन मन्दिरादिविनिर्मितैः ।
पाठशालादिविस्तारैरभूत् स्वर्ग इवाश्रमः ॥२३॥

धेरै यज्ञ अनुष्ठानद्वारा मन्दिर, आश्रम एवं विद्यालयको निर्माण र विस्तारले गर्दा त्यो आश्रम स्वर्गजस्तो भयो ।

ततश्चैकान्तवासार्थी निरीक्षन् गिरिकन्दराः ।
सोलीघोप्टेप्रसिद्धाऽद्रिं जगामाभ्रनिचुम्बितम् ॥२४॥

केही कालपछि एकान्तमा ब्रह्मचिन्तन गरी बस्न चाहेर पर्वतका कन्दराहरू चहार्दै अत्यन्त अग्लो गगनचुम्बी सोलीघोप्टेका जंगलमा जानुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सोलीघोप्टे-

सोलीघोप्टेमहारण्ये वनेचरभयाकुले ।
जलपर्णाशनो घोरं तपस्तेपे महातपाः ॥२५॥

डरलाग्दा वनजन्तुले व्याप्त सोलीघोप्टेका जंगलमा महातपस्वी परमानन्द गुरुले पानी र रुखका पातमात्र खाएर घोर तपस्या गर्नुभयो ।

भौतिकं न भयं चिन्ता नैव देहसुखादिषु ।
इहामुत्रफलत्यागी शीततापतृषादिजित् ॥२६॥

न भूत प्राणीहरूबाट डर छ, न शरीरको सुखदुःखको बारेमा चिन्ता छ । जाडो-गर्मी, तिर्खा-भोक सबैलाई जितेर यस लोक र परलोकसम्बन्धी सम्पूर्ण फलको इच्छा त्यागी तपस्या गर्नुभयो ।

तपतो बहवो वर्षा व्यतीता भूरितेजसः ।
विहाय तदपि स्थानमव्रजत् शिखरान्तरम् ॥२७॥

अत्यन्त तेजस्वी परमानन्द गुरुले त्यहाँ तपस्या गर्दा धेरै वर्ष बिते त्यसपछि त्यो ठाउँ पनि छोडेर अर्को पर्वतशिखरमा जानुभयो ।

घुम्टे-

घुम्टेनामाद्रिशिखरं भ्रमन् सम्प्राप्तवान् गुरुः ।
भ्रमन्तः पाण्डवा यत्र वनवासे पुराऽऽगताः ॥२८॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जाँदा जाँदै उहाँ अति अग्लो घुम्टे नामक पर्वतमा पुग्नुभयो जहाँ पहिले पाण्डवहरू वनवासको समयमा घुम्दै गएका थिए।

विशालं प्रस्तरं भीमो वामहस्तकनिष्ठया।
यतश्चिक्षेप तद्गर्तो वर्तते शिखरोपरि ॥२९॥

जहाँ भीमसेनले ठूलो पत्थर देखेर बयाँ हातका कान्छी औँलाले हुत्याए त्यो ढुङ्गो उप्क्याएको विशाल खाल्डो घुम्टेको शिखरमा आज पनि छ।

स प्रस्तरस्तथैवास्ते दरंनाम्नि नदीतटे।
साक्षी भारतवृत्तस्य शैलोऽयं शोभतेऽधुना ॥३०॥

त्यो विशाल पत्थर त्यसैको तल दरम्खोलाको किनारमा छँदै छ। जो महाभारतीय इतिहासको साक्षी हो अहिले पनि शोभायमान भएर रहेको छ।

तत्रत्या किंवदन्त्येषा न ह्यमूला जनश्रुतिः।
श्रुतमेतन्मयैतिह्यं मत्पितुर्वदनाम्बुजात् ॥३१॥

यो त्यहाँका वृद्धपरम्पराबाट चलिआएको किंवदन्ती हो। कुनै पनि जनश्रुति विनाआधारको हुँदैन। यो सबै ऐतिहासिक कुरा मैले मेरा पिताजीका मुखारविन्दबाट सुनेको हुँ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



षट्चक्रं चिन्तयन् प्रणान् ब्रह्मरन्ध्रेऽधिरोहितः ।
कियत्कालं तपस्तेपे शिखरे व्योमचुम्बिते ॥३२॥

त्यो गगनचुम्बी घुम्टे शिखरमा षट्चक्रचिन्तन गर्दै प्राणलाई ब्रह्मरन्ध्रमा लगेर केही समय तपस्या गर्नुभयो ।

तच्छृङ्गं च पुनस्त्यक्त्वा तपस्वी विजितेन्द्रियः ।
पूर्वोत्तरमथाऽगच्छदाराज्जन्मावनेरसौ ॥३३॥

त्यसपछि इन्द्रियजेता तपस्वी परमानन्द गुरु त्यो घुम्टे पर्वतको शिखर छोडेर पूर्वोत्तर आफ्नो जन्मभूमिको केही नजिक जानुभयो ।

शिवधुरी-

श्रृङ्गाच्छृङ्गान्तरं गत्वा धवलागिरिसन्निधौ ।
बहुकालं तपश्चक्रे शिवधुर्यां जितापरः ॥३४॥

एउटा शिखरबाट अर्को शिखर हुँदै धवलागिरि हिमालयको निकटमा रहेका शिवधुरी शिखरमा अष्टविध अपरा प्रकृतिलाई नियन्त्रणमा राखेर धेरै कालसम्म तपस्या गर्नुभयो ।

क्व गता गुरवोऽस्माकमिति छात्रास्तपस्विनः ।
वयं गवेषयन्तश्च यत्र प्राप्ता वनान्तरात् ॥३५॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हाम्रा गुरुजी कहाँ जानुभए होला भनी दिव्रुङको आश्रममा बस्ने अन्य तपस्वी गुरुलगायत हामी विद्यार्थीहरूसमेत गुरुलाई खोज्दै जाँदा त्यहाँ पुग्यौँ ।

मृगयन् गुरुभिः सार्धं गतोऽयमपि शैशवे ।
प्राप्य श्रीपरमानन्दचरणानतिहर्षितः ॥३६॥

परमानन्द गुरुलाई खोज्दै दुर्गानन्द गुरु र सिद्धिनाथ गुरुका साथमा यो कवि पनि शैशव अवस्थामा त्यहाँ गयो । जहाँ गुरु परमानन्दलाई पाएर अत्यन्त हर्षित भयो ।

निर्मिता केनचित् पूर्वं दरी गोपनहेतवे ।
अतपत् परमानन्दो यत्र स्थित्वोज्झिताशनः ॥३७॥

पहिले कुनै समयमा कसैले लुक्नको लागि त्यो वनमा ओडार बनाएको रहेछ । त्यही ओडारमा बसेर अन्नादि त्याग गरी परमानन्द गुरुले तपस्या गर्नुभयो ।

भवेत्सा मुचुकुन्दस्य गुहा निद्राप्रदायिनी ।
कृष्णं पीताम्बरं मत्वा यवनो भस्मतां गतः ॥३८॥

त्यो मुचुकुन्द राजालाई निद्रा दिने गुफा हुन सक्छ । जहाँ पीताम्बर ओढेका पुरुषलाई कृष्ण ठानेर लात्ताले हिर्काउँदा कालयवन भस्म भएको थियो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गोपा गाश्चारयन्तोऽगुर्वनमध्ये कदाचन ।
तं दृष्ट्वा गह्वरासीनं पप्रच्छुरिदमादरात् ॥३९॥

गोठालाहरू गाई चराउँदै कुनै समय त्यहाँ पुगेछन् । त्यहाँ ओडारमा गुरुलाई देखेर आदरपूर्वक यस्तो प्रश्न गरे ।

कोऽसि त्वं कुत आयात तपस्यसि वने नु किम् ?
भुङ्क्षे किं निर्जने योगिन् ! ग्रामं गत्वा सुखं तप ॥४०॥

हे योगी ! हजुर को हुनुहुन्छ ? कहाँबाट आउनुभयो ? के एक्लै यहाँ तपस्या गर्नुभएको छ ? हिड्नुस् गाउँमा जाऊँ, त्यहीं आन्दपूर्वक खाएर तपस्या गर्नुहोला ।

नाऽदात् परिचयं स्वस्य तपोविघ्नभयादथ ।
ते परावर्तिता वाग्भिर्व्यतीताः कतिचित् समाः ॥४०॥

मलाई चिने भने तपस्यामा विघ्न पर्न सक्छ भनी आफ्नो परिचय दिनुभएन अरू मीठा कुरा गरेर उनीहरूलाई त्यहाँबाट फर्काउनुभयो । त्यसपछि त्यहाँ तपस्या गर्दै जाँदा धेरै वर्ष बिते ।

कदाचिदागता वृद्धास्तैर्ज्ञातस्तपतां वरः ।
मृदुवाग्भिर्विमुग्धास्त आनिन्युरुपहारकम् ॥४१॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कुनै समय घुम्दै त्यहाँ त्यस गाउँका वृद्धहरू आए, ती तपस्वीलाई वृद्धहरूले चिने। तपस्वीका मीठा वाणीद्वारा मुग्ध भएका वृद्धहरूले विभिन्न सामान उपहार ल्याइदिए।

गता बहुसमास्तत्र कुर्वतो ब्रह्मचिन्तनम्।
श्रृङ्गं शिवधुरीत्याख्यं तपसाऽतीर्थयद् गुरुः ॥४२॥

ब्रह्मचिन्तन गर्दै बस्दा त्यहाँ गुरुका धेरै बर्ष बिते, शिवधुरी नामक शिखरलाई गुरुले तपस्याद्वारा तीर्थ बनाउनुभयो।

ततोऽत्राश्रमयोग्यैका रम्या शाला विनिर्मिता।
आश्रयोऽयं तितप्सूनामाश्रमः समजायत ॥४३॥

त्यस ठाउँमा एउटा राम्रो आश्रम योग्य पौवा निर्माण गर्नुभयो जो तपस्या गरेर बस्न चाहनेलाई आश्रयदायी भयो।

कालेन कियता प्रायात् नृणां जन्मभुवोऽर्थनात्।
तेषामुद्धरणार्थाय वेदधर्मावनाय च ॥४४॥

केही समयपछि आफ्नो जन्मभूमिका मानिसहरूको धेरै अनुनय विनयलाई स्वीकार गरी तिनीहरूको उद्धार र वैदिक धर्मको संरक्षण गर्नको लागि जानुभयो।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



रामकोट-

तत्पूर्वं रामकोटाख्यं वनमत्यन्तमोहकम् ।
ययावुद्धर्तुकामोऽयमस्पृहो जन्मभूजनान् ॥४५॥

त्यस शिवधुरीबाट पूर्वमा रामकोट नामक वन अत्यन्त रमणीय भएकोले कुनै कामना नभए पनि जन्मभूमिका मानिसको उद्धार गर्नका लागि त्यहाँ जानुभयो ।

बहुकालं तपस्तप्त्वा निर्माय शिवमन्दिरम् ।
स्वाश्रमं यज्ञशालाञ्च स्थापयामास वैदिकीम् ॥४६॥

त्यहाँ धेरै समयसम्म तपस्या गरी शिवालय निर्माण गरेर वैदिक यज्ञशाला तथा अतिथिनिवास सहितको राम्रो आश्रमको स्थापना गर्नुभयो ।

प्रथमादाश्रमात्तत्र सिद्धिनाथाऽभिधो बुधः ।
वीतस्पृहः समागत्य पाठयामास बालकान् ॥४७॥

गुरुको प्रथम आश्रम दिब्रुङबाट सांसारिक इच्छा र आकाङ्क्षा त्यागेका निःस्पृह पण्डित सिद्धिनाथ गुरु त्यहाँ आएर विद्यार्थीहरूलाई पढाउनुभयो ।

देशस्य बहवश्छात्राः पेठुरत्र सुसंस्कृतम् ।
निःसृता वैदिकी गङ्गा गङ्गया स्पर्धिनी न किम् ? ॥४८॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



देशका विभिन्न स्थानबाट आएका विद्यार्थीहरूले यहाँ संस्कृत वाङ्मयको अध्ययन गरे । के त्यहाँबाट प्रवाहित वैदिकी गङ्गाले भागीरथीसँग प्रतिस्पर्धा गरिनन् र ? अर्थात् अवश्य गरिन् ।

वेदघोषाहृतात्मानो राजानो बहुविश्रुतान् ।
योगिनो ज्ञानिनो यत्र सेवन्ते स्म दिवानिशम् ॥४९॥

वेदको सुमधुर ध्वनि सुनेर मन आकृष्ट भएका राजाहरूले त्यहाँ आएर विद्वान् योगी र ज्ञानी पुरुषहरूबाट सत्सङ्ग चर्चा सुन्दै समय बिताए ।

पौरस्त्या संस्कृतिर्यस्मात् प्रवहन्ती धरागता ।
तत्प्रवाहपवित्रात्मा न विस्मरति कर्हिचित् ॥५०॥

जहाँबाट पूर्वीय संस्कृति प्रवाहित भई पृथिवीमा आयो । त्यसको प्रवाहमा गोता लगाएको पुण्यात्माले कहिल्यै बिर्सिंदैन ।

भाग्येन महता येन पीतं तन्निःसृतामृतम् ।
तज्जनिः सफलीभूता जननी जन्ममेदिनी ॥५१॥

महान् भाग्यको उदयले गर्दा जसले पूर्वीय संस्कृतिबाट प्रवाहित अमृत पिउन पायो । त्यसको जन्म, उसकी जननी र जन्मभूमि सबै सफल भए ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



परमानन्दसंयोगाद् दुर्भगः सुभगोऽभवत् ।
उदधावतरन् भाग्याद् यथा रामाङ्किताः शिला: ॥५२॥

परमानन्द गुरुको संयोग प्राप्त भएपछि अभागी पनि महान् भाग्यमानी भयो । भाग्योदय हुनाले नै समुद्रका किनारमा रहेका ढुङ्गा राम नाम लेखिएर समुद्रमा तैरिएका थिए ।

त्रयोदशाधिकशतं छात्रा मत्समयेऽपठन् ।
वशिष्ठस्योपमा देयाऽथवा सान्दीपनेर्गुरोः ॥५३॥

यस कविले त्यहाँ पढ्दा गुरुकुलमा पढ्ने विद्यार्थी ११३ थिए । त्यतिखेर वशिष्ठ गुरु वा सान्दीपनि गुरुको गुरुकुलसँग दाँज्न मिल्ने गुरुकुल थियो ।

तादृग्गुरुकुलं नासीदन्यत् क्वापीह विश्रुतम् ।
श्रीगुरोर्बहुकालस्य पक्वं तत्तपसः फलम् ॥५४॥

त्यस समयमा त्यस्तो विशाल गुरुकुल अरू कहीँ पनि थिएन । त्यो गुरुको धेरै कालको तपस्याको पाकेको फल हो ।

यद्भवा बहुविद्वांसः सन्त्युच्चपदमाश्रिताः ।
समारोप्य तपोबीजं जन्मभूः सेविता न किम् ॥५५॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जहाँबाट पढेका धेरै विद्वान्हरू आज देशविदेशमा उच्च पदमा आसीन छन् । गुरुजीले तपस्याको बीउ गुरुकुलको माध्यमबाट रोपेर के जन्मभूमिको सेवा गर्नुभएन र ?

यत्रास्मत्सहपाठित्वे गुरुतुल्याभिधः परः ।
परमानन्दसच्छिष्यो ज्ञानानन्दापराभिधः ॥५६॥
अग्रणीर्गुरुसेवायां पठने कुशलोऽभवत् ।
आश्रमस्य व्यवस्थायामदाद् ध्यानं विशेषतः ॥५७॥

जहाँ हाम्रो सहपाठीको रूपमा गुरुसँग एउटै नाम भएका परमानन्द नामक श्रेष्ठ शिष्य पछि जो ज्ञाननन्द नामले प्रसिद्ध हुनुभयो । गुरुसेवा तथा पठनमा अतिकुशल उहाँले विशेष गरेर आश्रमको व्यवस्थामा ध्यान दिनुहुन्थ्यो ।

परमानन्दसच्छिष्यो नीतिज्ञो बहुविश्रुतः ।
तदुत्तराधिकारी स बिभर्त्याश्रममण्डलम् ॥५८॥

आज गुरुका उत्तराधिकारी बनी विद्वत्ता र नीतिज्ञताका कारण धीरतापूर्वक कुशल नेतृत्व गरी गुरुद्वारा स्थापित आश्रमहरूको संरक्षण र उत्तरोत्तर उन्नति गर्नुभएको छ ।

बहुविद्यालयाधीशो बहुयज्ञविधायकः ।
गुरुमार्गानुगो योगी राजतां हतकण्टकः ॥५९॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उहाँले धेरै यज्ञानुष्ठानद्वारा गुरुकुलहरूको संरक्षण र संवर्धन गरी ती सबैको संरक्षक बनेर गुरुले चालेको कदमलाई बिस्तार गर्नुभएको छ । त्यसैले उहाँ निष्कण्टक रूपमा आफ्नो ज्योति फैलाई चम्कनुहोस् ।

परमानन्दसच्छिष्याः केऽप्यन्ये कविकोविदाः ।
अध्यापका गायकाश्च नायका राष्ट्रसेवकाः ॥६०॥
पुरोहिताः प्रवक्तारो यतयः सन्ति केचन ।
तत्कृपामृतवर्षाभिर्जातोऽयं कविवामनः ॥६१॥

परमानन्द गुरुले स्थापना गरेका दिब्रुङ र रामकोट गुरुकुलबाट पढेका विद्यार्थी कोही योगी सन्यासी बने, कोही कवि, कोही नेता, कोही अध्यापक, कोही गायक, कोही पुराणवक्ता र कोही कर्मचारी बनेका छन् । कसैले पौरोहित्य पेसा अँगाले, कोही अरू स्वतन्त्र पेशामा लागे । परमानन्द गुरुका कृपारूपी अमृतवर्षाबाट यो लेखक पनि एउटा पुड्को कवि बन्यो ।

तत्पादरजसां योगात् नासीच्चिन्तात्मशोषिणी ।
अध्यात्मामृतसंसिक्तास्ते हि नो दिवसा गताः ॥६२॥

परमानन्द गुरुका चरणकमलको सन्निधिमा बस्दा आत्मालाई शोषण गर्ने चिन्ता थिएन । गुरुज्यूका मुखारविन्दबाट आध्यात्मिक अमृत पिउन पाउने हाम्रा ती दिन गए ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



न चिन्ता भवबन्धस्य विद्याध्ययनचेतसाम् ।
विद्यार्थिजीवनादन्यत् सुन्दरं नैव जीवनम् ॥६३॥

विद्या अध्ययनमा मग्न भएका हामीलाई संसारका कुनै बन्धनले चिन्तित गराउन्नथ्यो । त्यसैले विद्यार्थी जीवनजस्तो राम्रो अरू कुनै जीवन हुँदैन ।

धान्याचलाद्यनुष्ठानमाश्रमोन्नतये गुरुः ।
तथा गुरुकुलस्योच्चस्थानाप्त्यायकरोत् श्रमम् ॥६४॥

परमानन्द गुरुज्यूले आश्रम र गुरुकुलको उन्नति र प्रगतिका लागि धान्याचल आदि यज्ञानुष्ठान सञ्चालन गर्नुहुन्थ्यो ।

सन्दिहाना बुधास्तस्माद् धर्मकर्मपरात्मसु ।
शास्त्रीयं निर्णयं प्राप्य समतुष्यन् गतान्धसः ॥६५॥

विद्वान्हरू धर्मसम्बन्धमा, कर्मपद्धतिमा एवं परमात्मासम्बन्धमा कुनै सन्देह भयो भने उहाँसँग आएर प्रशन गर्दथे । उहाँबाट शास्त्रीय निर्णय पाएपछि सन्देहरहित भएर सन्तुष्ट हुन्थे ।

भेरीमृदङ्गसन्नादैरबोभूयत कीर्तनम् ।
शङ्खघण्टादिघोषेण नित्यञ्च शिवपूजनम् ॥६६॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



रामकोटमा त्यतिखेर भ्याली, मृदङ्ग आदि बाजा बजाएर भजन कीर्तन भइरहन्थ्यो । शङ्खघण्टादिको पवित्र ध्वनिसहित शिव पूजन हुन्थ्यो ।

ससारस्वरमाम्नायमाकर्ण्य चकिता जनाः ।
विहाय स्वगृहान् तत्र स्थातुमैच्छन्नकामतः ॥६७॥

वेदको एकस्वरले उच्चारण गरेको सुनेर चकित भएका आगन्तुकजन आफ्नो घर त्यागेर कुनै कामनारहित भई त्यहाँ आश्रममा बस्न चाहन्थे ।

दुर्गानन्दो महायोगी यदाश्रमसुचालकः ।
तस्यानुशासनान्नूनं वानरोऽप्यभवन्नरः ॥६८॥

दुर्गानन्द गुरु त्यस आश्रमको सञ्चालक हुनुहुन्थ्यो । उहाँको कडा अनुशासनमा बसेपछि बाँदर पनि मान्छे बन्थ्यो ।

तदीक्षणमभून्नूनं स्वच्छन्दानां कुठारवत् ।
तस्येक्षणादकम्पन्त द्रुमाः किं न विनाऽनिलम् ॥६९॥

उहाँको कटाक्षपात चञ्चल विद्यार्थीका लागि धारिलो बञ्चरो जस्तो डरलाग्दो हुन्थ्यो । उहाँको हेराइले वायु नचले पनि रूखसमेत डरले के हल्लेनन् र ? अर्थात् अवश्य हल्लिए ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



श्रीरामकोटशिवसद्मनि पुण्यतीर्थे
श्रीसिद्धिनाथवदनाब्जसुधां निपीय ।
प्राप्याशिषं च पदयोर्रचितं सुकाव्यं
श्रीमद्‌गुरोश्चरणतामरसेऽर्पयिष्ये ॥७०॥

भगवान् शिवको धाम पुण्यतीर्थ रामकोटमा बसेर श्रीसिद्धिनाथ गुरुका मुखारविन्दबाट निस्किएको ज्ञानरूपी अमृत पिएर मूर्तित्रय गुरुका चरणको आशीर्वाद प्राप्त गरी मैले यो सुन्दर काव्य रचना गरें । यो श्रीपरमानन्द गुरुका चरणकमलमा अर्पण गर्दछु ।

*इति श्रीमत्परमानन्दचरितामृते पञ्चमं सोपानम् ।*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# अथ षष्ठं सोपानम्

दिव्यं गुरोरमृतवर्षि वचो गृहस्थाः
श्रुत्वा पुनःपुनरपीश्वरतत्त्वबोधि ।
वाञ्छन्ति केचिदधुनैव गृहं विहाय
दुःखालयात् परतरं पुरुषं भजेयम् ॥१॥

गृहस्थहरू ईश्वरको तत्त्व बुझाउने अमृतजस्ता गुरुका दिव्य वचन एकपटक सुनेपछि बारम्बार सुनिरहन चाहन्छन् । केही गुरुका वचन सुनेर तुरुन्तै घरवार त्यागेर दुःखमय संसारदेखि पर रहेको परमात्माको भजन गरुँ भन्ने चाहन्छन् ।

छित्वाऽऽयसीं सुतकलत्रगृहादिरूपां
रज्जुं वनेषु गुरुणा सह यामि तूर्णम् ।
इत्थं मतिर्भवति तद्वचनं निशम्य
सत्सङ्गतेः फलमिदं कतिचिद् विरक्ताः ॥२॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गुरुका दिव्य वचन सुनेर कति मानिस छोरा, श्रीमती, घरबाररूपी फलामको बन्धनलाई चुँडालेर तुरुन्तै गुरुका साथ वनमा जान्छु भन्ने चाहन्छन् । गुरुसँगको सङ्गतका कारण कति त सबै छोडेर विरक्त भए पनि ।

रूपाकोट

रुद्रावतीसरित्तीरे रूपाकोटाभिधानकः ।
बहुधान्यभवो रम्यो धनाढ्यपरिशोभितः ॥३॥
बहुधार्मिकवास्तव्यो वर्तते ग्रामसुन्दरः ।
कल्याणार्थं गुरुर्यातस्तत्रत्यानां दयापरः ॥४॥

रुद्रावती नदीको किनारमा रूपाकोट नाम गरेको धेरै धान हुने र धनीहरू एवं धार्मिक भक्तहरू बस्ने अतिरमणीय गाउँ छ । त्यहाँका मानिसहरूको कल्याणका लागि दयालु गुरु त्यहाँ जानुभयो ।

संस्थाप्याश्रममेकान्ते दमुकाख्ये शिवालयम् ।
निर्ममे पाठशालाञ्च यज्ञशेषव्यवस्थया ॥५॥

त्यहाँ एकान्त दमुका भन्ने स्थानमा राम्रो शिवालय र आश्रम निर्माण गरी धान्याचल यज्ञ गरेर त्यसबाट बचेको द्रव्य आदिबाट गुरुकुल पाठशाला चलाउनुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पाठयामास तत्रापि कियत्कालं गतस्पृहः ।
सिद्धिनाथो महाप्रज्ञो मयाऽपि पठितं ततः ॥६॥

त्यहाँ पनि स्थापनाकालदेखि केही समयसम्म निःस्वार्थी महापण्डित सिद्धिनाथ गुरुले पढाउनुभयो । यस लेखकले पनि त्यहाँ बसेर पढ्ने अवसर पायो ।

सञ्जाता बहवो भक्ता धार्मिकाः पापभीरवः ।
आध्यात्मिकी चेतनातः प्रदीप्ता वेदसम्मता ॥७॥

यस ठाउँबाट वैदिक आध्यात्मिक चेतना फैलियो जसकारण पापबाट डराउने धेरै आस्तिकजन गुरुका भक्त भए ।

भवसागरसम्मुग्धाः सत्सङ्गस्य प्रभावतः ।
विहाय कतिचिद् गेहमव्रजन् छिन्नबन्धनाः ॥८॥

संसारको मायामा लिप्त भएका केही मानिस गुरुसँगको सत्सङ्गका प्रभावले गर्दा घर गृहस्थीका सम्पूर्णबन्धन तोडेर संन्यासी भए ।

विद्वांसः कतिचिज्जाता वाङ्मयार्णवगाहिनः ।
गुरोश्चरणमादाय को नोत्तीर्णो भवार्णवम् ॥९॥

कति संस्कृत वाङ्मयरूपी समुद्रमा डुबुल्की मारिरहेका मानिस गुरुको चरण समाएर विद्वान् भए भने गुरुको चरण समाएर कसले भवसागर तरेन र ?



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



धान्याचलाद्यनुष्ठानमाश्रमोन्नतये गुरुः ।
तथा विद्यालयस्योच्चस्थानाप्त्यायकरोत् सदा ॥१०॥

आश्रम तथा विद्यालयको उन्नति र प्रगतिका लागि गुरुले धान्याचल आदि विविध यज्ञानुष्ठान गर्नुभयो ।

विधाय बहुकल्याणमव्रजत् तपसे पुनः ।
रूपाकोटाद् दक्षिणस्थं रेसुङ्गाख्यं महागिरिम् ॥११॥

धेरैको कल्याण गरेर पुनः तपस्या गर्नका लागि त्यहाँबाट दक्षिण दिशामा रहेको रेसुङ्गा नामक उच्च शिखरमा जानुभयो ।

रेसुङ्गा

कियत्कालं तपस्तेपे रेसुङ्गाख्ये तपःस्थले ।
ऋष्यशृङ्गो महायोगी यत्र त्रेतायुगेऽतपत् ॥१२॥

जुन उच्च शिखरमा त्रेतायुगमा महायोगी ऋष्यशृङ्गले तपस्या गर्नुभएको थियो त्यही तपस्थल रेसुङ्गामा गुरुले केही कालसम्म तपस्या गर्नुभयो ।

शृङ्गीत्यपरनामा च शृङ्गायामतपत्तपः ।
योऽशपत् तक्षकान्मृत्युरिति रुष्टः परीक्षितम् ॥१३॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तिनै ऋष्यशृङ्गले शृङ्गीनामद्वारा शृङ्गामा तपस्या गरे, जसले रिसाएर परीक्षित राजालाई तक्षक नागबाट मृत्यु होस् भन्ने श्राप दिएका थिए ।

तन्नाम्ना सुप्रसिद्धोऽयं पर्वतो मुनिवन्दितः ।
कलावन्ये तपस्तप्त्वाश्रमाण्यत्राप्यचीकरन् ॥१४॥

उनै ऋष्यश्रृंगका नामबाट रेसुङ्गा नाम प्रसिद्ध भयो । यहाँ कलियुगमा अरूले पनि तपस्या गरेर आश्रमहरू बनाए ।

लक्ष्मीनारायणः कश्चित् तथा शशिधराऽभिधः ।
यदुकानन्दनामा च तपस्तेपुः कियत्पुरा ॥१५॥

त्यहाँ केही समयपूर्व लक्ष्मीनारायण, शशिधर तथा यदुकानन्दले तपस्या गर्नुभएको थियो ।

ऐतिह्यं विद्यते तेषामाश्रमाणाञ्च लक्षणम् ।
तडागे स्नानपूजार्थमद्याप्यायान्ति धार्मिकाः ॥१६॥

ती तपस्वीहरूको इतिहास र आश्रमका चिन्हहरू अझै छन् । त्यहाँ एउटा ठूलो तलाउ छ, त्यसमा स्नान गर्न र पूजा गर्नका लागि आस्तिकजन आज पनि आउँछन् ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गुरुणा निर्मितं रम्यमाश्रमं तत्समीपतः ।
भक्तसंरक्षणाकाङ्क्षि तत्स्थितिर्जनमिच्छति ॥१७॥

त्यहाँ परमानन्द गुरुले बनाएको एउटा राम्रो आश्रम छ जो भक्तजनलाई आश्रय दिन्छ र त्यहाँको अवस्थाले संरक्षण गर्ने मानिस खोजेको छ ।

तत्रत्यो महिमाऽस्माभिः पुराणादिषु संश्रुतः ।
श्रृङ्गमस्त्युन्नतं तीर्थं तपस्विजनसेवितम् ॥१८॥

त्यहाँको महिमा हामीले पुराणहरूमा धेरै सुनेका छौँ । तपस्वीहरूद्वारा सेवित उच्चशिखर ठूलो तीर्थ मानिएको छ ।

रुद्रवेणी

रुद्रावती पश्चिमतो वहन्ती
श्रीरुद्रगङ्गा सुजला शिवांशा ।
श्रीगण्डकी चक्रनदी पवित्रा
प्रयाति यत्रोत्तरतः सुवेगा ॥१९॥

भगवान् शिवकी अंशरूपा रुद्रावती नामकी रुद्रगङ्गा जहाँ पश्चिमबाट बग्दै आएकी छिन् । उत्तरबाट बेगसँग अति पवित्र चक्रनदी श्रीगण्डकी आएकी छिन् ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सुतीर्थभूता किल रुद्रवेणी
तपःस्थली सद्बहुभक्तसेव्या ।
विनिर्ममे मन्दिरमत्र वेण्यां
कश्चिद् यतिर्लोकहिताय पूर्वम् ॥२०॥

त्यो रुद्रवेणी प्रसिद्ध तीर्थ तपःस्थल र धेरै सज्जन भक्तजनले सेवित छ । यी दुई नदीको वेणीमा पहिले कुनै दण्डीस्वामीले लोककल्याणका लागि राममन्दिर बनाउनुभएको थियो ।

विधाय विविधान् यज्ञान् गुरुस्तद्राममन्दिरे ।
यज्ञशेषाद् गुरुकुलं स्थापयामास चाश्रमम् ॥२१॥

त्यस स्थानमा परमानन्द गुरुले विभिन्न यज्ञ गरेर यज्ञको शेषबाट आश्रम र गुरुकुलको स्थापना गर्नुभयो ।

ज्ञानवैराग्यसम्पन्ना भक्तास्तत्र वसन्त्यलम् ।
यतयो वानप्रस्थाश्च विद्वांसो ब्रह्मचारिणः ॥२२॥

त्यहाँ ज्ञान र वैराग्यले युक्त धेरै भक्त संन्यासी, वानप्रस्थी, विद्वान् र ब्रह्मचारीहरू बस्दछन् ।

आगन्तुकानामातिथ्यं बुभुक्षुभ्यः सुभोजनम् ।
ददत्यस्वार्थिनो भक्तास्तदन्यत्रानुकीर्त्यते ॥२३॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्यहाँका भक्तहरूले आगन्तुकलाई सत्कार गर्छन् र भोकालाई निःस्वार्थपूर्वक भोजन दिन्छन् भन्ने कुरा अन्यत्र पनि गुणगान गरिन्छ ।

गृहस्थास्त्वाश्रमस्यास्य सहयोगञ्च कुर्वते ।
निर्माय मन्दिरं रम्यं स्थापिता दिव्यमूर्तयः ॥२४॥

यहाँ गृहस्थले आश्रमलाई सहयोग गर्छन् । पुरानो मन्दिरलाई राम्रो बनाएर दिव्य मूर्तिहरू स्थापना गरिएका छन् ।

परितो दर्शनीयत्वादधुना नूतनायते ।
परमानन्दपादाब्जस्पर्शादुद्धारितो न कः ? ॥२५॥

आश्रमवरिपरि अत्यन्त रमणीय भएकाले हिजोआज नयाँजस्तै देखिन्छ, परमानन्द गुरुका पाउको स्पर्श भएपछि कसको उद्धार भएन र ?

योगिनापि नरहरिणाऽत्र
विहितं कोटिहोमादिकम् ।
यज्ञादिना रुद्रवेणी-
तीर्थं सुप्रसिद्धं जातम् ॥२६॥

यहाँ योगी नरहरिनाथले पनि कोटिहोम आदि यज्ञ गर्नुभयो । यज्ञयागादिले गर्दा रुद्रवेणी सुप्रसिद्ध तीर्थ बन्यो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



रुरुक्षेत्र- रिडी

यस्या गर्भे हरिरुपगतो दत्तवाग्वाऽभिशप्तः
शालग्रामे दृषदि भगवान् कृष्णरूपेण साक्षात् ।
ते प्राप्यन्ते प्रकृतिबहुलाश्चक्रिता बर्तुला वा
नो प्राप्यन्ते क्वचिदितरतो गण्डकीं तां विहाय ॥२७॥

गण्डकीलाई वरदान दिएर हो वा वृन्दाको श्राप पूरा गर्न हो । साक्षात् भगवान् हरि जुन गण्डकीको गर्भमा कालो शालिग्राम शिला बनी आउनुभयो । ती शालिग्राम विभिन्नथरीका चक्राकर, गोलाकार गण्डकी नदीबाहेक अन्त कहीँ पाइँदैनन् ।

तेपुः पुलस्त्यपुलहौ भरतश्च यस्या-
स्तीरे तपो बहुसमा मुनयोऽपरे च ।
सेहेऽत्र भार्गवमुनिर्ननु देवदत्तो
विघ्नं शतक्रतुकृतं तपसि स्थितोऽपि ॥२८॥

जुन गण्डकीको तटमा पुलस्त्य, पुलह, राजर्षि भरत लगायत अरू धेरै ऋषि-महर्षिहरूले धेरै समय तपस्या गर्नुभयो । यिनै गण्डकीको तटमा भृगुवंशी देवदत्त ऋषिले तपस्या गर्दा इन्द्रद्वारा गरिएको विघ्न सहनुभयो ।

प्रम्लोचया सहमुनिर्नयनेषुविद्धो
रेमे तयोज्झितशिशुर्मृगदुग्धपुष्टा ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तेपे तपो भगवतो रुरुनामकन्या
तद्दर्शनादलभताङ्घ्रिपदं मुरारेः ॥२९॥

देवदत्त मुनि मृगनयनीका कटाक्षपातबाट आहत भई प्रम्लोचा अप्सरासँग रमण गर्नुभयो । प्रम्लोचाले छाडेर गएका शिशुलाई मृगले दूध पिलाई हुर्कायो । देवदत्तपुत्री ती रुरु नाम गरेकी कन्याले भगवान्को तपस्या गरी दर्शन पाइन् र भगवत्पद प्राप्त गरिन् ।

उत्तराद् गण्डकी यत्र प्रतीच्यास्तटिनी रिडी ।
मिलित्वा सङ्गमीभूते हृषीकेशपदाम्बुजे ॥३०॥
रुरुकन्यातपःपूते रुरुक्षेत्रेऽतिसुन्दरे ।
तस्मिन् वाराणसीकल्पे पाणिन्यादिभिराश्रिते ॥३१॥
पीत्वा श्रीगण्डकीतोयं गोल्फुलेनामकन्दरे ।
स्थित्वा श्रीपरमानन्दोऽतपदुग्रतपास्तपः ॥३२॥

जहाँ उत्तरबाट गण्डकी र पश्चिमबाट ऋणी नदी आएर भगवान् हृषीकेशको चरणकमलमा मिल्छन् । रुरुकन्याको तपस्याले पवित्र भएको रुरुक्षेत्र तपःस्थल प्राचीनकालमा पाणिनि आदि मुनिले सेवन गर्नाले वाराणसीसमान मानिन्थ्यो । त्यहाँ गण्डकी नदीको जल पिएर गोल्फुले नामक गुफामा बसी महातपस्वी परमानन्द गुरुले तपस्या गर्नुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गण्डकीपुलिने पुण्ये हृषीकेशस्य धामनि ।
रुरुक्षेत्रे महातीर्थे श्रीहरेः पदचिह्नितेे ॥३३॥
अकरोत् परमानन्दः श्रीगायत्र्या मखोत्तमम् ।
पुरश्चरणमार्तानां रक्षायै धर्मकर्मणाम् ॥३४॥

गण्डकीको पवित्र तट भगवान् हरिको चरणकमलले चिह्नित रुरुक्षेत्र तीर्थ हृषीकेशधाममा दुःखीहरूको कल्याण र धर्मकर्मको रक्षाका लागि परमानन्द गुरुले गायत्री पुरश्चरण नामक अतिउत्तम यज्ञानुष्ठान सम्पन्न गर्नुभयो ।

यज्ञशेषाच्च गायत्री-विद्यापीठमकल्पयत् ।
तत्प्रसादादिदानीं च चलतः पठनार्चने ॥३५॥

त्यस यज्ञको शेषबाट गायत्री विद्यापीठको शुभारम्भ गर्नुभयो । त्यही प्रसादले गर्दा आजसम्म पनि गायत्रीको पूजापाठ र पठनपाठन चलिरहेको छ ।

ऋषिकेशगमनम्

अस्ति भागीरथीतीरे ऋषिकेशाख्यमुत्तमम् ।
तीर्थं शुभाश्रमैर्युक्तं बहुविद्यालयान्वितम् ॥३६॥

भागीरथी नदीको तटमा धेरै विद्यालय र आश्रमहरूले भरिभराउ भएको ऋषिकेश नामक उत्तम तीर्थ छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



शङ्कराचार्यनगरं स्वर्गाश्रममथापरम् ।
अन्नक्षेत्राणि विद्यन्ते परमार्थनिकेतनम् ॥३७॥

त्यहाँ शङ्कराचार्यनगर, स्वर्गाश्रम, परमार्थनिकेतन आदि अन्नक्षेत्र छन् ।

एष शिष्यः पठन्नासीत् परमार्थनिकेतने ।
शिष्योदन्तं च विज्ञातुमगमत् स दयापरः ॥३८॥

उल्लिखित विद्यालयमध्ये यस कविले परमार्थनिकेतनमा अध्ययन गर्दै थियो, त्यस समय दयालु गुरु शिष्यको हाल खबर बुझ्न त्यहाँ जानुभएको थियो ।

दत्त्वार्थं प्रेषितो येन पठनार्थं हि भारते ।
कृपापीयूषवर्षाभी रक्षितोऽहं भवार्णवात् ॥३९॥

जसले आवश्यक खर्च दिएर पढ्न जाऊ भनी भारतमा पठाउनुभयो त्यस्ता गुरुले कृपारूप अमृत वर्षागरी भवसागरबाट बचाउनुभयो ।

ज्ञायते नैश्वरी भाषा प्रार्थनायै व्यथादिषु ।
ज्ञात्वावस्थां कृपासिन्धुः प्रार्थयामास मत्कृते ॥४०॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मैले आफ्नो दुःख-पीडा भगवान्सँग निवेदन गर्न ईश्वरको भाषा नजान्ने हुँदा दयालु गुरुले मेरो दुःख भगवान्सँग निवेदन गरिदिनुहुन्थ्यो ।

सन्न्यासग्रहणम्

समाप्यैहिककर्तव्यं तपःशास्त्रानुचिन्तनम् ।
विज्ञाय ब्रह्मणस्तत्त्वं सन्न्यासायोपचक्रमे ॥४१॥

यसलोकमा गर्नुपर्ने तपस्या शास्त्रानुचिन्तन आदि सम्पूर्ण कर्तव्य पूरा गरेर ब्रह्मतत्त्वबोध गरी परमानन्द गुरुले सन्न्यास ग्रहण गर्ने विचार गर्नुभयो ।

चतुर्थाश्रममाधातुं गुर्वन्वेषणकर्मणि ।
बहुतीर्थेषु सम्प्राप्तो ब्रह्मचारिव्रते स्थितः ॥४२॥

चतुर्थाश्रम ग्रहण गर्न योग्य गुरुको खोजी गर्दै तपस्वी परमानन्द गुरु धेरै तीर्थ भ्रमण गर्नुभयो ।

हरिद्वारं ततो गत्वा सुयोग्ययतिभिः सह ।
सत्यप्रकाशानन्दैर्हि श्रीमहामण्डलेश्वरैः ॥४३॥
कृत्वा परिचयं पूर्वं गुरुशिष्यपरीक्षणैः ।
शालग्रामशिलायां वा स्वर्णं प्रथममागमैः ॥४४॥
उभयोर्योग्यता प्राप्ताऽग्रस्थानं गुरुशिष्ययोः ।
परस्परं हि वेत्तारौ नान्यो नाऽऽगमकोविदः ॥४५॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यसै क्रममा हरिद्वारमा गएर सुयोग्य महामण्डलेश्वर श्रीसत्यप्रकाशानन्दसँग परिचय गरी शालिग्रामशिलामा एक नम्बरी सुन कसी लगाएझैँ आगम शास्त्रद्वारा परस्पर गुरुशिष्य परीक्षण गर्दा गुरुशिष्य दुवैको योग्यताले प्रथम स्थान ओगट्यो । यो कुरा परस्पर गुरुशिष्यले मात्र बुझ्नुभयो । अरू अनेक आगम शास्त्रका ज्ञाताले पनि बुझ्न सकेनन् ।

सन्न्यासग्रहणं कृत्वा विधिवत् तूर्यमाश्रमम् ।
प्रवेष्टुं स्वाशयं व्यज्य देवघट्टमथागमत् ॥४६॥

विधिपूर्वक सन्न्यास ग्रहण गरी चर्तुर्थाश्रममा प्रवेश गर्ने इच्छा गुरु सत्यप्रकाशानन्दसँग व्यक्त गरी परमानन्द गुरु देवघाट आउनुभयो ।

विद्वद्भिस्तपसा पूतैराचार्यैरधिकारिभिः ।
गलेश्वराधीशपीठेऽभिषिक्तो ब्रह्मवित्तमः ॥४७॥

विद्वान्हरू, तपोनिष्ठ महात्माहरू र अधिकारप्राप्त आचार्यहरूद्वारा ब्रह्मज्ञानी परमानन्द गुरुलाई गलेश्वर पीठाधीश पदमा अभिषिक्त गरियो ।

भूत्वा गलेश्वराधीशो मन्दिराण्याश्रमाणि च ।
पुनर्नवीचकाराशु देवघट्टः प्रकाशितः ॥४८॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



परमानन्द गुरु गलेश्वर पीठाधीश भएपछि त्यहाँका मन्दिर, आश्रम, पाटी-पौवाहरू फटाफट मर्मत र निर्माण गरी नवीकरण गर्नुभएकाले देवघाट नै उज्यालो भयो ।

देवघाटमहातीर्थं समागत्य दयापरः ।
सत्यप्रकाशानन्दोऽदात् सन्न्यासं शास्त्रसम्मतम् ॥४९॥

स्वामी श्रीसत्यप्रकाशानन्द देवघाटमा आई परमानन्द गुरुलाई शास्त्रीय विधि अनुसार सन्यास प्रदान गर्नुभयो ।

तुर्याश्रमं प्रविश्यापि वेदधर्मावनाय हि ।
स्थापितं सर्वलोकानां कृते हरिहराश्रमम् ॥५०॥

सन्न्यास ग्रहण गरिसकेपछि पनि वैदिक धर्मको संरक्षण र सबै भक्तको उद्धारका लागि हरिहर आश्रम स्थापना गर्नुभयो ।

धर्माच्च्युतान् वीक्ष्य स्वदेशजातान्
जनानबोधादुपदेष्टुकामः ।
अपाययद् यज्ञमिषेण नित्यं
ज्ञानामृतं भागवतात्मतत्त्वम् ॥५१॥

नेपालीहरू अज्ञानवश धर्मबाट च्युत भएको देखेर तिनीहरूको कल्याण मार्गको उपदेश गर्नका लागि यज्ञको माध्यमले आत्मतत्त्वबोधक ज्ञानामृत भागवततत्त्व पान गराउनुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उद्धारयामास कृपावतारो
भवोदधेर्जन्मलयादिबन्धात् ।
मुमुक्षवो मोक्षपदं प्रपेदिरे
बुभुक्षवो भोगगतिं दयार्णवात् ॥५२॥

कृपाका अवतार परमानन्द गुरुले जन्ममृत्युरूप भवसागरको बन्धनबाट धेरैको उद्धार गर्नुभयो । मुमुक्षुहरूले मोक्षपद प्राप्त गरे भने दयासागरको कृपाबाट भोगेच्छुहरूले भोग प्राप्त गरे ।

अमानवं मानुषरूपमाश्रितं
मन्यामहेऽज्ञानवशाद्धि मानवम् ।
क्षमस्व बालाञ्छरणागतान् प्रभो !
मा भूत् पुनर्नस्त्वयि मानवी मतिः ॥५३॥

मानवको रूप लिएर पृथिवीमा आउनुभएका ईश्वरलाई हामीले चिन्न नसकेर साधारण पुरुष मान्यौं । हे प्रभो ! हामी हजुरका शरणमा छौं क्षमा गर्नुहोस् । अब हाम्रो बुद्धिले हजुरमा मानवीय भाव नराखोस् ।

*इति श्रीमत्परमानन्दचरितामृते षष्ठं सोपानम् ।*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# अथ सप्तमं सोपानम्

ज्ञात्वा तुरीयाश्रममाश्रितं गुरुं
श्रीसिद्धिनाथस्तपसेऽविशद् वनम् ।
श्रीरामकोटात् पुलहाश्रमं ह्युदक्
तपः प्रसिद्धं भरतादिसेवितम् ॥१॥

श्रीपरमानन्द गुरुले सन्न्यास ग्रहण गर्नुभयो भन्ने कुरा थाहा पाई श्रीसिद्धिनाथ गुरु रामकोटबाट उत्तर राजर्षि भरत आदिले तपस्या गरेको प्रसिद्ध तपस्थल पुलहाश्रम जानुभयो ।

अत्युच्चशृङ्गोपरिनिर्जनस्थले
समाश्रिता प्राकृतिकी गुहाऽऽश्मनी ।
विनान्नपानैस्तपसि स्थितो बुधः
पर्णाशनो योगपथो जितेन्द्रियः ॥२॥

अत्यन्त अग्लो निर्जन शिखर जहाँ प्राकृतिक पत्थरनिर्मित गुफा रहेको छ त्यहाँ पातमात्र खाएर अन्नादिविना इन्द्रिय जिती योगमार्गद्वारा तपस्या गर्न बस्नुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पुराप्तवान् पुलहो यत्र सिद्धिं
तत्राप्तवानधुना सिद्धिनाथः ।
निर्माय सिद्धाश्रममीशचेता-
स्तपस्तेपे भयहीनान्तरात्मा ॥३॥

प्राचीन कालमा जहाँ पुलह ऋषिले सिद्धि प्राप्त गर्नुभएको थियो त्यहाँ यस युगमा श्रीसिद्धिनाथ गुरुले सिद्धाश्रम निर्माण गरी ईश्वरमा चित्त एकाकार गरी निर्भयपूर्वक तपस्या गरी सिद्धि प्राप्त गर्नुभयो ।

दिवैव शार्दूलमृगेन्द्रपङ्क्तयः
क्रीडन्ति गर्जन्ति चरन्ति सस्पृहाः ।
तपस्यतो बहुकाले प्रयाते
शिष्या जग्मुस्तं परावर्त्य नेतुम् ॥४॥

जहाँ दिउसै बाघ र सिंहका समूह सिकारको इच्छाले खेल्दै गर्जना गर्दै हिँड्छन् त्यस्तो ठाउँमा सिद्धिनाथ गुरुले निर्भय तपस्या गर्नुभयो । तपस्या गर्दै जाँदा धेरै समय बितेपछि उहाँलाई फर्काएर लैजानका लागि शिष्यहरू गए ।

गुर्वाज्ञया वयमत्रागताः स्मो
विद्यालयं गुरुहीनं न कार्यम् ।
गन्तव्यं भो ! भवतेत्युक्तवद्भिः
शिष्यैः परावर्तितो रामकोटे ॥५॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हे गुरुज्यू ! परमानन्द गुरुका आज्ञाले हामी यहाँ हजुरलाई लिन आएका हौँ । विद्यालय गुरुविहीन गरिदिनु भएन । हजुर नगई भएन भनी शिष्यहरूले फर्काएर रामकोट लगे ।

पुनः प्रादाच्चिरकालं सुविद्यां
गतस्पृहः परमानन्दसङ्गात् ।
असंपृक्तः सुतकान्तागृहादौ ।
तत्त्वज्ञानी पाथसीवाब्जपत्रम् ॥६॥

सम्पूर्ण स्पृहा समाप्त भएका पानीमा कमलको पातझैँ पुत्र, पत्नी र घरगृहस्थीमा लिप्त नभएका तत्त्वज्ञानी सिद्धिनाथ गुरुले परमानन्द गुरुको सङ्गत पाएर पुनः धेरै समयसम्म सुविद्या प्रदान गर्नुभयो ।

समायातौ भिन्नरूपेण मह्यां
समोद्देश्यौ धर्मसंरक्षणाय ।
तत्त्वार्थज्ञौ तपसा विद्यया च
शास्त्रानुज्ञामर्थतः पालयन्तौ ॥७॥

धर्म रक्षा गर्ने समान उद्देश्य लिएका तपस्या र विद्याद्वारा वास्तविक ईश्वरीय तत्त्व बुझेका शास्त्रको आज्ञा पालन गर्ने दुई महापुरुष भिन्न रूप धारण गरेर पृथिवीमा आउनुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ततः श्रीपरमानन्दो लोककल्याणहेतवे ।
बहुस्थानेष्वाश्रमाणि मन्दिराणि विनिर्ममे ॥८॥

सन्न्यास ग्रहण पछि पनि परमानन्द गुरुले लोकको कल्याणको लागि धेरै स्थानमा मन्दिर र आश्रमहरू निर्माण गर्नुभयो ।

देवघाटमहातीर्थे दिव्ये हरिहरस्थले ।
निर्ममे परमानन्दो भव्यं हरिहराश्रमम् ॥९॥

दिव्य हरिहरक्षेत्र अन्तर्गत महातीर्थ देवघाटमा गुरुले भव्य हरिहर आश्रमको निर्माण गर्नुभयो ।

आत्मानन्दं समानीय भारताद् यतिनां वरः ।
गलेश्वरमठाधीशपदं तस्मायदात् प्रभुः ॥१०॥

आफू समर्थ भएर पनि यतिश्रेष्ठ गुरुले भारतबाट आत्मानन्द गिरिज्यूलाई ल्याएर उहाँलाई गलेश्वर आश्रमको पीठाधीश पद जिम्मा दिनुभयो ।

रामानन्दं च तत्क्षेत्रे समानीयादरादिभिः ।
प्रेरितो देशसेवायै ब्रह्मविद्याविवृद्धये ॥११॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



रामानन्द गिरिज्यूलाई आदरपूर्वक भारतबाट त्यस देवघाट क्षेत्रमा ल्याएर ब्रह्मविद्याको विस्तार गरी देशको सेवा गर्न प्रेरणा गर्नुभयो ।

महेशाश्रमनिर्माणमकरोत् स बुधाग्रणीः ।
तत्र संस्थापयामास महाविद्यालयं यतिः ॥१२॥

ती विद्वान् श्रीरामानन्द गिरिजीले महेशाश्रम निर्माण गरी महाविद्यालयको स्थापना गर्नुभयो ।

बुद्ध्या प्रतिभयोभौ तावद्य विद्यालयाश्रमे ।
सञ्चालयत आचार्यौ परमार्थानुचिन्तनैः ॥१३॥

ती दुवै आचार्य आत्मानन्द गिरि र रामनन्द गिरिले आफ्नो बुद्धि र प्रतिभाद्वारा परमार्थ चिन्तन गर्दै विद्यालय र आश्रम सञ्चालन गर्नुभएको छ ।

परदेशस्थितान् साधूनानीयोर्वी स्वजन्मदाम् ।
भूषयामास धर्मज्ञो ह्यलङ्कारैर्वधूमिव ॥१४॥

परदेशमा बसेका साधुहरूलाई आफ्नो देशमा ल्याएर परमान्द गुरुले जन्मभूमिलाई नवोढा वधूलाई वरले गहनाले सिँगारेझैं सिँगार्नुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बागलुङ्गरुपन्देहीगुल्मीचित्रवनादिषु
मन्दिराश्रमनिर्माणमकरोद् धर्मरक्षकः ॥१५॥

धर्मका रक्षक गुरुले बाग्लुङ्ग, रूपन्देही, गुल्मी, चितवन आदि धेरै ठाउँमा मन्दिर र आश्रमहरू निर्माण गर्नुभयो ।

ततः सन्तसमाजस्याध्यक्षत्वे यतिभिश्चितः ।
साधूनां समचित्तानां किमप्राप्यमसम्भवम् ॥१६॥

त्यसपछि देशका साधु सन्तहरूले उहाँलाई नेपाल सन्त समाजको अध्यक्ष पदमा चयन गरे । समव्यवहार भएका साधुलाई अप्राप्य र असम्भव के छ र ?

गोदबाख्यपुरस्कारैर्राष्ट्रात्सम्मानितोऽभवत् ।
धर्मसंवर्द्धनाज्जातो युगीनो धर्मनायकः ॥१७॥

परमानन्द गुरुलाई राष्ट्रले गोरखा दक्षिण बाहु नामक पुरस्कारबाट सम्मानित गऱ्यो । धर्म संरक्षण र संवर्द्धन कार्यमा उहाँ युगनायक बन्नुभयो ।

कदाचिद् गोल्फूलेप्रथितकुहरे प्रस्तरमये
तपन् श्रीगण्डक्या विमलजलपूते कटितटे ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



समाधौ शृङ्गादौ तपसि पवनाहारनिरतो
धियो मे सन्मार्गे नयतु विषयासक्तमनसः ॥१८॥

कुनै समयमा श्रीगण्डकीको पवित्र जलयुक्त कटितट रुरु कन्याको तपस्याद्वारा पवित्र पाषाणगृह (ओडार) गोल्फुलेमा तपस्या गर्दै गरेका र कहिले उच्च शिखरमा वायुमात्र पान गरी समाधिमा मग्न गुरुले विषयवासनामा मन अत्यन्त लिप्त भएको मेरो बुद्धि सन्मार्गमा लगिदिनुहोस् ।

जनेभ्यो मूर्खेभ्यः सरलवचसा तत्त्वमददात्
बहुज्ञेभ्यः शास्त्रैर्गहनवचसा तुष्टिमददात् ।
सदा द्वैताऽद्वैतैरमृतवचनाकृष्टहृदयै-
स्तदाप्तावाणी तैर्ननु न च विना मूर्ध्नि निहिता ॥१९॥

परमानन्द गुरुले अज्ञानीजनलाई सरल भाषामा ईश्वरसम्बन्धी वास्तविक तत्त्व बुझाउनुहुन्थ्यो । विद्वान्हरूलाई गहन वेदान्त शास्त्रद्वारा सन्तुष्टि दिनुहुन्थ्यो । उहाँका अमृत जस्ता वचनले मन आकृष्ट भएर द्वैतवादी, अद्वैतवादी सबैले शङ्का नगरी उहाँका वाणीलाई सहर्ष स्वीकार गरे ।

नैवाधीतं क्वापि विद्यालयादौ
    दृष्टं शास्त्रं कर्हिचिद् यत्नतो न ।
तपोयोगात् सर्वविद्याप्रदात्री
    तज्जिह्वायां शारदाऽऽसीत् प्रसन्ना ॥२०॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उहाँले कुनै विद्यालयमा अध्ययन गर्नुभएन, कहीँ विद्वान्सँग गएर प्रयत्नपूर्वक शास्त्र हेर्नुभएन । उहाँको अग्र तपस्याद्वारा प्रसन्न भएकी सम्पूर्ण विद्याकी अधिष्ठात्री सरस्वती देवी उहाँको जिभ्रामा बस्नुभयो ।

श्रुत्वा तद्वदनाम्बुजाच्छ्रुतिरसाः पीयूषपूर्णा गिरः
साश्चर्याः कतिचिद् गुरोः सुपठिताश्चासन् सदाध्यापिताः ।
इत्युक्तं भवभूतिनाप्तवचनं ह्यर्थोऽनुधावत्यथो
अर्थं वागनुवर्तते परतराचार्याननोत्थापिता ॥२१॥

उहाँका मुखारविन्दबाट श्रुतिका रसले भरिपूर्ण अमृतसमान वाणी जब निस्कन्थे, त्यस बेला कतिपय ठूलाठूला गुरुबाट सुपठित र सदा अध्यापनरत विद्वान्हरू पनि आश्चर्यचकित हुन्थे । त्यसैले भवभूतिले भन्नुभएको छ- आप्त पुरुषका वचनलाई अर्थले पछ्याउँछ भने अनाप्त आचार्यहरूका वचनले अर्थलाई अनुसरण गर्छ (पछ्याउँछ) ।

बहुयज्ञविधानेन कर्मलोपात् सुरक्षितान् ।
दिव्यशास्त्रसुधाधारावर्षाभिरमुचज्जनान् ॥२२॥

कर्मपथबाट च्युत भएका मानिसहरूलाई धेरै पटक यज्ञ गराएर कर्म लोप हुनबाट जोगाउनुभयो । अरू साधारण भक्तलाई दिव्य शास्त्रको अमृत पान गराएर संसार सागरबाट मोक्षमार्गमा लगाउनुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अस्योपदेशपीयूषाद् विरक्तिर्भवसागरात् ।
यस्य नोत्पद्यते ज्ञानं सजडो ह्यथवा पशुः ॥२३॥

उहाँका उपदेशरूपी अमृत पान गरेर पनि जसलाई भवसागरबाट वैराग्य र ज्ञान उत्पन्न हुन्न त्यो मनिस कि जड हो न भए पशु हो ।

भगवद्भक्तिलाभाय ब्रह्मज्ञानाय मुक्तये ।
वागस्ति पारमानन्दी मृतसञ्जीवनीसमा ॥२४॥

भगवान्को भक्ति प्राप्त गर्न र भवचक्रबाट मुक्ति दिने ब्रह्मज्ञान प्राप्त गर्न परमानन्द गुरुका वचन मृतसञ्जीवनीजस्ता छन् ।

शास्त्राणि यत्नलभ्यानि गुरवोऽर्थपरायणाः ।
निजसेवाप्रिया विज्ञा निःस्वार्थाः साधवः स्मृताः ॥२५॥

शास्त्रहरू प्रयत्नद्वारा प्राप्य छन् । आजका गुरुहरू अर्थपरायण छन् । विद्वान्हरू सेवामुखी भएका छन् तर सन्तहरू भने निःस्वार्थी हुन्छन् ।

सुलभा वस्त्रभूषाढ्यास्तिलकेन विभूषिताः ।
शास्त्रचर्चाप्रसङ्गेन स्वार्थसिद्धिपरायणाः ॥२६॥

राम्रा वस्त्र, आभूषण र तिलक लगाएर चट्ट पर्ने र शास्त्रचर्चा गरी स्वार्थसिद्धि गर्ने मानिस आज प्रशस्त्र पाइन्छन् ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



लभ्यन्ते शिष्यकामाश्च सम्प्रदायविलेशयाः ।
विरोधिभ्यश्चसन्त्रस्ता मार्जारादिव मूषकाः ॥२७॥

बिरालाका डरले मूसाजस्तै विरोधीका डरले सन्त्रस्त भएर सम्प्रदायको प्वालभित्र पसी मस्त निदाउने शिष्यहरू बनाउन चाहने धेरै पाइन्छन् ।

तपसा पूतहृदयाः सर्वभूतहिते रताः ।
मनोहारि हितं येषां वरीवर्ति स्म भाषितम् ॥२८॥

परमानन्द गुरु तपस्याद्वारा हृदय पवित्र भएका सम्पूर्ण प्राणीको हित हुने काममा लागेका र जसको मुखमा प्रिय र कल्याणकारी वचन सधैं रहिरहन्थ्यो ।

सर्वेषामविरोधेन सनातनपरायणाः ।
परमानन्दसदृशा दुर्लभाः साधुभूषणाः ॥२९॥

कसैको पनि विरोध नगरी सनातन वैदिक धर्मको संरक्षण र संवर्द्धनमा तल्लीन साधुशिरोमणि परमानन्द गुरुजस्ता मानिस यस संसारमा दुर्लभ छन् ।

सन्देहादात्मविद्यायां योऽन्वपृच्छद् विनीतधीः ।
सर्वशास्त्रार्थतत्त्वं स लब्ध्वा सन्तुष्टिमाप्तवान् ॥३०॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कसैले अध्यात्मविद्यासम्बन्धमा विनम्रतापूर्वक सोध्यो भने त्यो गुरुबाट सम्पूर्ण शास्त्रको यथार्थ तत्त्व प्राप्त गरी पूर्ण सन्तुष्ट हुन्थ्यो ।

आब्रह्मभुवनाद् धाता समाकृष्य दयागुणम् ।
निर्ममे करुणामूर्तिं भृगुपादार्द्रचेतसः ॥३१॥

सृष्टिकर्ता ब्रह्माजीले आफ्नो सम्पूर्ण सृष्टिबाट दयारूप गुण निकालेर भृगु ऋषिको पादप्रहारद्वारा आर्द्र हृदय भएका (अर्थात् भृगुका कोमल पाउ मेरो कठोर छातीमा बज्रँदा त्यो कोमल पाउ कति दुखे होला भनी उठेर पाउ मालिस गर्दै अस्रुधाराद्वारा आर्द्रहृदय भएका) भगवान् विष्णुको अवतारको लागि करुणामूर्ति निर्माण गर्नुभयो ।

तत्रैव निक्षिप्य दयां स्वकीयां
पारुष्यमङ्गीकृतवान् विधाता ।
न चेद् विनिर्माय कथं त्रिलोकं
शक्नोति हर्तुं स्वयमेव सर्वम् ॥३२॥

त्यही मूर्तिमा (परमानन्द गुरुको शरीरमा) आफूमा भएको दया गुणलाई समेत मिसाएर विधाताले कठोरता अँगाल्यो । त्यसो हुन्नथ्यो भने आफै यत्रो चराचर जगत् सृष्टि गरेर आफै सम्पूर्ण नाश गर्न कसरी सकिन्छ ?

*इति श्रीमत्परमानन्दचरितामृते सप्तमं सोपानम् ।*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# अथ अष्टमं सोपानम्

लब्ध्वा शरीरं किल पाञ्चभौतिकं
ग्रस्तो न रोगान्ननु को यतीश्वरः ।
नेतुं विधाता ह्यथवाच्छलेन
दूतान् प्रयुङ्क्ते बहुरोगरूपान् ॥१॥

यस संसारमा पाञ्चभौतिक शरीर प्राप्त गर्ने कुन महायोगीलाई रोगले ग्रस्त गरेन र ? अथवा विधाताले यस संसारबाट लैजानका लागि रोगरूपी आफ्ना दूतलाई प्रयोग गर्दछ ।

सुकोमलान्तःपुरि रोगकीटाः
शनैः शनैरैधिषतार्तिदायिनः ।
तथापि चिन्ता वपुषो न काचित्
त्याज्यस्य नित्यं क्षणभङ्गुरस्य ॥२॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तपस्याले गलित परमानन्द गुरुको शरीरमा रोगरूपी किराले बास गरे । ती रोग सुस्तसुस्त बढ्दै जान थाले । तर पनि उहाँलाई त्याज्य र क्षणभङ्गुर शरीरको कुनै चिन्ता थिएन ।

स्वेनैव कश्चिन्न कृतः प्रयास-
स्त्वचिन्तयन् शिष्यगणास्तदानीम् ।
तदार्तिनाशाय बहुत्र निन्यु-
श्चक्रुः प्रयत्नान् विविधान् विधेयान् ॥३॥

आफूले शरीरका लागि कुनै प्रयास गर्नुभएन तर शिष्यगणले उपचारका लागि धेरै ठाउँमा लगी अनेक उपाय गरे ।

समायाते परुषे कालचक्रे
कः शक्नुयात् तद्विपरीतं विधातुम् ।
विचिन्त्यैतद् हरिनामौषधं हि
निषेवितं भवरोगापहारि ॥४॥

कठोर कालको चक्र अनुसार जाने बेला भएपछि उसको विपरीत गर्न कसले सक्छ र ? यस्तो विचार गरी गुरुले भवसागरलाई नाश गर्ने भगवान् हरिनामको औषधि मात्र सेवन गर्नुभयो ।

ज्ञात्वान्तसमयं सम्यक् सर्वाश्रमनिरीक्षणम् ।
कृतं तीर्थादिगमनमेकान्ते ब्रह्मचिन्तनम् ॥५॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अब म यस संसारबाट जाने बेला भयो भन्ने कुरा बुझेर एकपटक सबै आश्रमको निरीक्षण भ्रमण गर्नुभयो । त्यसपछि मुख्यमुख्य तीर्थहरूको दर्शन भ्रमण गरी एकान्तमा ब्रह्मचिन्तन गर्न लाग्नुभयो ।

त्रिमूर्तिमेलने तत्र स्वप्रयाणाग्रकीर्तनम् ।
चक्रे कर्मविधानार्थमुपदेशमतः परम् ॥६॥

त्यसै अवसरमा तीनमूर्ति (परमानन्द गुरु, दुर्गानन्द गुरु, सिद्धिनाथ गुरु)को भेट हुँदा परमानन्द गुरुले भन्नुभयो- अब म जाने बेला आयो, तपाईंहरूका निर्देशनमा सम्पूर्ण काम यथावत् चल्दै जाऊन् । यसपछि शिष्यहरूलाई उपदेश दिनुभयो ।

अथाहं नश्वरं देहं त्यक्त्वा यास्यामि शाश्वतम् ।
प्रयातेऽपि स्वकार्याणि विधेयानि मयीश्वरे ॥७॥

अब म यो नाशवान् (एकदिन छोड्नै पर्ने) शरीर त्यागेर कहिल्यै नाश नहुने शाश्वत पदमा जान्छु । म ईश्वरमा लीन भएपछि पनि सबैले आ-आफ्ना कर्तव्य पूरा गर्दै जानू ।

श्रुतिस्मृतिपुराणादीनवलोक्यात्मचिन्तनैः ।
सञ्चालयन्त्वाश्रमाणि विद्यापीठानि साधवः ॥८॥

तपाईं साधुहरू श्रुति, स्मृति, पुराणहरूले निर्देश गरे अनुरूप अध्यात्मचिन्तन गर्दै आश्रम र विद्यापीठ सञ्चालन गर्नुहोला ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सत्कर्मनिरतैः कार्यं कर्तव्यं साधुसम्मतम् ।
दूरदृष्ट्या विधातव्याः परामर्शेन योजनाः ॥९॥

आफ्नो सदाचारमा रही साधुसम्मत कार्य गर्दै जानुहोला । योजना बनाउँदा सरसल्लाह गरी दीर्घकालीन दृष्टि राखी गर्नुहोला ।

परनिन्दात्मशंसा च पतनायोपकल्पते ।
मनीषी विजयाकाङ्क्षी तस्मात्ते परिवर्जयेत् ॥१०॥

परनिन्दा र आफ्नो प्रशंसा अवनतिका कारण हुन् । त्यसकारण बुद्धिमान् र विजय चाहनेले यी दुईलाई छोड्नू ।

जातस्य निश्चितो मृत्युः कर्मामुत्र प्रयास्यति ।
तस्मात् सत्कर्म कर्तव्यं कर्मभूमिरियं स्मृता ॥११॥

जन्मेकाको मृत्यु अवश्य हुन्छ । अहिले गरेका कर्मको फल अर्को जन्ममा जान्छ । यो पृथिवी कर्मभूमि हो त्यसैले यहाँ असल कर्म गर्नुपर्छ ।

योऽलसो भाग्यहीनोऽत्र प्रमादं कुरुतेऽल्पधीः ।
रोरुदिष्यति पश्चात्स ताडयित्वाऽऽत्महृत्तलम् ॥१२॥

जो अल्छी भाग्य नभएको मूर्खले यहाँ लापरवाही गर्दछ पछि त्यो आफ्नो छाती पिट्दै पश्चात्ताप गरी रोइरहनेछ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



स्वकर्मानुगतो जीवःस्वकर्मफलमश्नुते ।
नाभुक्त्वा तत्फलं जन्तुर्मुच्यते जन्मकोटिभिः ॥१३॥

आफ्नो कर्म अनुसार आएको जीवले आफ्नो कर्मको फल भोग्दछ । आफूले गरेको कर्मको फल नभोगी करोडौं जन्ममा पनि मुक्ति पाउँदैन ।

शिष्यानुपादिशच्चेत्थं श्रुतिस्मृत्यनुसारतः ।
सर्वे नात्रानुलिख्यन्ते शिष्यैः संरक्षिताः खलु ॥१४॥

परमानन्द गुरुले श्रुतिस्मृति अनुसार यसरी शिष्यहरूलाई धेरै उपदेश दिनुभयो । ती सबै उपदेश यहाँ लेख्न सकिएन । शिष्यहरूले विभिन्न उपायले संरक्षण गरेर राखेका छन् ।

अथ नायाति मे वाणी नय पाशुपतालयम् ।
मुख्यशिष्यमुवाचेत्थमसून् त्यक्ष्यामि सत्वरम् ॥१५॥

अब म बोल्न सक्तिनँ मलाई पशुपतिनाथ भगवान्को सन्निधिमा लैजाओ । अब तुरुन्तै प्राण त्याग गर्दछु भनेर प्रमुख शिष्यसँग भन्नुभयो । (त्यस समय उपचारको क्रममा उहाँलाई काठमाडौंमा लगिएको थियो ।)

ततः शिष्यगणास्तूर्णं निन्युः पाशुपतालयम् ।
वाग्मत्याः कूलमापद्य जलमाचम्य शाङ्करम् ॥१६॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ज्योतिर्लिङ्गं परं दृष्ट्वा "हरिं रामं शिवं" स्मरन् ।
आर्यघाटमहातीर्थे प्राणान्त्यक्त्वा शिवोऽभवत् ॥१७॥

त्यसपछि शिष्यहरूले तुरुन्तै पशुपतिनाथको पाउमा पुऱ्याए । वाग्मतीको किनारमा पुगेर भगवान् शङ्करको जलधाराबाट आएको जल आचमन गरेपछि अन्तिम समयमा झिलिक्क ज्योतिर्लिंगको दर्शन पाएर हरे राम ! शिवोम् ! उच्चारण गर्दै महान् तीर्थ आर्यघाटमा प्राण त्यागेर भगवान् शिवमा लीन हुनुभयो ।

त्रिपञ्चखकरे (२०५३)ऽब्दे च फाल्गुनस्याष्टमीतिथौ ।
अष्टादशे गते माघे भृगौ पूर्णत्वबोधके
निमील्य नयने लोकाद् ब्रह्मीभूतो यतीश्वरः ॥१८॥

यतीश्वर परमानन्द गुरुले २०५३ साल माघ १८ गते शुक्रबार फागुनको कृष्णअष्टमी तिथिमा यस संसारबाट आँखा चिम्लिएर ब्रह्मलीन हुनुभयो ।

प्रदाय सकलाः शक्तीर्ज्ञानानन्दाय धीमते ।
तथा विवेकानन्दाय ब्रह्मलीनोऽभवद् गुरुः ॥१९॥

आफूमा रहेको सम्पूर्ण शक्ति प्रमुख उत्तराधिकारी विद्वान् श्रीज्ञानानन्दलाई र केही श्रीविवेकानन्दलाई दिएर गुरु ब्रह्मलीन हुनुभयो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गण्डकीसङ्गमे तस्य समानीयैहिकं वपुः ।
समाधिं चक्रिरे शिष्याः शोकविह्वलचेतसः ॥२०॥

त्रिशूली र गण्डकी नदीको वेणी देवघाटमा गुरुको पार्थिव शरीर ल्याएर शोकविह्वल शिष्यहरूले समाधि गराए ।

भास्करे मण्डलाकारो मही शोकातुराऽभवत् ।
अरोरुद्यन्त शोकार्ता भक्ताः शिष्यगणा भृशम् ॥२१॥

जब परमानन्द गुरु ब्रह्मलीन हुनुभयो तब सूर्यमा मण्डलाकार भयो, पृथिवी शोकले विह्वल भइन् । शोकमग्न शिष्यगण एवं भक्तहरू अत्यन्त विलाप गर्न थाले ।

विरहाक्रान्तसंसारे सर्वे मलिनतां गताः ।
अचेतनां गतो हर्षस्तद्दिनान्नाप्तवांश्चितिम् ॥२२॥

उहाँको विरहले व्याकुल भएको संसारमा सबै मलीन भए । त्यस दिन शोकले बेहोस भएको हर्षको आजसम्म होस आएको छैन ।

भूदेवा विस्मृताम्नाया गावः क्षीरविवर्जिताः ।
धर्मो विह्वलतां प्राप्तो नोत्तिष्ठति शतैरपि ॥२३॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उहाँ यस लोकबाट गएपछि ब्राह्मणहरूले वेद बिर्से, गाईले पर्याप्त दूध दिन छोडे, बेहोस भएको धर्म सयौं उपायले पनि उठ्न सकेन ।

प्रकृती रुदतीवाद्य सेन्दुभास्करतारका ।
निर्बीजा पृथिवी चाद्य दृश्यते विधवासमा ॥२४॥

उहाँको गमनपछि चन्द्रमा, सूर्य, तारासहित पूरै प्रकृति रोइरहेको जस्तो मलिन छ । पृथिवी पनि आज विधवा जस्तै निर्बीज देखिन्छिन् ।

हृदि कस्य न कारुण्यं लोचने के न साश्रुके ।
विरहानलसन्तप्तं जगत्स्थावरजङ्गमम् ॥२५॥

उहाँ ब्रह्मलीन भएको देख्ने कसका आँखा रसाएनन् र ? (नेत्र बर्सिएनन् र ?) कसको हृदयमा करुण भावना आएन र ? सम्पूर्ण चराचर जगत् विरहवेदनाले सन्तप्त भयो ।

स्वाश्रमाचारतोऽकुर्वन् शिष्याः संस्कारमुत्तमम् ।
समाधौ स्थापिता मूर्तिर्वदतीवावलोक्यते ॥२६॥

शिष्यगणले आफ्नो आश्रमको आचार एवं परम्परा अनुसार पार्थिव शरीरलाई उत्तम संस्कार गरी समाधिस्थ गरे । सो समाधिस्थलमा राखिएको गुरुज्यूको मूर्ति बोल्छ कि जस्तो देखिन्छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ततः शिष्यद्वयेनाङ्गीकृतः सन्न्यास आश्रमः ।
सद्गुरोर्यतिमूर्धन्याद् गृहीतो गुरुणा यतः ॥२७॥

त्यसपछि गुरुका शिष्यद्वय ज्ञानानन्द र विवेकानन्दले जुन श्रेष्ठ यतिबाट परमानन्द गुरुले सन्न्यास दीक्षा लिनुभएको थियो, उहाँबाट अर्थात् स्वामी सत्यप्रकाशानन्दबाट नै सन्न्यास दीक्षा लिनुभयो ।

मुख्योत्तराधिकारित्वे ज्ञानानन्दं सुशिष्यकम् ।
योजयामास तत्त्वज्ञः सविध्याश्रमरक्षकः ॥२८॥

त्यसपछि हरिहर आश्रमका संरक्षक श्रीसत्यप्रकाशानन्द महाराजले परमानन्द गुरुको मुख्य उत्तराधिकारीको गद्दीमा ज्ञानानन्द स्वामीज्यूलाई सविधि अभिषेक गर्नुभयो ।

भूत्वोत्तराधिकारी स स्वाचाराणां सुरक्षणे ।
गुर्वाश्रमसमुन्नत्यै व्यक्तवान् प्रतिबद्धताम् ॥२९॥

ज्ञानानन्द सरस्वती परमानन्द गुरुको मुख्य उत्तराधिकारी भइसकेपछि आफ्नो आश्रमीय आचार परम्पराको संरक्षण र गुरुद्वारा स्थापित आश्रम र विद्यालय आदिको समुन्नतिमा लागिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

महायज्ञाद्यनुष्ठानैर्मुख्यं हरिहराश्रमम्
विद्यालयादिनिर्माणैर्विशालमधुना कृतम् ॥३०॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उहाँले सबै आश्रमको केन्द्र हरिहर आश्रममा महायज्ञ आदि अनुष्ठान सञ्चालन गरी विद्यालय अतिथिनिवास, सत्सङ्गालयादि निर्माण गरेर आश्रमलाई अहिले विशाल बनाउनुभएको छ ।

अनुशिष्टाः सुशीलाश्च पठन्ति वटवोऽधुना ।
श्रुतिस्वरः सुराकर्षी को न मुह्यति मानवः ॥३१॥

अहिले त्यहाँ अनुशासित र सुशील छात्रहरूले अध्ययन गरिरहेका छन् । देवताहरूलाई समेत आकर्षण गर्ने विद्यार्थीहरूको वेदध्वनि सुनेर त्यहाँ गएको कुन मानिस आकर्षित हुन्न र ?

विद्वांसोऽध्यापकास्तत्र साधवो बहुविश्रुताः ।
दातारो भूषणायन्ते तदाश्रमशुभार्थिनः ॥३२॥

त्यहाँ अध्यापकहरू कुशल विद्वान् छन् । त्यहाँका साधु धेरै जानेसुनेका र अध्यात्मविद्यामा पारङ्गत छन् । त्यस आश्रमको भलो चाहने दानीहरू आश्रमको गहना भएर रहेका छन् ।

वेदान्तशास्त्रमाश्रित्य नित्यानित्यविवेचनैः ।
गीताभागवताऽऽस्वादैः सत्सङ्गोऽस्ति निरन्तरम् ॥३३॥

यस हरिहर आश्रममा निरन्तर वेदान्तशास्त्र अनुसार ईश्वर र संसारको विवेचना गरिन्छ । गीता तथा भागवत आदि ग्रन्थको रसास्वाद गराउँदै सत्सङ्ग चलिरहन्छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



विद्वांसो यतयश्चान्ये सत्सङ्गार्थं समागताः ।
अध्यात्मामृतमापीय यापयन्ति दिवानिशम् ॥३४॥

त्यहाँ सत्सङ्गका लागि आएका विद्वान् र सन्तहरूले अध्यात्मचर्चारूपी अमृत पिएर दिन रात व्यतीत गर्दछन् ।

नित्यानित्यविवेकेन भगवत्परिचर्यया ।
जीवनं सफलीभूतं मन्यते नामकीर्तनैः ॥३५॥

वेदान्तशास्त्र अनुसार अविनाशी ईश्वर र नाशवान् संसारको भिन्नताको विवेचना तथा भगवान्को पूजा आराधना र भगवन्नाम सङ्कीर्तनले मानवजीवन सफल भएको मानिन्छ ।

ज्ञानानन्दयतेर्दिव्ये नेतृत्वेऽस्ति महोन्नतिः ।
विद्यालयाश्रमाणाञ्च ब्रह्मतत्त्वविदोऽधुना ॥३६॥

ब्रह्मविद्यामा पारङ्गत श्रीज्ञानानन्द स्वामीजीको नेतृत्वमा विद्यालय र आश्रमको महान् उन्नति भएको छ ।

स्वगुरोश्चरणाब्जनिःसृतां
भवरोगार्तिहरां यतिसृतिम् ।
अनुसृत्य भवार्तिपीडितान् ।
भवसिन्धोर्नयतीव नाविकः ॥३७॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आफ्ना गुरुका चरणकमलबाट प्रवाहित, भवचक्रको पीडा (जन्म मृत्यु आदि) नाश गर्ने सन्न्यासपरम्परालाई अनुसरण गर्दै सांसारिक पीडाबाट आतुर जनलाई माझीले वारिबाट पारि तारेझैं ज्ञानानन्द स्वामीज्यूले यस भवसागरबाट पारि लैजानुहुन्छ ।

चरणाब्जसुधानिषेवणात्
सुधियः पारमगुर्भवार्णवात् ।
तदहं भवरौरवाप्लुतः
परमानन्दपदं भजेऽनिशम् ॥३८॥

परमानन्द गुरुका चरणकमलको सेवा गरेर बुद्धिमान् पुरुष यस भवसागरबाट पार तरे । त्यसैले भवसागरमा चुर्लुम्म डुबेको म अब यस दुःखसागरबाट पार जान निरन्तर परमानन्द गुरुका चरणकमलको भजन गर्दछु ।

गुरुपादसरोजधूलिका-
मवलम्ब्याल्पधियेदृशं कृतम् ।
सततं प्रणतिर्विवर्धतां
परमानन्दपदेऽर्पयाम्यदः ॥३९॥

अत्यन्त अल्पबुद्धि भएको मैले परमानन्द गुरुका चरणकमलको धुलो समाएर यस्तो काव्य रचना गरें । सदा गुरुचरणमा मेरो प्रणाम बढिरहोस् । परमानन्द गुरुका रचणमा यो काव्य समर्पण गर्दछु ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



चरणाब्जमुपेत्य बाल्यतो
विहितं यद् भवतोऽनुकम्पया ।
सकलं पदपङ्कजेऽर्पये
परमानन्दगुरो ! ममेश्वर ! ॥४०॥

हे मेरा परमेश्वर ! परमानन्द गुरु ! मैले बाल्यावस्थादेखि नै हजुरका चरणकमलको सान्निध्य पाएर हजुरको कृपाले जेजति गरेँ त्यो सम्पूर्ण हजुरका चरणमा समर्पण गर्दछु ।

सेवन्तां परमहंसचरित्रं
पूतं जन्मलयादितापहारि ।
गाहन्तां विषयदवाग्निदग्धाः
गम्भीरे चरितशीतसागरेऽस्मिन् ॥४१॥

ए संसारका विषयरूपी दावानलले डढेका मानव हो ! यस्ता परमहंसका अति पवित्र चरित्रको सेवन गर । गहिरो यो चरित्ररूपी शीतल सागरमा डुबुल्की लगाओ । यसले तिम्रो जन्ममृत्युको पीडालाई हरण गर्नेछ ।

भवजलधिनिषण्णः पीतमायाविषाब्धि-
र्विषयदवविदग्धः श्वेव शुष्कास्थिचर्वी ।
इह परवृजिनान्धो गाढतृष्णार्तचेताः
पतति गुरुपदाब्जे मुक्तिकामो भवाब्धेः ॥४२॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भवसागरमा चुर्लुम्म डुबेर मायारूपी विषयको सागर पिएको, विषयरूपी दावानलले डढेको, सुकेको हाड चपाइरहेको कुकुरझैं, यसलोक र परलोकको पापले अन्धो भएको, विशाल तृष्णाले गर्दा चित्त व्याकुल भएको यो कवि भवसागरबाट मुक्ति पाउनका लागि गुरुका चरणमा प्रणाम गर्दछ ।

किञ्चित् कृतं नु शिशुनात्र बुधा वदन्तु
रक्षन्त्विदं मम गुरोश्चरितं सतीर्थ्याः ।
नित्यं शुभाशिषमथो यतयोऽर्पयन्तु
श्रीमद्गुरोश्चरितकीर्तिलताः स्फुटन्तु ॥४३॥

यो काव्य पढेर विद्वान्हरूले भनून्- सानो बच्चाले पनि केही गरेछ । उहाँका शिष्य मेरा साथीहरूले यो मेरा गुरुको चरित्र हो भनेर सुरक्षा गरून् । सन्न्यासी साधुहरूले सधैं आशीर्वाद दिइराखून् । श्रीपरमानन्द गुरुका कीर्तिका लहरा फुलून्, फैलिऊन् ।

रुरुक्षेत्रे महातीर्थे हृषीकेशाङ्घ्रिसन्निधौ ।
सम्पाठयन् साङ्गवेदं गायत्रीमन्दिरे वटून् ॥४४॥
श्रीगण्डक्याः पुलिननिकटे देवदत्तात्मजाया
नाम्नाऽऽख्याते सकलजननीदेवभाषाऽवनार्थे ।
विद्यापीठे रुरुपदयुतेऽध्यापकत्वे नियुक्तो
भावारूढः स्वगुरुचरितैर्लेखनीन्यस्तहस्तः ॥४५॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नव्यव्याकरणाचार्यो नवराजाऽभिधः कविः ।
निरमात् परमानन्दचरितामृतमुत्तमम् ॥४६॥

महान् तीर्थ रुरुक्षेत्रमा भगवान् हृषीकेशको चरणकमलको सान्निध्यमा रही गायत्री मन्दिरमा विद्यार्थी वटुहरूलाई षडङ्गसहित वेद पढाउँदै एवं श्रीकृष्णगण्डकीको किनारमा प्रसिद्ध रुरुक्षेत्र तीर्थमा संस्कृत भाषा र पूर्वीय वाङ्मयको संरक्षण गर्ने प्रयोजन भएको रुरु संस्कृत विद्यापीठमा अध्यापक पदमा नियुक्त, आफ्ना गुरुका चरित्रद्वारा भावुक भएर हातमा कलम लिएको, नव्यव्याकरणाचार्य नवराज नामक कविले अति उत्तम परमानन्द चरितामृतम् नामक ग्रन्थको रचना गऱ्यो ।

नौम्युमापतिपदं सुकोमलं
नौरिवार्तभवसिन्धुतारणे ।
तं शरण्यमवितारमालय-
माश्रयेऽर्धरमणीशविग्रहम् ॥४७॥

दुःखले भरिएको भवसागर तर्न डुँगाजस्ता भएका भगवान् शङ्करका सुकोमल चरणमा प्रणाम गर्दछु । जो संरक्षक र शरणमा जान योग्य हुनुहुन्छ । त्यस्ता अर्धनारीश्वर भगवान्को म आश्रय लिन्छु ।

*इति श्रीमत्परमानन्दचरितामृते अष्टमो विश्रामः ।*

इतिश्रीचातककविविरचितं श्रीमत्परमानन्दचरितामृतं सम्पूर्णम् ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**यस काव्यमा उल्लेख गरिएका केही स्थानीय शब्दहरू-**

| | | |
|---|---|---|
| १. | बिहूँ | – बाग्लुङ जिल्लामा अवस्थित परमानन्द गुरुज्यूको जन्मगाउँ |
| २. | मुसुङ | – म्याग्दी जिल्लामा स्थित एउटा लेक |
| ३. | भुलेनी | – बाग्लुङ जिल्लाको एक पहाड |
| ४. | तिञ्चूले | – बाग्लुङ जिल्लाको एक पहाड |
| ५. | शोलीघोप्टे | – म्याग्दी जिल्लाको एक पहाड |
| ६. | हिले | – गुल्मी जिल्लाको एक पहाड |
| ७. | थाप्ले | – बाग्लुङ जिल्लाको एक पहाड |
| ८. | दिब्रुङ | – गुल्मी जिल्लाको एक पहाड |
| ९. | शालिमे | – गुल्मी जिल्लाको एक पहाड |
| १०. | घुम्टे | – बाग्लुङ जिल्लाको एक पहाड |
| ११. | बरञ्जा | – म्याग्दी जिल्लाको एक गाउँ |
| १२. | शिवधुरी | – बाग्लुङ जिल्लाको एक पहाड |
| १३. | रामकोट | – बाग्लुङ जिल्लाको बिहूँ गाविसमा पर्ने रमणीय ठाउँ |
| १४. | रुपाकोट | – गुल्मी जिल्लाको अत्यन्त राम्रो एक गाउँ |
| १५. | रेसुङ्गा | – गुल्मी जिल्लाको प्रसिद्ध पौराणिक पर्वत |
| १६. | बाणगङ्गा | – अर्घाखाँचीबाट कपिलवस्तु हुँदै बग्ने प्रसिद्ध पौराणिक नदी |
| १७. | नर्तनाचल | – अर्घाखाँची जिल्लामा पर्ने पौराणिक पर्वत, नरपानी |
| १८. | पाणिनितपस्थली | – अर्घाखाँची जिल्लाको पणेना लेक |
| १९. | सुपा | – सुपा देउराली, अर्घाखाँचीको प्रसिद्ध देवीमन्दिर |
| २०. | सुवर्णखाल | – अर्घाखाँची जिल्लाको एक गाविस, पं. सिद्धिनाथ गुरुको जन्मस्थान |
| २१. | रुद्रवेणी | – रुद्रावती र गण्डकीको सङ्गम, गुल्मी जिल्लामा पर्ने एक तीर्थ |



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२२. रुरुक्षेत्र रिडी – नेपालको प्रसिद्ध तीर्थस्थल गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको सङ्गम

२३. ऋषिकेश – भारतस्थित भागीरथी नदीको किनारामा हरिद्वारभन्दा उत्तरमा रहेको तीर्थस्थल

२४. हरिद्वार – भारतको प्रसिद्ध तीर्थ

२५. देवघाट – गण्डकी र त्रिशूलीको सङ्गममा रहेको नेपालको प्रसिद्ध तीर्थ

२६. पुलहाश्रम – म्याग्दी जिल्लास्थित पौराणिक पहाड

२७. गोल्फूले – गुल्मी जिल्लाको रिडी बजारनिकट रहेको देवदत्त ऋषिको तपस्थल गुफा

२८. वाग्मती – प्रसिद्ध नदी

२९. आर्यघाट – वाग्मतीतटमा स्थित घाट

३०. खस्रु – नेपाली भाषामा खस्रु वा खर्सु नामले चिनिने वृक्षविशेष



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# पुस्तक प्रकाशनार्थ सहयोग दाताको नामावली

| | नाम | ठेगाना | सहयोग रु. |
|---|---|---|---|
| १. | श्री १००८ स्वामी ज्ञानानन्द सरस्वती | हरिहर सन्न्यास आश्रम देवघाट | १००००।- |
| २. | श्री १००८ स्वामी विवेकानन्द सरस्वती | परमानन्द आश्रम नयाँमिल | ५००५।- |
| ३. | श्री क्षेमानन्द सरस्वती | रामाश्रम रुद्रवेणीधाम, गुल्मी | ५००५।- |
| ४. | श्री पशुपतिप्रसाद अमात्य | रिडी बजार, गुल्मी | ५०००।- |
| ५. | श्री खिमकला पाण्डेय | रुरु ४, रिडी, गुल्मी | ५०००।- |
| ६. | श्री मानबहादुर सन्जेल | ललितपुर १४ | ५०००।- |
| ७. | श्री किशोर श्रेष्ठ | रिडी बजार, गुल्मी | ३०००।- |
| ८. | श्री खिमकला नेपाल | आनन्दवन ४, रुपन्देही | २५०५।- |
| ९. | श्री ब्रह्मचर्याश्रम गायत्री विद्यापीठ | रुरुक्षेत्र, रिडी, पाल्पा | २१०५।- |
| १०. | श्री प्रेम न्यौपाने | रुरु ४, रिडी, गुल्मी | २०००।- |
| ११. | डा. बलराम अधिकारी | विवेकनिकेतन, रुद्रवेणी | ११११।- |
| १२. | श्री ऋषिराम खरेल | आनन्दवन ४, रुपन्देही | ११११।- |
| १३. | श्री पारिश्वर ढकाल | अश्लेवा ६, रुद्रवेणी | ११०५।- |
| १४. | श्री शशि दर्लामी (साइँल्दाइ) | अश्लेवा ६, गुल्मी | ११००।- |
| १५. | श्री नरहरि खरेल | नयाँमिल, रुपन्देही | १०५०।- |
| १६. | सच्चिदानन्द सरस्वती | रुद्रवेणी, कल्पवास | १०२०।- |
| १७. | श्री राधा पाण्डेय | रुरु ५, रिडी, गुल्मी | १०११।- |
| १८. | श्री जीवन कसजू | रिडी बजार, गुल्मी | १००५।- |
| १९. | सुश्री सीता पाण्डेय | रामाश्रम, रुद्रवेणीधाम | १००५।- |
| २०. | श्री जगदीश्वरानन्द सरस्वती | रामाश्रम, रुद्रवेणीधाम | १००५।- |
| २१. | श्री शिवकला भुसाल रामाश्रम, | रुद्रवेणीधाम | १००५।- |
| २२. | श्री नामदेव पाण्डेय अश्लेवा ६, | रुद्रवेणी बजार, गुल्मी | १००१।- |
| २३. | श्री परशुराम भट्टराई | अर्गली १, पाल्पा | १०००।- |
| २४. | श्री रामजीप्रसाद खनाल | अर्गली ९, रिडी, पाल्पा | ५५५।- |
| २५. | श्री अनन्तराज बेल्बासे | महेन्द्रकोट ४, कपिलवस्तु | ५५५।- |



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

| | | | |
|---|---|---|---|
| २६. | श्री पार्वती अर्याल | रुद्रवेणी कल्पवास | ५२५।- |
| २७. | श्री तारा पाण्डेय | रुद्रवेणी कल्पवास | ५२०।- |
| २८. | श्री नित्यानन्द सरस्वती | रामाश्रम, रुद्रवेणीधाम | ५११।- |
| २९. | श्री शान्ति अर्याल | रुपाकोट ४, दुर्गामन्दिर | ५११।- |
| ३०. | श्री हुमकान्त पाण्डेय | अश्लेवा ४, गुल्मी | ५११।- |
| ३१. | श्री ईश्वरा पोखरेल | रामाश्रम, रुद्रवेणीधाम | ५१०।- |
| ३२. | विद्यार्थी कल्याण कोष गायत्री विद्यापीठ | रिडी, गुल्मी | ५१०।- |
| ३३. | श्री भरत भट्टराई | सहा. प्रा. रुरु संस्कृत विद्यापीठ, रिडी गुल्मी | ५१०।- |
| ३४. | श्री वासुदेव पाण्डेय | अश्लेवा ७, हाल रुद्रवेणी | ५०५।- |
| ३५. | श्री भागीरथा भण्डारी | रुद्रवेणी कल्पवास | ५०५।- |
| ३६. | श्री यमकला भण्डारी | रुद्रवेणी | ५०५।- |
| ३७. | श्री गोमता पन्थ | रुद्रवेणी | ५०५।- |
| ३८. | श्री गङ्गा पाण्डेय | अश्लेवा २, गुल्मी | ५०५।- |
| ३९. | पु. श्री केशव भट्टराई | अर्गली १, पाल्पा | ५०५।- |
| ४०. | श्री जमुना पाण्डेय | रुद्रवेणी कल्पवास | ५०५।- |
| ४१. | श्री गौरी खरेल | रुद्रवेणी कल्पवास | ५०५।- |
| ४२. | श्री हुमकला भण्डारी | रुद्रवेणी कल्पवास | ५०५।- |
| ४३. | श्री टीका भण्डारी | रुद्रवेणी कल्पवास | ५०५।- |
| ४४. | श्री रूपा खराल | रुद्रवेणी कल्पवास | ५०५।- |
| ४५. | श्री कुन्ता खराल | रुद्रवेणी कल्पवास | ५०५।- |
| ४६. | श्री धनीकला पाण्डेय | रुद्रवेणी कल्पवास | ५०५।- |
| ४७. | श्री टिकीसरा न्यौपाने | रुद्रवेणी कल्पवास | ५०५।- |
| ४८. | श्री द्रुपदा खरेल | रामाश्रम, रुद्रवेणीधाम | ५०५।- |
| ४९. | श्री मनीषानन्द सरस्वती | रामाश्रम, रुद्रवेणीधाम | ५०५।- |
| ५०. | श्री जयकला भण्डारी | रामाश्रम, रुद्रवेणीधाम | ५०५।- |
| ५१. | श्री भूमानन्द सरस्वती | रामाश्रम, रुद्रवेणीधाम | ५०५।- |
| ५२. | श्री लीला खराल | रामाश्रम, रुद्रवेणीधाम | ५०५।- |
| ५३. | श्री शोभावती राजघर | आनन्दवन ४, मणिग्राम, रुपन्देही | ५०५।- |
| ५४. | श्रीमती तुलसा खरेल | वुटवल ६, आदर्शनगर | ५०५।- |



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

| | | | |
|---|---|---|---|
| ५५. | श्री ऋषिराम खरेल | बुटवल ६, आदर्शनगर | ५०५।- |
| ५६. | श्रीमती सीता खरेल | बुटवल ६, आदर्शनगर | ५०५।- |
| ५७. | श्री सुरज खरेल | बुटवल ६, आदर्शनगर | ५०५।- |
| ५८. | श्रीमती पुष्पाञ्जली चापागाईं (खरेल) | बुटवल ६, आदर्शनगर | ५०५।- |
| ५९. | श्री सिद्धिजीवन भुसाल | धरमपानी, अर्घाखाँची | ५०५।- |
| ६०. | श्री समीक्षा भुसाल (खरेल) | धरमपानी, अर्घाखाँची | ५०५।- |
| ६१. | श्री विनोद चापागाईं | कावासोती, नवलपरासी | ५०५।- |
| ६२. | श्री ईश्वरी बस्याल | कावासोती, नवलपरासी | ५०५।- |
| ६३. | श्री गोविन्दप्रसाद ढकाल | सुनवल ३, नवलपरासी | ५०५।- |
| ६४. | श्री कुश ढकाल | नाराणघाट, चितवन | ५०५।- |
| ६५. | श्रीमती शिक्षा ढकाल (खरेल) | नारायणघाट, चितवन | ५०५।- |
| ६६. | श्री आत्मचैतन्य (पुजेरी वावा) | रामाश्रम, रुद्रवेणीधाम | ५००।- |
| ६७. | श्री चन्द्रमणि पौडेल | दुर्गा सं.वे. विद्यापीठ, दुर्गानगर, रुपन्देही | ५००।- |
| ६८. | श्री नेत्रप्रसाद अर्याल | कोटिहवा | ५००।- |
| ६९. | श्री इन्द्रमणि पौडेल | धातिवाङ ८, अर्घाखाँची | ५००।- |
| ७०. | श्री राधा भण्डारी | रामाश्रम रुद्रवेणीधाम | ३०५।- |
| ७१. | श्री विवेकानन्द सरस्वती | रामाश्रम, रुद्रवेणी धाम | ३००।- |
| ७२. | श्री यादतकुमारी भण्डारी | साघाट, गुल्मी | १०५।- |



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

| | | |
|---|---|---|
| नाम | : | नवराज पाण्डेय |
| साहित्यिक नाम | : | चातक |
| जन्म | : | २०२१, सुवर्णखाल - १, अर्घाखाँची |
| पिता | : | सिद्धिनाथ पाण्डेय |
| माता | : | जानकी पाण्डेय |
| शिक्षा | : | नव्यव्याकरणाचार्य, एम्. ए. (नेपाली), बी. एड्. विशारद |
| प्रकाशित कृति | : | नित्यकर्मपद्धति (२०५८)<br>वेदस्तुति (नेपाली व्याख्या)<br>परमानन्दचरितामृतम् (२०६८) |
| पुरस्कार | : | शिक्षा पुरस्कार २०६४ |
| सम्प्रति | : | सहप्रा. नेपाल संस्कृत विश्वविद्यालय<br>प्राचार्य रुरु संस्कृत विद्यापीठ, रिडी, गुल्मी |
| स्थायी बसोबास | : | बुटवल - ११, रुपन्देही |
| सम्पर्क | : | ९८४७११५७१९<br>०७८-६९१२९३ |


प्रकाशक

**हरिहर सन्न्यास आश्रम**

देवघाटधाम, तनहूँ

ISBN 978-9937-2-4089-5

9 789937 240895


VIVID CREATION#9851136686

Jayatu Sanskritam, Kathmandu, Nepal